नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शनिबार, असार १७, २०७४ | Saturday, July 1, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्व: ८ | वर्ष २३, अंक १७२ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { सुदूर पश्चिममा एमाले र कांग्रेसबीच टक्कर
३ { निशा र शरद कसिए लगनगाँठोमा
५ { कार्यक्रम घोषणा कार्यान्वयन शून्य
१० { दाङका व्यापारी मृत भेटिए

## सबै चुनाव एकैपटक गर्न नसकिने आयोगको जनाउ

# चुनावै चुनाव

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रदेश र संघको निर्वाचन एकै चरणमा नभई फरक-फरक समयमा गर्नुपर्ने धारणा राखेको छ।

सत्तारूढ दलका नेता र कतिपय मन्त्रीहरूले समेत प्रदेश र संघको निर्वाचन एकै चरणमा हुनुपर्ने धारणा सार्वजनिक गरिरहेका बेला आयोगले शुक्रबार प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर सो धारणा राखेको हो।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवसहित चार जना आयुक्त र प्रधानमन्त्री देउवाबीच भएको भेटमा आयोगले सो धारणा राखेको हो। भेटमा आयोगले प्रदेश, राष्ट्रिय सभा र संघको निर्वाचनबीच एक/एक महिनाको फरक गर्दा उपयुक्त हुने सुझाव दिएको बुझिएको छ।

आयोगले २०७४ माघ ७ गतेभित्र तीन तहको निर्वाचन गर्नका लागि प्रदेश सभाको निर्वाचन असोज मसान्तभित्र गर्नुपर्ने सुझाव दिएको प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी दिनुभयो। त्यसै गरी आयोगले कात्तिक दोस्रो हप्तामा राष्ट्रिय सभाको निर्वाचन र आउँदो मंसिरको पहिलो हप्तामा प्रतिनिधि सभाको निर्वाचन गर्न उपयुक्त हुने प्रधानमन्त्री देउवालाई सुझाव दिएको छ।

आयोगले प्रदेश र संघको निर्वाचनका लागि आवश्यक ऐन, कानुन र निर्वाचन क्षेत्र निर्धारणका बारेमा प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएको थियो। यसअघि प्रधानमन्त्री देउवाले संविधानअनुसार आउँदो माघ ७ गतेभित्र ३ तहको निर्वाचन गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको बताउनुभएपछि प्रत्युत्तरमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले आयोगको धारणाका बारेमा जानकारी गराउनुभएको थियो।



प्रधानमन्त्री र आयोगका पदाधिकारीबीच शुक्रबारको भेटघाट। तस्वीर सौजन्य : प्रधानमन्त्रीको सचिवालय

### अबको प्रस्तावित कार्यतालिका

१. असोज २ गते प्रदेश २ को चुनाव।
२. प्रदेश सभाको चुनाव असोज मसान्तभित्र।
३. कात्तिक दोस्रो सातामा राष्ट्रिय सभाको चुनाव।
४. मंसिरको पहिलो सातामा प्रतिनिधि सभाको चुनाव।
५. चुनावको मिति घोषणा गर्नुअघि आउँदो साउन १५ गतेसम्ममा निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन आवश्यक हुने।
६. कानुनहरु असार मसान्तसम्ममा बनिसक्नुपर्ने।

संविधानअनुसार निर्वाचन क्षेत्र निर्धारण गर्न निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्नुपर्ने कानुनी व्यवस्था छ। 'प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचनको कार्यक्रम शुरु गर्नुअघि निर्वाचन क्षेत्र निर्धारण भएको हुनुपर्ने र प्रदेश सभा सदस्य निर्वाचन ऐन तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन पारित भएर आउनु अत्यावश्यक भएको बारे ध्यानाकर्षण गरायौं।' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

निर्वाचनको मिति घोषणा गर्नुअघि आउँदो साउन १५ गतेसम्ममा निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन आवश्यक हुने र कानुनहरू असार मसान्तसम्म आइसक्नुपर्ने जानकारी प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएको डा. यादवले जानकारी गराउनुभएको थियो।

समयावधि कम भएको हुँदा मतदाता नामावलीसम्बन्धी ऐनमा समेत केही परिमार्जनको आवश्यकता रहेको प्रधानमन्त्रीलाई अवगत गराइएको यादवले जानकारी गराउनुभयो। असोज २ गते गर्ने तय भएको प्रदेश नम्बर २ को स्थानीय तह निर्वाचनको तयारीका बारेमा पनि आयोगले प्रधानमन्त्री देउवालाई जानकारी गराएको थियो।

## गणना फटाफट

# एमाले अगाडि





डडेल्धुराको अमरगढी नगरपालिकाको प्रमुखमा एमालेका उम्मेदवार विपिन ओझा र उपमेयरमा सोही पार्टीकी संगीता भण्डारी विजयी भएपछि विजय जुलुसमा र बाजुराको बडीमालिका नगरपालिकाको मेयरमा विजयी भएका नेपाली कांग्रेसका उम्मेदवार पदम बडुवाललाई बोकेर डुलाउँदै कार्यकर्ता। तस्वीर : नेस

नेपाल समाचारपत्र

काठमाडौं

स्थानीय तहको दोस्रो चरणको निर्वाचन अहिलेसम्मको मतपरिणाम हेर्दा कांग्रेस र एमालेबीच कडा प्रतिस्प्रर्धा हुने देखिएको छ। मतगणना जारी रहँदा यो समाचार तयार पार्दासम्म ३७ स्थानीय तहको परिणाम सार्वजनिक भइसकेको छ।

प्राप्त नतिजाअनुसार एक नगरपालिकासहित १६ स्थानीय तह जित्दै एमाले अग्रस्थानमा देखिएको छ। एमालेले जितको स्थानीय तहमा अमरगढी नगरपालिका डडेल्धुरा, मस्टा गाउँपालिका बझाङ, थलारा गाउँपालिका बझाङ, बित्थडचिर गाउँपालिका बझाङ, गौमुल गाउँपालिका बाजुरा, पाण्डवगुफा गाउँपालिका बाजुरा, पञ्चेश्वर गाउँपालिका बैतडी, जन्तेढुंगा गाउँपालिका खोटाङ रहेका छन्।

त्यसै गरी रामप्रसाद राई गाउँपालिका भोजपुर, मैवाखोला गाउँपालिका ताप्लेजुङ, लेकम गाउँपालिका दार्चुला, त्रिवेणी सुस्ता गाउँपालिका नवलपरासी, दुर्गाथली गाउँपालिका बझाङ, ताप्ली गाउँपालिका उदयपुर, खाल्सा छिन्ताङ शहीदभूमि गाउँपालिका धनकुटा, अपि हिमाल गाउँपालिका दार्चुलामा पनि नेकपा एमालेले जित हासिल गरेको छ।

अग्रताको हिसाबले एमालेसँग प्रतिस्पर्धामा रहेको कांग्रेसले २ नगरपालिकासहित १३ तहमा जित हासिल गरेको छ। कांग्रेसले जितेका स्थानीय तहमा महाकाली नगरपालिका दार्चुला, बडिमालिका नगरपालिका बाजुरा, छेडेदह गाउँपालिका बाजुरा, काँडा गाउँपालिका बझाङ, चिचिला गाउँपालिका संखुवासभा, सिलिचोङ गाउँपालिका संखुवासभा, गुल्मी दरबार गाउँपालिका गुल्मी, आलिताल गाउँपालिका डडेल्धुरा रहेका छन्।

त्यस्तै भागेश्वर गाउँपालिका डडेल्धुरा, गन्यापदुरा गाउँपालिका डडेल्धुरा, केआईसिंह गाउँपालिका डोटी, हिमाली गाउँपालिका बाजुरा, ऐंसेलुखर्क गाउँपालिका खोटाङमा पनि कांग्रेसले नै जितेको छ।

त्यस्तै, माओवादीले ७ स्थानीय तहमा जित हासिल गरेको छ। माओवादीले जितेका स्थानीय तहमा लिखुपिके गाउँपालिका सोलुखुम्बु, महाकुलुङ गाउँपालिका सोलुखुम्बु, पुथा उत्तरगंगा गाउँपालिका रुकुम, बंगलाचुली गाउँपालिका दाङ, भूमे गाउँपालिका रुकुम, अजयमेरु गाउँपालिका डडेल्धुरा र सिस्ने गाउँपालिका रुकुम रहेका छन्।

राष्ट्रिय जनमोर्चाले प्युठानको मल्लरानी गाउँपालिका जितेर स्थानीय निकाय निर्वाचनमा जितको खाता खोलेको छ। अहिलेसम्म सबैभन्दा धेरै प्रदेश नम्बर ७ को मत परिणाम आएको छ।

(क्रमश: पृष्ठ ९ मा)

## महरा भोलि भारत जाने

काठमाडौं, (नेस)

उपप्रधानमन्त्री कृष्णबहादुर महरा भारतका विदेशमन्त्री सुष्मा स्वराजको निमन्त्रणामा भोलि आइतबार भारत भ्रमणमा जानुहुने भएको छ। उहाँको भ्रमण असार २० गतेसम्म हुने जनाइएको छ। भ्रमणका क्रममा पराष्ट्रमन्त्री महराले भारतीय विदेशमन्त्रीसँग द्विपक्षीय विषयमा कुराकानी गर्नुहुने बताइएको छ।




# दशैंमा आउला त मेलम्ची ?

## ८५ प्रतिशत पाइप बिच्छ्याउने काम सकियो

सुरेश तामाङ, काठमाडौं

मेलम्ची खानेपानीका नाममा राजधानीबासीले धूलो खान थालेको लामो समय भए पनि पूर्वनिर्धारित समयमा मेलम्ची आउला कि नआउला? अझै पनि प्रश्न उब्जिरहेको छ। यद्यपि यसबीचमा काम पनि निकै भएको छ। सुरुङ मार्ग हुँदै मेलम्चीखोलादेखि काठमाडौं ल्याइने खानेपानीलाई वितरण गर्न बिछ्याइरहेको पाइपलाइनको काम अहिलेसम्म ८५ प्रतिशत मात्र सम्पन्न भएको छ। आयोजना कार्यान्वयन निर्देशनालयअन्तर्गतको मेलम्ची उपआयोजना-२ ले खानेपानीको लाइन बिछ्याउने काम ८५ प्रतिशत सकेको जनाएको छ।



फाइल तस्वीर

'हामीले खानेपानीको पाइपलाइन विस्तारको कामलाई अन्तिम चरणमा पुऱ्याएका छौं', निर्देशनालयका प्रवक्ता लिला ढकालले भन्नुभयो- 'हामीले ८५ प्रतिशतको हाराहारीमा पाइपलाइन बिछ्याएका छौं। बाँकी कामलाई तीव्रता दिएका छौं।'

निर्देशनालयअन्तर्गत रहेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडले मेलम्ची उपआयोजना-२ का लागि हाल उपत्यकाको ४० स्थानमा खानेपानीको पाइपलाइन विस्तार गरिरहेको छ। जसमा १ हजार २ सयभन्दा बढी श्रमिकले दिनरात काम गरिरहेका छन्। निर्देशनालयले पानी वितरणका लागि थोक वितरण प्रणाली, पानीपोखरी निर्माण, वितरण, सञ्जाल सुधार तथा क्षेत्रगत मापन इकाइको स्थापना गरी घरघरमा धारा वितरणको काम तीव्र गतिमा गरिरहेको छ।

निर्देशनालयले थोक वितरण प्रणालीअन्तर्गत ६० किमि पाइपलाइन विस्तार गर्नुपर्नेमा हाल ५६ किमिको हाराहारीमा पाइपलाइन बिछ्याइसकेको छ भने ६ सय ७० किमि वितरण सञ्जाल सुधार अन्तर्गत ५ सय ६५ किमीको हाराहारीमा पाइपलाइन बिछ्याउने काम सम्पन्न भइसकेको प्रवक्ता ढकालले बताउनुभयो।

उप-आयोजना २ ले महांकालचौर, बाँसबारी, पानीपोखरी, खुमल्टार र बालाजुमा ५ वटा खानेपानी टयांकी निर्माणको काम सम्पन्न गरिसकेको छ भने त्यहाँ इन्टर कनेक्सन र टेस्टिङ गरिरहेको निर्देशनालयले जनायो। त्यस्तै गरी टिगनी, कीर्तिपुर र आरुबारीमा निर्माणाधीन पानी टयांकीको प्रगति ६५ प्रतिशत सम्पन्न भएको छ भने भक्तपुरको कटुन्जेमा टयांकी निर्माणको काम भरखरै शुरू भएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# रुकुममा फेरि माओवादीले बढाऱ्यो



धनवीर दाहाल, रुकुम

रुकुम यस्तो जिल्ला हो, जुन जिल्लामा तत्कालीन विद्रोही नेकपा माओवादीले पहिलो पटक समानान्तर सरकारको घोषणा गरेको थियो। रुकुमको आठबीसकोट प्रहरी चौकी आक्रमण गरी निकै चर्चा कमाएको तथा दुई दुई पटक खारामा आर्मीको ब्यारेकमा आक्रमण भएको घटनाले अझैसम्म पनि चर्चा पाएको रुकुम जिल्लामा माओवादी फुटको कुनै असर परेन।

माओवादी विभाजन भएर अन्य जिल्लामा क्षति बेहोरेको भए पनि रुकुममा त्यसको असर पर्न सकेन। नयाँ संविधान निर्माण भइसकेपछि रुकुम जिल्ला दुई भागमा विभाजन भएर पनि अर्को चर्चा बटुलेको छ। त्यति मात्र होइन धेरै माओवादी मन्त्री पनि रुकुमबाटै भइरहेका छन्।

यसपटक गृह मन्त्रीको जिल्ला पनि रुकुम हो। सबैको चासो रुकुममा थियो। सबैले चासो लिएको रुकुममा माओवादी केन्द्रले आफ्नो आधार क्षेत्र जोगाएरै छोडेको छ। दुई चरणमा सम्पन्न रुकुमको स्थानीय तहको निवार्चनमा माओवादी केन्द्रले नै विजय हासिल गरेको छ।

पहिलो चरणमा ३ नगरपालिका र ३ गाउँपालिका गरी ६ स्थानीय तह र दोस्रोचरणमा ३ गाउँपालिका गरी जम्मा ९ स्थानीय तहमा माओवादीले विजय हासिल गरेको छ।

(क्रमश: पृष्ठ ९ मा)



# स्थानीय निर्वाचन विशेष

# सुदूरपश्चिममा एमाले र कांग्रेसबीच कडा टक्कर

**विमल विष्ट, डोटी**

सुदूरपश्चिममा पछिल्लो मत परिणामअनुसार नेपाली कांग्रेस तथा नेकपा एमालेबीच कडा प्रतिस्प्रर्धा देखिएको छ। कांग्रेस एमालेबीच झिनो मतान्तर रहेको देखिएको छ। क्षेत्रीय निर्वाचन कार्यालयका अनुसार डोटीको दिपायल सिलगढी, शिखर नगरपालिका, जोरायल र बड्डीकेदार गाउँपालिकामा कांग्रेस तथा आदर्श, केआइसी र सायल गाउँपालिकामा नेकपा एमाले अगाडि रहेको छ। अछामको कमलबजार नगरपालिका र ढकारी, बान्नीगढी जयगढ गाउँपालिकामा नेपाली कांग्रेस, पञ्चदेवल विनायक र मंगलसेन नगरपालिका एमाले तथा रामारोशन गाउँपालिकामा नेकपा माओवादी केन्द्रले अग्रता लिएको छ।

बाजुराको बडिमालिका, बुढीनन्दा नगरपालिका र स्वामिकार्तिक गाउँपालिकामा नेपाली कांग्रेस तथा गौमुल गाउँपालिकामा नेकपा एमालेले अग्रता लिएको छ। ७ नम्बर प्रदेशका ८८ स्थानीय तहमध्ये प्रारम्भिक मतपरिणाम सार्वजनिक भएका बझाङका १/१ स्थानीय तहमा नेपाली कांग्रेस र नेकपा एमालेले जितेका छन्। बझाङको काँडा गाउँपालिकामा कांग्रेस र मष्टा गाउँपालिकामा एमाले विजयी भएको छ।

विवरण प्राप्त भएका ५८ स्थानीय तहमध्ये २ स्थानीय तहको नतिजा सार्वजनिक भइसकेको छ भने ५६ स्थानीय तहमा मतगणना भइरहेको छ। सुदूरपश्चिमका ३० स्थानीय तहको विवरण प्राप्त हुन सकेको छैन।

प्राप्त विवरणअनुसार मतगणना भइरहेका स्थानीय तहमध्ये नेपाली कांग्रेस २४ स्थानीय तहमा, नेकपा एमाले २२ स्थानीय तहमा, नेकपा माओवादी केन्द्र ६ स्थानीय तहमा, राप्रपा २ स्थानीय तहमा र लोकतान्त्रिक फोरम २ स्थानीय तहमा अगाडि देखिएको छ।

कञ्चनपुरका भीमदत्त र महाकालीमा कांग्रेस, बेदकोट, कृष्णपुर, बेलौरी, शुक्लाफाँटा नगरपालिका र बेल्डाँडी गाउँपालिकामा एमाले तथा लालझाडी गाउँपालिका र पुनर्वास नगरपालिका नेकपा माओवादी केन्द्रले अग्रता लिएको छ। कैलालीको धनगढी उपमहानगर, गोदावरी, लम्कीचुहा नगरपालिका र जानकी गाउँपालिकामा कांग्रेस, बर्दगोरिया र चुरे गाउँपालिकामा नेकपा एमाले, घोडाघोडी नगरपालिकामा नेकपा माओवादी केन्द्र, कैलारी गाउँपालिकामा राप्रपा तथा टीकापुर र भजनी नगरपालिकामा लोकतान्त्रिक फोरमले अग्रता लिएको छ। त्यस्तै डडेल्धुराको अमरगढी नगरपालिका, आलिताल, गन्यापधुरा र नवदूर्गा गाउँपालिकामा कांग्रेस, अजयमेरु र भागेश्वर गाउँपालिकामा एमाले तथा पर्शुराम नगरपालिकामा माओवादी केन्द्र अगाडि रहेको छ।

बैतडीको दशरथचन्द नगरपालिकामा राप्रपा, पाटन नगरपालिका, पञ्चेश्वर, शिवनाथ र सुर्नाया गाउँपालिकामा एमाले, पुर्चौडी र मेलौली नगरपालिका कांग्रेस तथा दोगडाकेदार गाउँपालिकामा नेकपा माओवादी केन्द्र अगाडि रहेका छन्। दार्चुलाको शैल्यशिखर नगरपालिका र ब्यास गाउँपालिकामा कांग्रेस तथा नौगाड, मार्मा र लेकम गाउँपालिकामा एमाले अगाडि रहेका छन्। उता कैलालीको धनगढी उपमहानगरपालिकामा दलीय उम्मेदवारसँग स्वतन्त्र उम्मेदवारले कडा प्रतिस्पर्धा गरिरहेका छन्। शुरुदेखि नै कडा टक्कर दिइरहेका स्वतन्त्र उम्मेदवार गोपाल हमाल केही मतान्तरले पछाडि रहेका छन्।

## डा.केआईसिंह गाउँपालिकामा कांग्रेस



डोटी, (नेस)

डोटीको डा.केआईसिंह गाउँपालिकामा नेपाली कांग्रेसको पूरै टिम विजयी भएको छ। कांग्रेसका उमेदवार लोकेन्द्रबहादुर शाहीले ३ हजार १ सय ८८ मत ल्याएर गाउँपालिका प्रमुखमा विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका यज्ञराज जोशीले १ हजार ६ सय २१ मत प्राप्त गर्नुभएको छ।

त्यस्तै कांग्रेसकै मिना विष्टले ३ हजार १ सय ७५ मत ल्याएर उपप्रमुखमा विजयी हासिल गर्नुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका लक्ष्मीदेवी जोशीले १ हजार ६ सय १९ मत प्राप्त गर्नुभएको छ। माओवादी केन्द्रका शिद्धराज भाटले ९ सय १६ मत ल्याउनुभएको छ। ७ वटा वडा रहेको उक्त गाउँपालिकामा पूरै कांग्रेस टिम विजयी भएको छ।

# मदानेमा मतगणना शुरु, दरबारमा कांग्रेस



गुल्मी, (नेस)

गुल्मीको मदाने गाउँपालिकामा राजनैतिक बिबादका कारण रोकिएको मतगणना शुरु भएको छ। बुधबार मतदान सकिएपछि दुई युवाबीच झड्प भएको विषयले मतगणना शुरु नै भएको थिएन। शुक्रबार साझ सर्बदलीय बैठक बसेर सहमती जुटेपछि मतगाण्ना शुरु गरिएको छ।

झडपमा मदाने गाउँपालिका ४ का हेरम सेन घाइते भएका थिए। सेनलाई कुटपिट गर्ने युवालाई कारबाहीको माग गर्दै स्थानीयले मतगणनामा अवरोध गरेका हुन्। घटनामा सहभागी दोषीलाई कारवाही गर्न जिल्ला प्रहरी कार्यालयमा किटानी जायरको मुद्दा दर्ता गर्ने भएपछि मतगणना शुरु भएको भरत चन्दले जानकारी दिए। अवरोधका कारण दुई दिनसम्म मतगणना प्रभावित भएको थियो। जिल्लाका अन्य ११ स्थानीय तहमध्ये केही स्थानीय तहको नतिजा आउने क्रममा रहेको छ।

यस्तै गुल्मीकै जिल्लाको गुल्मी दरबार गाउँपालिका नेपाली कांग्रेसले जितेको छ। बिहीबार बिहानबाट मतगणना शुरु भएको थियो। जुन गाउँपालिकामा नेपाली कांग्रेस अशोककुमार थापा गाउँपालिका प्रमुखमा विजयी बनेका छन्। उनले नेकपा एमालेका कृष्ण भुसाललाई ८ सय २५ मतको अन्तरले पराजित गरेका छन्।

थापाले ५ हजार ५ सय ७५ र भुसालले ४ हजार ७ सय ५० मत प्राप्त गरेको शिक्षक सन्तोष शर्माले बताए। त्यस्तै गुल्मी दरबार गाउँपालिकाको उपप्रमुखमा कांग्रेसकै मिना भण्डारीले ८ सय ९० मत अन्तरले एमालेकी शुशिला पुनलाई पराजित गरेकी छन्। भण्डारीले ५ हजार ६ सय ८ र पुनले ४ हजार ७ सय १८ मत प्राप्त गरेकी छन्।

गुल्मी दरबार गाउँपालिकामा १५ हजार ३ सय ६७ मतदाता मध्ये ११ हजार ३४ मत खसेको निर्वाचन कार्यालयले जानकारी दिएको छ। गुल्मी दरबार गाउँपालिकामा नेपाली कांग्रेसले ४ र नेकपा एमालेले तीन वडा जितेको छ। सबै वडा दुवै पार्टीले प्यानलनै जितेका हुन्। २ नगर र ९ गाउँपालिकामा मतगणना कार्य भइरहेको छ। भने केही मतपरिणाम आउनेक्रम पनि जारी रहेको छ।

## झापामा एमाले र माओवादी

झापा, (नेस)

झापामा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले खाता खोलेको छ। बाह्रदशी गाउँपालिका-१ मा एमालेको प्यानल नै विजयी भएको छ भने बुद्धशान्ति गाउँपालिका-७ को वडाध्यक्षमा माओवादी केन्द्र र अन्य चार पदमा एमालेले जितेको छ।

बाह्रदशी गाउँपालिका-१ मा एमालेका शम्भूसिंह राजवंशी ५ सय मत ल्याएर विजयी हुनुभएको निर्वाचन अधिकृत बाबुराम राईले जानकारी दिनुभयो।

बुद्धशान्ति गाउँपालिका-७ मा भने नेकपा (माओवादी केन्द्र)का मातृकाप्रसाद पौडेल ३ सय ८ मत ल्याएर विजयी हुनुभएको छ भने अन्य चार पदमा एमालेका उम्मेदवार विजयी भएका छन्।

## बाँकेमा एमालेको खाता

बाँके, (नेस)

बाँकेको कोहलपुर नगरपालिका-१ मा नेकपा (एमाले) का गोपी खनाल अध्यक्षमा निर्वाचित हुनुभएको छ।

उहाँले आफ्ना प्रतिद्वन्द्वीलाई भारी मतान्तरले पराजित गर्दै ५ सय ९ मतका साथ अध्यक्षमा विजयी हुनुभएको हो। वडा नं १ मा खनालसँगै एमालेको सम्पूर्ण प्यानल नै विजयी भएको हो।

उहाँका प्रतिद्वन्द्वी नेकपा (माओवादी केन्द्र) का उम्मेदवारले ३४४ मत र नेपाली कांग्रेसले २८० मत प्राप्त गरेका थिए।

## पञ्चेश्वरका अध्यक्षमा एमालेका चन्द

बैतडी, (नेस)

बैतडी जिल्लाको पञ्चेश्वर गाँउपालिकामा नेकपा एमालेका गोरखबहादुर चन्द विजयी हुनुभएको छ। नेपाली कांग्रेसका दिनेशबहादुर चन्दलाई ८ सय ८० मतले पछि पार्दै चन्द विजयी हुनुभएको हो। चन्दले २ हजार ६ सय ८ मत प्राप्त गर्नुभएको थियो भने उहाँका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका दिनेशबहादुर चन्दले १ हजर ७ सय १८ मत प्राप्त गर्नुभएको छ।

गाँउपालिकाको उपाध्यक्षमा पनि नेकपा एमालेकै विना भट्ट विजयी हुनुभएको छ। उहाँ नेपाली कांग्रेसकी विन्दु चन्दलाई ५ सय ५० मतले पछि पार्दै विजयी हुनुभएको हो। एमालेका विना भट्टले २ हजार ४ सय २४ मत प्राप्त गर्नुभयो भने कांग्रेसका विन्दु चन्दले १ हजार ८ सय ७४ मत प्राप्त गर्नुभएको छ। पञ्चेश्वर गाँउपालिकाको ३ वडाहरुमा नेकपा एमाले, २ मा नेपाली काग्रेस र १ मा राप्रपा विजयी भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। विजयी चन्द शिक्षक पेसाबाट राजिनामा दिएर गाँउपालिकाको अध्यक्ष पदमा उम्मेदवार बन्नुभएको थियो।

## रामपुर- १ र १० मा एमालेको समूह विजयी

पाल्पा, (नेस)

रामपुर नगरपालिका- १ र १० मा नेकपा एमालेको पूरै समूह विजयी भएको छ। वडा नं १ मा नेकपा एमालेका वडाअध्यक्षका उम्मेदवार मित्रलाल कँडेलले ७ सय ८५ मत ल्याई विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका कपिलबहादुर खाँणले ६ सय २६ मत ल्याउनुभएको छ। सो वडाका वडासदस्यमा एमालेकै उम्मेदवार विजयी भएका छन्।

त्यस्तै वडा नं १० मा पनि वडाध्यक्ष र सदस्यमा एमालेको पूरै समूह विजयी भएको छ। एमालेका वडाध्यक्षका उम्मेदवार लीलाबहादुर गाहाले १ हजार २ सय १३ मत ल्याई विजयी हुनभएको छ भने उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका एकराज पाठकले ८ सय ४३ मत ल्याउनुभएको छ।

रामपुर नगरपालिकाको वडा नं १० मा नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय जनमोर्चाबीच चुनावी तालमेल भएको थियो। बिहीबार साँझपखबाट मतगणना शुरु भएको रामपुर नगरपालिकामा- ८ वटा वडाको मतगणना बाँकी छ।

## फाकफोकथुम गापा-१ मा कांग्रेस

इलाम, (नेस)

इलामको फाकफोकथुम-१ मा नेपाली कांग्रेसका वडाध्यक्षसहित प्यानल नै विजयी भएको छ। सो वडाको मतगणनाको नतिजाअनुसार नेकाका वडाध्यक्षका उम्मेदवार टेकवीर लिम्बू ६ सय ३ मत ल्याएर विजयी भएका हुन्।

उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका बेगबहादुर निरौलाले ४ सय ४० मत ल्याएका हुन्। सो वडाको महिला सदस्यमा नेकाकी लक्ष्मीमाया राई ६ सय ४९, दलित महिला सदस्यमा सीता बराइली ७ सय ४४, खुल्ला सदस्यमा डम्बरबहादुर पौडेल ६ सय ७५ र बालकृष्ण भट्टराई ६ सय १७ मत ल्याएर विजयी भएको निर्वाचन अधिकृत लीलाराज पौडेलले जानकारी दिनुभयो।

# पर्यवेक्षकको दृष्टिमा दोस्रो निर्वाचन

स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न भएको छ। स्वच्छ निर्वाचनका लागि नागरिक अभियानअन्तर्गत १ हजार ८ सय ९५ जना निर्वाचन पर्यवेक्षकले ३५ जिल्लाका करिब २ हजार ५ सय मतदान केन्द्र तथा मतदानस्थलको अनुगमन गरेका थिए। यस निर्वाचनमा ७० प्रतिशतभन्दा बढी मतदान भएको प्रारम्भिक सूचना छ। २० वर्षपछि स्थानीय तहको निर्वाचनमा मतदान गर्न पाएका मतदाताहरू प्रतिकूल मौसमका बाबजुद असाध्यै उत्साहका साथ निर्वाचनमा मतदानमा सहभागी भए। निर्वाचनमा महिलाहरूको सहभागिता अत्यन्त उत्साहपूर्ण पाइयो।

लामो समयसम्म संविधानसभाबाट संविधान बन्न नसक्नु, तथा संविधान बनेपछि पनि देशमा कायम रहेको राजनीतिक अस्थिरता आदि कारणले नेपालमा २० वर्षदेखि स्थानीय निकायको चुनाव हुनसकेको थिएन। निर्वाचनमा देखिएको जनताको उत्साह, युवा पुस्ताको व्यापक र दरिलो सहभागिता, महिला तथा दलितको व्यापक प्रतिनिधित्व हुन पाउने अवस्थाले लोकतन्त्रको आधारस्तम्भलाई बलियो बनाउने नै छ। नयाँ संविधानद्वारा प्रदत्त अधिकारलाई जनताको घरदैलोमा पुर्‍याउन यो निर्वाचनले खेल्ने भूमिका महत्वपूर्ण हुनेछ।

निर्वाचन व्यवस्थापन, सुरक्षा प्रबन्ध र मतदानप्रति आमनागरिकको उत्साह प्रशंसनीय रह्यो। मतदाता नामावलीमा मतदाताको रङ्गीन चित्र हुनु र मतदाता परिचय पत्रको वितरण गरिनु यस निर्वाचनका असल पक्ष हुन्। तर मतदाता परिचयपत्रबिना पनि मतदान गर्न पाउने निर्वाचन आयोगको निर्णयलाई सुखद् मान्न सकिन्न। मतदातालाई सजिलो होस् भनी मतदानस्थलहरूको पर्याप्त व्यवस्था गरिएको पाइयो। जसका कारण छिटो मतदान हुन मद्दत पुगेको हामीले ठहर गरेका छौं।

प्रदेश नम्बर १, ५ र ७ का ३५ जिल्लामा ६४ लाख ३२ हजार ७ सय ६५ मतदाता रहेका थिए। एक महानगरपालिका, सात उपमहानगरपालिका, १ सय ११ नगरपालिका र २ सय १५ गाउँपालिकामा प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र वडासदस्य निर्वाचित हुनेछन्। जसमा १५ हजार ३८ पदका लागि झन्डै ६२ हजार उम्मेदवार प्रतिस्पर्धामा छन्।

विप्लव माओवादीका निर्वाचन विरोधी गतिविधि मूलत: मतदातालाई त्रसित तथा आतङ्कित बनाउन ५० भन्दा बढी ठाउँमा राखिएका विस्फोटक पदार्थको परवाह नगरी मतदानमा सहभागी हुने जनआकाङ्क्षाले आवधिक निर्वाचनको महत्वलाई अझ उजागर गरेको छ। निर्वाचनमा भाग नलिने, बहिष्कार गर्ने तथा निर्वाचन नै हुन नदिने राजपाको हठ जनताको अभिमत र चाहना विपरीत थियो भन्ने कुरा उनीहरूको प्रभाव क्षेत्र भनिएको जिल्लामा भएको उत्साहजनक मतदानलाई लिन सकिन्छ।

**निष्कर्ष**

समग्रमा यो निर्वाचन शान्तिपूर्ण भए पनि निर्वाचनमा अवरोध भएका समाचारहरू प्राप्त भएका छन्। जयपृथ्वी नगरपालिका-३ को पाण्डु मतदान केन्द्रमा एमाले र काङ्ग्रेसका कार्यकर्ताबीच झडप भएको छ। झडपमा परी नेपाली कांग्रेसका वडाध्यक्ष उम्मेदवार प्रेमबहादुर खड्काको टाउकोमा चोट लागेको छ। मतदानको विषयमा एमाले र कांग्रेसका कार्यकर्ताबीच भएको विवादपछि मतदान स्थगित गरिएको छ। निर्वाचनको अर्को मिति असार १५ गते बस्ने सर्वदलीय बैठकले तोक्ने सहमति भएको छ।

रोल्पा नपा-१० को भनभने मतदान केन्द्रमा एकजना मतदाताले मत खसाल्ने क्रममा मतपेटिकामा एसिडसमेत खसालेका छन्। एसिडले मतपेटिका जलेको बताइएको छ। उक्त एसिड कसले खसालेको हो यकिन नभएको बताउँदै प्रहरीले मतपेटिका जल्न थालेपछि मात्रै घटनाबारे थाहा भएको जनाएको छ। बिहान साढे ९ बजेतिरको यो घटनापछि स्थगित भएको मतदान पुन: सुचारु भएको छ।

रुकुमको सिस्ने गाउँपालिका-४ को आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा मतदान गर्न आएका कांग्रेस र एमालेका कार्यकर्तालाई माओवादी केन्द्रका कार्यकर्ताले रोक्ने प्रयास गरेका थिए। सो प्रयासलाई प्रहरीले असफल पारेपछि उनीहरूले मतदानमा सहभागिता जनाएका छन्।

आचारसंहिताको परिपालनामा देखिएको कमी कमजोरी सच्याउन तथा उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन सकिए निर्वाचनको महत्व अझ बढ्ने देखिन्छ। अपराधको राजनीति गर्ने जोसुकै हुन् उनीहरूलाई कारबाहीको दायरामा ल्याउन सकिएन भने अपराधको जग बलियो हुनेछ भने जनताको लोकतन्त्रप्रतिको निष्ठामा तुसारापत हुनेछ। यो वर्षको माघ ७ गतेसम्म गरिसक्नुपर्ने दुई नम्बर प्रदेशको स्थानीय तहको निर्वाचन, प्रदेश र संघीय निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व बोकेको निर्वाचन आयोगले यो र यसअघि सम्पन्न निर्वाचनबाट पाठ सिकेर कार्ययोजना बनाउनु श्रेयस्कर हुने हाम्रो धारणा रहेको छ।

**जे देखियो**

- निर्वाचन केन्द्र अपाङ्गमैत्री नभएका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानमा समस्या भएको पाइयो।
- केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो।
- मतदाता परिचयपत्रबिना पनि मतदान गर्न पाउने निर्वाचन आयोगको निर्णयलाई सही ठहर्‍याउन सकिएन।
- मतदाता ओसार्न उदयपुर जिल्लामा अनुमति लिइएका सवारी साधनको प्रयोग गरिएको पाइयो।
- मौसम अनुकूल मतदान केन्द्रको व्यवस्था नगरिँदा मतदानमा अवरोध हुनुका साथै मतदाताले सास्ती भोग्नुपरेको थियो।
- मतपत्रको गुणस्तर कमजोर भएको पाइयो।
- मतदाता परिचय-पत्र घरघरमा पुर्‍याउन नसकी मतदान केन्द्रबाट वितरण गर्नुपर्दा लगभग ८० प्रतिशत मात्रै वितरण भएको पाइयो।
- जनतालाई आतङ्कित बनाउन ठाउँठाउँमा बमहरू राखिएको भए पनि मतदाताले निर्भयतापूर्वक मतदान गरेका थिए।
- मतदाता शिक्षाको अभावका कारण मतदाता अलमलमा परेको र बदर मतको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।
- केराबारी-९ देवीझोडा मोरङ रामवीर प्रावि मतदान केन्द्रमा मतदान गर्न ६ किमी टाढाका मतदाता आउनुपर्ने समस्या रहेको पाइयो। उनीहरू मतदान गर्न खोला तरेर पुग्नुपर्ने अवस्था पाइएको छ। यसरी टाढाबाट जानुपर्ने मतदाता कूल मतदाताको ४० प्रतिशत रहेको पर्यवेक्षणका क्रममा पाइयो।
- मोरङको लेटाङमा बुलडोजरमा चढाएर मतदाता ओसारपसार गरेका पाइयो।
- पूर्व पर्यवेक्षणको क्रममा मोरङमा करिब १० हजार ६ सय मतदाताको नाम थप भएको र उनीहरुको पचियपत्र नभएको पाइयो। निर्वाचन आयोगले केही दिन अगाडि मात्र नाम पठाएका ती मतदातालाई आफ्नो नाम मतदाता सूचीमा समावेश भएको जानकारीसमेत थिएन।
- यसैगरी, पर्यवेक्षण गरिएका स्थानीय तह सबैतिर सार्वजनिक स्थानमा राजनीतिक दलका झण्डाहरू टाँगिएको पाइयो। चुनाव चिन्ह लेखिएका भेस्ट लगाएका मानिसहरू पनि देखिएका थिए।
- चुनाव प्रचारका लागि कुनै पनि उम्मेदवारले भित्तेलेखन गरेको र तूल टाँगेको पाइएन। रतुवा माइको महादेवाको एउटा बस्ती रतुवा नदी पारिपट्टि रहेकोले वर्षा भएको अवस्थामा त्यहाँका मतदातालाई ट्याक्टरबाट ल्याउनुपर्ने अवस्था देखिएको थियो।
- दमक नगरपालिका मतदान केन्द्रमा २०७० को मतदाता नामावलीमा नाम भएका धेरै मतदाताको नाम छुटेको पाइयो। मतदाता सूचीमा नाम नभएकाहरूको समेत परिचयपत्र आएको पाइयो।

*(अनौपचारिक सेवा केन्द्र (इन्सेक)द्वारा प्रेषित प्रतिवेदनमा आधारित)*

## मुसहर बालबालिका साथ

# कुञ्जनाको बर्थडे

पछिल्लो समयमा बस्ती निर्माण तथा सरसफाइ अभियानमार्फत् सामाजिक सेवाबाट नाम कमाएकी हास्य अभिनेत्री कुञ्जना घिमिरे 'सुन्तली' ले महोत्तरी बर्दिबासमा आफ्नो दम्पतीले निर्माण गरेको मुसहर बस्तीका बालबालिकाका साथ जन्मदिन मनाएकी छिन्।

उनले त्यहाँ रहेका मुसहर बालबालिकालाई टिफिन बक्स वितरण गरेर जन्म दिन मनाएकी हुन्। मुसहर बालबालिकाले पनि सम्मान र शुभेच्छासहित कुञ्जनाको जन्मदिनलाई विशेष बनाइदिए। उनीहरूले गरेको सम्मानले आफूलाई भावुक बनाएको कुञ्जना घिमिरेले बताइन्। मुसहर बस्तीका बालबालिकामा आएको परिवर्तन देखेर आफूहरू भावुक भएको उनले प्रस्ट्याइन्। 'जुन परिवर्तनको अपेक्षा गरेका थियौं, त्यो देख्न पाउँदाको आनन्द शब्दमा व्यक्त गर्नै सकिन्न', कुञ्जनाले भनिन्- 'मुसहर बालबालिका नियमित पढ्न थालेका छन्। तर उनीहरूलाई घरबाट खाजा लैजान समस्या छ। त्यसैले जन्मदिनमा हुने खर्चले टिफिन बक्ससँगै केही शैक्षिक सामग्री उपलब्ध गराएकी हुँ।'



सरसफाइ अभियानका क्रममा मुसहर बस्ती पुगेका धुर्मुस सुन्तलीले त्यहाँ बस्ती निर्माण गरी गत वैशाखमा ५३ परिवार मुसहरका लागि एकीकृत बस्ती हस्तान्तरण गरेका थिए। बस्ती हस्तान्तरण गरिसक्दा मुसहरहरूप्रतिको माया अझै बढेर गएकाले जन्मदिन मनाउन हास्य अभिनेता पति सीताराम कट्टेल 'धुर्मुस' का साथ उनी बर्दिबास पुगेकी हुन्। सुन्तलीको जन्मदिनमा मुसहर बस्ती अवलोकनका लागि कलाकारहरू शंकर बिसी, पशुपति शर्मा, मञ्जु पौडेल, रमेशराज भट्टराई, जानुका केसी, पल्पसा डंगोल, सुशीला निरौला, जुनु रिजाल, रामचन्द्र काफ्लेलगायत पनि मुसहर बस्ती पुगेका थिए। मुसहर बस्ती निर्माणपश्चात सीताराम कुञ्जनाको दम्पती नमुना नेपाल निर्माणको तयारीमा जुटेका छन्।

# निशाले शरद्सँग कसिन् लगनगाँठो

नायिका निशा अधिकारी क्रिकेटर शरद् भेषावकरसँगको प्रेम सम्बन्धलाई गन्तव्य दिँदै शुक्रबार उनीसँग बिहे बन्धनमा बाँधिएकी छिन्।

निशा र शरद् शुक्रबार राजधानीको एक तारे होटलमा विधिपूर्वक बिहे बन्धनमा बाँधिएका हुन्। निशा र शरद् विगत ३ वर्षदेखि प्रेममा थिए। निशा क्रिकेट मैदानसम्मै पुगेर शरद्लाई राम्रो खेलका लागि उत्साहित गर्थिन् भने शरद् पनि निशाको करियरका लागि उपयोगी सरसुझाव दिने गर्थे। निशाले शुरुआती समयमा शरद्सँगको प्रेम सम्बन्धलाई लुकाएकी थिइन्। पछि शरद् स्वयम्ले आफूहरूबीचको मायाप्रीतिको खुलासा गरेका थिए।

शुक्रबार यो जोडीको वैवाहिक कार्यक्रममा दुवै परिवारका आफन्त र इष्टमित्र सहभागी थिए भने केही कलाकारहरूलाई पनि निम्तो गरिएको थियो। निशाको परिवारले भोलि आइतबार विवाहको प्रीतिभोजको आयोजना गरेको छ।





# इमिली नग्न तस्वीरले तनावमा

युवतीहरू साइबर क्राइमको शिकार हुने गरेका घटना हिजोआज धेरै नै सार्वजनिक हुने गरेका छन्। यस क्रममा कतिपय किशोरी र युवतीको नग्न तस्वीर भाइरल हुने गरेको पनि छ।

त्यसैले अक्सर नग्न फोटो शेयर नगर्न केही चेतावनीहरू पनि बेला बखतमा आइरहने गरेका छन्। यसपटक भने यस्तै प्रकारको घटनाको शिकार भएकी छिन् हलिउडकी एक लोकप्रिय नायिका। हालै हलिउड अभिनेत्री इमिली राताजकोवस्कीको नग्न तस्वीर सामाजिक सञ्जालमा भाइरल भएको छ। यो उनको अत्यन्त निजी तस्वीर हो, जुन उनले आफ्नो प्रेमीलाई च्याटको समयमा पठाएको एजेन्सीले जनाएको छ। यो तस्वीर उनको एकाउन्ट ह्याक गरेर उनकै एकाउन्टबाट कसैले शेयर गरिदिएको समाचारमा उल्लेख छ। तस्वीर बाहिरिएपछि अभिनेत्री इमिली तनावमा परेकी छिन्। सामाजिक सञ्जालबाट निजी तस्वीर बाहिरिएर फैलिएपछि उनी तनावमा रहेको समाचारमा उल्लेख छ। कतिपय हलिउड अभिनेत्रीले चर्चामा आउनका लागि पनि यस प्रकारको तस्वीर आफैंले गोप्यरूपमा सार्वजनिक गर्ने वा गराउने गरेको पाइन्छ। इमिलीको मामलामा के भएको भन्नेबारे समाचारमा उल्लेख गरिएको छैन।

# मिसेस नेपाल आइकन छानिँदै



विवाहित महिलाबीचको सौन्दर्य प्रतियोगितालाई आफ्नो संस्थाकै महत्त्वपूर्ण प्रतियोगिताका रूपमा प्रस्तुत गर्दै आएको एएनपी मिडिया हाउस, ललितपुरले हरेक वर्षझैं यस वर्ष पनि *मिसेस नेपाल आइकन* २०१७ आयोजना गर्ने भएको छ।

आयोजक एएनपी मिडिया हाउसका पबन्ध निर्देशक लबबहादुर कार्कीका अनुसार विवाहित महिलाहरूलाई चुलोचौकोमा सीमित नभई उनीहरूको दायरा विस्तार र समाजप्रतिको थप जिम्मेवारीबोधका लागि प्रोत्साहित गर्ने उद्देश्यले चौथो संस्करणको *मिसेस नेपाल आइकन* २०१७ आयोजना गर्न लागिएको हो। प्रतियोगिताबाट विवाहित महिलाहरूको आत्मविश्वास र व्यक्तित्व विकासमा सघाउ पुऱ्याउने विश्वास पनि उनले व्यक्त गरे।

*मिसेस नेपाल आइकन* २०१७ प्रतियोगितामा राजधानीका विभिन्न स्थानमा बस्दै आएका विविध पेसाकर्मी तथा गृहिणीहरू अस्मिता बयलकोटी, सोनु मल्ल खाँण, सुमिना श्रेष्ठ, मिनु पाण्डे, रचना श्रेष्ठ, ममता महर्जन श्रेष्ठ, जयन्ती श्रेष्ठ उप्रेती, पार्वती केसी शाही, दिव्या पौडेल, आरोही बिके दुलाल, सुजना श्रेष्ठ, विना बराल प्याकुरेल, रमा महर्जन, सविता पाख्रिन, सनिसा राई गुरुङ, समृद्धि सुब्बा, अञ्जना लिम्बु राई, शिल्पा बस्नेत, हीरा बास्तोला, विमला बिके, सन्ध्या शाही, अप्सरा खड्का अधिकारी, तारा ओली, सुस्मिता बुढाथोकी, लक्ष्मी नगरकोटी, सुष्मा विश्वकर्मा, वर्षा कार्की, सुमिन केसी, अञ्जता खाती क्षत्री, संगीता भट्टराई दाहाल, सुभद्रा मैनाली ढुंगेल, सरला केसी, सिर्जना शाक्य, सरिता लामा र सोनी श्रेष्ठ अन्तिम स्पर्धाका लागि छानिएको कार्यक्रम संयोजक शम्भुप्रसाद रेग्मीले जानकारी गराए।

कोरियोग्राफर अश्विनी झाको कोरियोग्राफी तथा कार्यक्रम सञ्चालनमा हुने प्रतियोगिता आगामी श्रावण ८ गते आइतबार राजधानीको जमलस्थित राष्ट्रिय नाचघर सम्पन्न हुनेछ। प्रतियोगितालाई काष्ठमण्डप टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्नेछ। प्रतियोगिताका सहभागी महिलाहरूलाई विभिन्न क्षेत्रका विज्ञहरूले प्रतिभा र व्यक्तित्व विकास, कुशल बोलीचाली अभ्यास, नेतृत्व क्षमता अभिवृद्धि तालिम, रिस र समय व्यवस्थापन तथा स्टेज प्रस्तुतिसम्बन्धी प्रशिक्ष प्रदान गरिइरहेको आयोजक लबबहादुर कार्कीले जानकारी गराए।


## कामनाको हरेक अंक विशेष अंक

### यस अंकका आकर्षणहरू:




**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हइयाँ

**आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।**

# साहित्य

मनको भावलाई कलात्मकरुपमा
अभिव्यक्त गर्नु नै साहित्य हो।
– विन्द्या सुब्बा

ज्ञानका सबै हाँगाहरुमध्येको सर्वाधिक प्राचीन
हाँगा काव्य हो।
–सर फिलिप सिड्नी

## पारिजात स्मृति केन्द्र : स्थापना र योगदान

मोहन दुवाल

साहित्यजगत्का होनहार व्यक्तित्व, साहित्यलेखन र क्रियाशीलतामा जीवन समर्पित गरेर गएका एकजना प्रतिभा, देवकोटापछिका लोकप्रिय साहित्यकार र अभ्र भनौं लेखिकाहरूका सर्वमान्य सर्वश्रेष्ठ स्रष्टा पारिजातको अवसान २०५० साल वैशाख ५ गते भएको हो। मदन पुरस्कार प्राप्त गरिसकेकी सबैको मन र आँखामा छाइरहन सफल यिनीलाई जनमतका तर्फबाट सर्वप्रथम बनेपामा जनमत मासिकको पारिजात विशेष अङ्कसहित अभिनन्दन भएको थियो। पारिजात साहित्यिक अभियन्ता, मानवअधिकारका हिमायती, इन्द्रेणी सांस्कृतिक समाजका पथप्रदर्शक तथा प्रगतिशील लेखक-कलाकार संघका संस्थापक सक्रिय सदस्य, 'उत्साह' साहित्यिक मासिकका सम्पादक पनि हुन्। पारिजातको यस्तै खालको साहित्यिक, सांस्कृतिक, जनताप्रतिको वैचारिक अडान र सबै खालको कलात्मक योगदानको सम्मान गरेर शुभेच्छुकहरूले तत्कालै २०५० वैशाख २६ गते पारिजात स्मृति केन्द्रको स्थापना गरिएको हो।

उक्त पारिजात स्मृति केन्द्रले आफ्नो कार्यतालिका बनाएर लिपिबद्ध गरेका उद्देश्यहरूमा (१) पारिजातका प्रकाशित तथा अप्रकाशित सम्पूर्ण कृति संरक्षण गरी यस संस्थाद्वारा निर्धारित प्राथमिकताअनुसार तिनलाई क्रमशः प्रकाशित गर्ने/गराउने। (२) लोककल्याणका दृष्टिकोणबाट प्राथमिकता निर्धारण गरी पारिजातका कृति स्वदेशी तथा विदेशी भाषामा अनुवाद गर्ने/गराउने। (३) पारिजातद्वारा प्रयुक्त वस्तु र उहाँको कक्षको यथोचित संरक्षण गर्ने। (४) पारिजातको योगदानको यथोचित मूल्याङ्कन गर्न पारिजात स्मृतिग्रन्थ, अन्य सान्दर्भिक पुस्तक तथा पुस्तिका प्रकाशित गर्ने/गराउने। (५) पारिजातको स्मृतिमा प्रत्येक वर्ष उहाँको जन्मजयन्ती मनाउने र परिचर्चा, गोष्ठी आदिको आयोजना गर्ने। (६) पारिजातको नाममा पुरस्कार स्थापना गरी सञ्चालन गर्ने। (७) परस्पर आदानप्रदान तथा सरसहयोगका निमित्त स्वदेश तथा विदेशका साहित्यिक, सांस्कृतिक सङ्घ-संस्थासँग सम्बन्ध र सम्पर्क स्थापित गर्ने। (८) माथि उल्लिखित उद्देश्य प्राप्तिका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट स्रोत-साधन सङ्कलन गरी तिनको उचित व्यवस्थापन तथा सञ्चालन गर्ने।

यी माथि उल्लेख भएका उद्देश्यहरूका साथ स्मृति केन्द्र पारिजातका नाममा क्रियाशील छ। पारिजात निवास घरसँगैको म्हेपीमा विष्णुमतीकै छेउछाउमा केही जग्गा स्वामित्वमा प्राप्त गरेर पारिजात स्मृति केन्द्रको घर निर्माणको क्रममा संस्थालाई जोगाउने अभियानमा सक्रिय छन्। पारिजातको स्मारक बनेको छ। प्रत्येक वर्ष, पारिजातको नाममा लेखक-कलाकार



सङ्घर्षशील महिला प्रतिभाहरूको सम्मान हुँदै आएको देखिन्छ। प्रसिद्ध जनपक्षीय गायक तथा पारिजातका सक्रिय सहयोगी रायनको अध्यक्षतामा सदस्य-सचिव स्नेह सायमि र कोषाध्यक्ष दिल वरदानको सक्रियतामा सिर्जनशील कार्यहरू हुँदै आएका छन्। यस स्मृति केन्द्रका अन्य सदस्यहरूमा लक्ष्मी माली, डा. महेश मास्के, सुकन्या वाइवा, पदमरत्न तुलाधर, इन्दिरा दली, मातृका पोखरेल, वदन शर्मा र शार्दुल भट्टराईहरू संलग्न र सक्रिय छन्। म्हेपीकै पारिजात मार्गस्थित पारिजात स्मृति केन्द्रको कार्यालय अवस्थित छ। उद्देश्यमा समेटिएका थुप्रै कामहरूमा स्रष्टा/द्रष्टाहरूको सम्मान गर्ने परम्परा २०५१ सालदेखि नै नियमितरूपमा सञ्चालन गर्दै आएको देखिन्छ। सम्मान गरिएका सिर्जनशील स्रष्टाहरूमा 'पारिजात सृजन सम्मान' बाट कुन्ता शर्मा (२०५१), इस्माली (२०५२), पूर्णविराम (२०५३), सुरेशकिरण मानन्धर (२०५४), घनश्याम ढकाल (२०५५), मित्रलाल पंज्ञानी (२०५६), डा. ताराकान्त पाण्डेय (२०५७), रोशन जनकपुरी (अरविन्दकुमार लाल-२०५८), कृष्ण सेन 'इच्छुक' (२०५९), वासुदेव अधिकारी (२०६०), सुधा त्रिपाठी (२०६१), हरिगोविन्द लुइँटेल (२०६२), डा. जगदीशचन्द्र भण्डारी (२०६३), बूँद राना (२०६४), निनु चापागाईं (२०६५), रमेशरञ्जन झा (२०६६), निभा शाह (२०६७), विमल निभा (२०६८), चैतन्य (मोहन वैद्य 'किरण'-२०६९), प्रदीप नेपाल (२०७०), पुरुषोत्तम सुवेदी (२०७१), मोहन दुवाल (२०७२) र हेमनाथ पौडेल (२०७३) सम्मानित भएका छन्।

नारी मुक्ति अभियानमा सक्रिय रूपले लागेकी पारिजातले महिलाहरूको समूह बनाएर चेतना स्फुरण गर्ने अभियानमा लागेर भेटघाट गर्ने, अध्ययन-कक्ष सञ्चालन गर्ने लगायत थुप्रै खालका कार्यहरू सञ्चालन गरेको देखिन्छ। नारी मुक्ति नभएसम्म देशकै मुक्ति नहुने धारणा बोकेर चेतनाका फाँटहरू हुर्काउँदै आएकी पारिजातले प्रगतिशील वैचारिक धरातललाई आफ्नो पृष्ठभूमि बनाएर सक्रिय रूपले लागेको देखिन्छ। महिला आन्दोलनकै हस्ती, सङ्घर्षशील नारीका रूपमा पनि चिरपरिचित पारिजातको नाममा स्थापित 'पारिजात सङ्घर्षशील नारी' सम्मानले सम्मानित हुने नारीहरूमा राममाया नेपाली (२०५१), सुशीलादेवी चालिसे (२०५२), मोतीदेवी श्रेष्ठ (२०५३), नानीमैया नकर्मी (२०५४), राजेश्वरी सिंह (२०५५), साधना प्रधान (२०५६), चम्पा राना (२०५७), मरनीदेवी शाह (२०५८), शान्ता श्रेष्ठ (२०५९), छायादेवी पराजुली (२०६०), बमकुमारी बुढामगर (२०६१), शान्ता मानवी (२०६२), सन्तोषी विक (सन्ध्या-२०६३), रामकुमारी झाँक्री (२०६४), कमला नहर्की (२०६५), डा. रेणु राजभण्डारी (२०६६), शान्ता चौधरी (२०६७), विष्णुदेवी श्रेष्ठ (मुक्ता-२०६८), सहना प्रधान (२०६९), शान्तिकुमारी राई (२०७०), मिठाइदेवी विश्वकर्मा (२०७१), मसिनीमाया स्याङ्वा (२०७२), शशि श्रेष्ठ (२०७३) सम्मानित भएको देखिन्छ। राणाकालीन अँध्यारो कालरात्रिका विरुद्ध जुझेर प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्ष गर्नेहरूदेखि गणतान्त्रिक आन्दोलनसम्मका जुझारू महिलाहरूको सम्मान गर्ने कार्य गरेर यस केन्द्रले निकै महत्वपूर्ण कार्य गरेको प्रमाणित हुन्छ। 'सृजन सम्मान' प्राप्त गर्नेहरूमा पनि प्रगतिवादी चेतका सक्रिय लेखकहरूलाई सम्मान गरेको देखिन्छ। सम्मान गरिँदाका नाममा वरियताक्रम भत्किएको जस्तो, क्रम नमिलेजस्तो देखिँदो भए तापनि सम्मान गर्ने कार्यमा निरन्तरता देखाएर केन्द्र धन्य भएको छ।

यसै गरी पारिजात कला सम्मानले सम्मानित भइसकेका कलाकारहरूमा मोहन खड्का (२०५८), कुलमानसिंह भण्डारी (२०५९), हरिदर्शनधारी (२०६०), रामेश (२०६१), जेबी टुहुरे (२०६२), खुशीराम पाख्रिन (२०६३), किरण मानन्धर (२०६४), रामकृष्ण भण्डारी (२०६५), मानन्धर ल्याम्ह पुचः डाफा गुठी (२०६६), वदन शर्मा (२०६७), इन्द्रेणी सांस्कृतिक समाज (कीर्तिपुर-२०६८), नारदमणि हार्तम्छाली 'कलाङ' (२०६९), राजन काफ्ले (२०७०), जीवन शर्मा (२०७१), रविन सायमि (२०७२) र श्याम तमोट छन्। चित्र कोर्ने कलाकार, गीत/सङ्गीतमा सक्रिय गायक तथा सङ्गीतकारलाई दिँदै आएको यस सम्मानले जनपक्षीय कलाकार तथा गायक-सङ्गीतकारहरूलाई राष्ट्रमा चिनाउन सफल भएका छन्। यो कलाकार सम्मान २०५८ सालदेखि मात्र प्रदान गरेको देखिन्छ। वि.सं. २०७० देखि सम्मान गर्दै आएको 'पारिजात बाल-साहित्य' सम्मानले सम्मानित हुने बालसाहित्यकारहरूमा शान्तदास मानन्धर (२०७०), शारदारमण नेपाल (२०७१), विनयकुमार कसजू (२०७२) र विजय चालिसे (२०७३) सम्मानित भएका छन्।

पारिजातको नाममा बाल-साहित्य पाण्डुलिपि सम्मान प्राप्त गर्नेहरूमा रवीन नेपाली (२०५७), शाश्वत पराजुली (२०५८), दोर्जे छिरिङ लेप्चा (२०५९), लक्ष्मी उप्रेती (२०६०), सुकुम शर्मा (२०६१), अनन्तप्रसाद वाग्ले (२०६२), सौरभकिरण श्रेष्ठ (२०६३), अमर न्यौपाने (२०६४), माधव सयपत्री (२०६५) र विजयराज आचार्य (२०६६) छन्। पारिजात बाल-साहित्य पाण्डुलिपि प्रशंसापत्र प्राप्त गर्नेहरूमा सङ्गीत श्रोता, सविना सिन्धु, केदार श्रेष्ठहरू छन्। पारिजातका गरिमामय सिर्जना, साहित्यिक अभियानमा उनले पुऱ्याएर गएको यात्रा-प्रसङ्गहरू र जनता-देशका पक्षमा निरन्तर पुऱ्याएर गएका योगदानहरूलाई लिपिबद्ध गर्न र सिर्जनाहरूलाई अन्तर्राष्ट्रिय जगत्मा समेत पुऱ्याउन यस 'पारिजात स्मृति केन्द्र'ले अवश्य प्रभावकारी भूमिका निभाउनेछ।

पुस्तक चर्चा

## शहरको समाचार सुनाउँदै सुनील

किरण श्रेष्ठ

कविता, गीत, गजल, हाइकु, मुक्तक लेख्दै आएका सुनील पुरीको काव्य-यात्रा तीन दशक नाघिसकेको छ। कवितालाई माया गर्दै आएका यिनी कवितालाई नयाँ-नयाँ ढङ्गले प्रयोग गर्न रुचाउँछन्। वरिष्ठ साहित्यकार तथा शताब्दीपुरुष सत्यमोहन जोशीले 'शहरको समाचार' काव्य-कृतिमा दुई शब्द लेख्दै कविताको परिभाषा यसरी लेखेका छन्- 'कवितामा भाव प्रधान हुन्छ। त्यस भावभित्र कल्पना बुनिएको हुन्छ। अनि कल्पनाभित्र सङ्गीतमय लय पनि तरङ्गित भइरहेको हुन्छ। कवितामा यी तीन गुण भएपछि कविताले सुन्दर रुप धारण गर्दछ।'

यसै आधारमा राखेर सुनील पुरीका कविताहरु छाम्दा भन्न सकिन्छ, यस कविका कवितामा भावप्रधान रहेर कल्पना तरङ्गित छन् र कविता सरल भईकन सङ्गीतमय पनि छन्। 'शहरको सपना'मा कवि सुनीलले ३६ वटा कविता प्रकाशित गराएका छन्। सबैजसो कविताहरु सरल छन्। कविता-कृतिमा प्रकाशित कविताका केही अंशहरु यहाँ प्रस्तुत गरिएको छ-




*बरु, हाम्रो साझा पसिनाको*
*नीलो रङ्मा*
*हाम्रो साझा हृदयकाशको*
*प्रेम र सद्भावको नीलो मिसाएर*
*मिलीजुली लेखौं*
*हरियो रङले हरियो लेखौं*
*नीलो रङले नीलो लेखौं*
*सिर्जना लेख्न मन लागे सिर्जना लेखौं*
*विराट लेखौं*
*विशाल लेखौं*
*लेखिएको नेपाल पनि लेखौं*
*नलेखिएको नेपाल पनि लेखौं।*

यसरी जीवन र जगत्कै कविता अंशहरु कोर्छन् सुनील पुरी। 'अक्षरमा नेपाल'मा लेखेजस्तै 'मैनबत्तीको मन'मा उनी कविता यसरी लेख्छन्-

*जीवन- मैनबत्तीजस्तै बली जाने*
*जीवन मैनबत्तीजस्तै पग्ली जाने*
*ठडिनु त एक क्षणलाई*
*जम्नु त एक क्षणलाई*
*मैनबत्ती र मान्छेको मन।*

कविहरुको भीडमा सुनिल पुरीको अनुहार आफ्नै ढङ्गले देखिँदो छ। उनको मौलिकता आफ्नै खालको छ। उनको सिर्जनशील व्यक्तित्व भनेको नै उनको आफ्नै खालको अलग पहिचान हो। भावुकताभन्दा संवेदना र सञ्चेतना भर्ने कार्य गरेर कवितामा समसामयिकता भर्न यिनी प्रयत्नरत छन्। जीवनकै बारेमा, जगत्कै रितिथितिकै सन्दर्भमा शान्तिको पक्षमा कविता लेख्न यिनी लालायित छन्। यिनी षड्यन्त्र मन पराउँदैनन्, कुनियतको विरोधमा हुँकार गर्न रुचाउँछन् र निर्मोही प्रवृत्तिका विरुद्ध कविता रच्छन्। त्यसैले उनी शहरको तडकभडक मन पराउँदैनन् मात्र होइन, शहरलाई 'अबुझ शहर' भनी कवितामा व्यङ्ग्य गर्न खोज्छन्-

*शहरको मुक्त बजारले*
*बुझ्दैन पीडा*
*बुझ्दैन आँसुको मोल*
*बुझ्दैन दुःखको परिभाषा*
*... त्यसैले*
*म नडराई भनिदिन्छु*
*शहर बाँचेको छैन।*

कवि सुनील पुरी स्वच्छ सामाजिक वातावरणको खोजीमा मन राखेर कविता कोर्छन्, समुन्नत सामाजिक व्यवस्थाको चाहना राख्छन् र राज्यले शब्दशैलीमा, मीठो भावधारामा कविता खोप्न प्रयत्नरत कवि सुनील यस 'शहरको समाचार' कवितासङ्ग्रहमा आफूलाई चेतनशील जीवनवादी कविका रुपमा प्रमाणित गर्न सफल छन्। साहित्यलाई आफ्नो जीवनको एउटा बाटो सम्झेर बाँचेका पुरीले 'अर्को बुद्धको जन्म'मा कटु-सत्य आफ्नो कवितामा यसरी पोखेका छन्-

*हामीले बुद्ध चिनेनौं*
*अथवा बुद्धले हामीलाई चिनेन*
*आधुनिक बुद्ध एकोहोरो रटिरहन्छ*
*युद्ध*
*गृहयुद्ध*
*धर्मयुद्ध*
*महायुद्ध*

'के मेरो बुद्ध पिँजराको सुगा हो ?' सुनील पुरीले यस कविता-कृतिमा आफ्नो जीवनदर्शन, कविताले खोज्नुपर्ने सत्य-मन देखाउन खोजेका छन्। कवितामा आफ्नै खालको तरंग बोकेर देखा परेका छन्, आफ्नो शहरको समाचार सुनाउँदै आएका छन् सुनील पुरी। कवितामा प्रकाशित 'शहरको समाचार' सुनिरहूँजस्तो लाग्छ, सुनील पुरीलाई धन्यवाद !

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

असार १७ देखि २३ गतेसम्म

**मेष**
तपाईंका लागि यो साताको मंगलबारसम्म शुभ फलदायक छ भने बाँकी दिनहरु त्यति सन्तोषजनक देखिँदैनन्। शुरुका दिनहरुमा द्रव्यलाभ, खेलकुद, परीक्षा आदिमा सफलता हात लाग्ने, अड्किएका कामहरु पूरा हुने, समस्याको समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख हुने, मान-सम्मान, बढ्ने देखिन्छ। बुधबारबाट भने रोगको भय, काममा बाधा-व्यवधान, आर्थिक नोक्सानी, शारीरिक कष्ट होला।

**वृष**
तपाईंका लागि यो साता शुभ फलदायक छ। शुभ मांगलिक काम हुनेछ। आँटेका र गरेका कार्यहरु सफल हुनेछन्। रोजगार, वैदेशिक यात्रा, बढुवा, सम्पत्ति वृद्धिको सम्भावना छ। परिवार, साथीभाइ, इष्टमित्रबाट सहयोग पाइएला। व्यापार व्यवसाय वा गरिरहेको पेसाबाट राम्रै आम्दानी हुने देखिन्छ। समय शुभ भएकाले सबैको वाहवाही भइनेछ भने मान-सम्मानमा वृद्धि होला।

**मिथुन**
साताको शुरु आइतबारसम्म त्यति सन्तोषजनक छैन। छिमेकी-साथीभाइसँग विवाद, दुर्घटना, चोटपटक, रोगको भय, असफलता हुने देखिन्छ भने बाँकी सबै दिन उपलब्धिमूलक छन्। उपहार, सम्मान, पुरस्कार प्राप्तिको सम्भावना छ। व्यापार, ठेक्कापट्टा, पढाइ, खेलकुद आदिमा सफलता हासिल हुने, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता, फाइदाजनक भ्रमण, कार्य सफल हुने देखिन्छ। प्रयास सफल हुनेछ।

**कर्कट**
साताको धेरैजसो समय उत्तम फलदायक छ। सोमबार र मंगलबार काममा बाधा-व्यवधान, धन र समयको नोक्सानी, स्वास्थ्यमा प्रतिकूल असर परे पनि अन्य सबै दिन शुभ छन्। विपरीतलिंगीसँको सम्बन्धमा प्रगाढता आउनेछ। कुनै सवारीसाधन वा घरजग्गा वा सम्पत्ति जोड्ने सम्भावना छ। कूटनीति, बोली, कार्यशैली आदिबाट राम्रै काम बन्ला। लाभदायक एवम् रोमाञ्चित यात्राको सम्भावना छ।

**सिंह**
साताको मध्य अर्थात् मंगलबारसम्म तपाईंको भाग्य चम्किनेछ। अधुरा रहेका वा थालनी गरिएका कार्यहरु पूरा होलान्। आर्थिक लाभ हुनाले परिवारमा सुखशान्ति हुने, उत्तम भोजन पाइनेछ। स्वास्थ्य चुस्त-तन्दुरुस्त भएको अनुभूति हुने, पढाइ-लेखाइ वा पेसा व्यवसायमा सफलता हात पर्नेछ। तर बुधबारबाट भने साथीभाइसँग विवाद पर्ला, धन-सम्पत्तिको नोक्सानी हुने देखिन्छ।

**कन्या**
तपाईंका लागि यो साता उत्तम फलदायक छ। शुभ मांगलिक कामको थालनी हुने, हरेक कार्य सफल हुनेछ। वैदेशिक यात्रा, बढुवा, अचल सम्पत्ति वृद्धिको सम्भावना छ। साथीभाइ-इष्टमित्रबाट ठूलै सहयोग पाइएला। आफ्नो व्यापार व्यवसाय वा पेसाबाट राम्रै आर्थिक लाभ हुने देखिन्छ। उन्नति-प्रगतिका लागि गरेका प्रयासहरु खेर जानेछैनन्। बोली बिक्नेछ।

**तुला**
तापाईंका लागि साताको शुरु शुभ फलदायक छैन। राज्य सञ्चालकको भय, मान-प्रतिष्ठामा आघात, व्यापारिक असफलता, कष्टदायक यात्राको सम्भावना छ। तर सोमबारबाट भने दिनहरु शुभ छन्। स्वस्थताको महसुस हुने, आफ्नो व्यवसायबाट पर्याप्त आम्दानी हुने, गुम्न लागेको धन हात लाग्ने सम्भावना छ। त्यस्तै रोजगारीको अवसर मिल्ने, परीक्षामा सफलता हासिल हुने देखिन्छ।

**वृश्चिक**
तपाईंका लागि यस साताको मध्यभाग सोमबार र मंगलबार त्यति राम्रो देखिँदैन। बाँकी दिनहरु शुभ फलदायक छन्। विविध वस्तु वा सेवाको प्राप्ति होला। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। साथीभाइसँगको भेटघाट उपलब्धिमूलक हुनेछ। तर साताको मध्यभागमा भने अनावश्यक खर्च, स्वास्थ्य समस्या, चोटपटकको भय हुने देखिन्छ।

**धनु**
यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगिताहरुमा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। प्रेमी-प्रेमिकामा प्रगाढता, विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। बुधबारबाट भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, व्यवसाय वा जगिरमा बाधा व्यवधान प्रतिष्ठामा आँच आउन सक्छ।

**मकर**
तपाईंका लागि यो साता उत्तम फल दिनेवाला छ। सामान्य प्रयासले पनि धेरै काम बन्नेछन्। शुभ समाचार सुनिनेछ। गरेका कामहरु सफल हुनेछन्। आम्दानीको स्रोत बढ्नेछ। साथीभाइ वा इष्टमित्रको सहयोगले राम्रै काम बन्नेछ। व्यापारबाट राम्रो आम्दानी हुने, पठनपाठनमा सक्रियता बढ्ने, गरिरहेको रोजगारी वा व्यवसायबाट आत्मसन्तुष्टि मिल्नेछ। धन, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**कुम्भ**
साताको शुरुको दिन शनिबार केही खर्च र सामान्य स्वास्थ्य समस्या आउने सम्भावना छ। तर बाँकी दिनहरु भने धेरै लाभदायक छन्। इच्छित कार्यहरु पूरा हुँदा मन प्रफुल्लित हुनेछ। व्यापार, ठेक्कापट्टा वा गरिरहेको व्यवसायले सफलताको सिँढी चढ्नेछ। आम्दानीका स्रोतहरु बढ्नेछन्। नेतृत्व क्षमतामा वृद्धि हुँदा अरुहरु नतमस्तक हुनेछन्। इज्जत-प्रतिष्ठा नयाँ उचाइमा पुग्नेछ।

**मीन**
साता मिश्रित फलदायक छ। आइतबारसम्म द्रव्यलाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मानमा वृद्धि, ठूलै उपलब्धिको सम्भावना छ। तर सोमबार र मंगलबार परिवार-इष्टमित्रमा विवाद सृजना हुने, व्यर्थमा दौडधुप हुने, दिनचर्या अस्तव्यस्त हुनेछ। त्यसपछिका दिनहरुमा भने गरेका कामहरु सफल हुने, लगानीबाट लाभांश पाइने, व्यापारिक कारोबारबाट लाभ मिल्ने, खेल-परीक्षा आदिमा सफलता मिल्नेछ।

२०७४, असार
शनिबार
१७

मेयर शाक्य र उपमेयर हरिप्रभा खड्गीलगायत जनप्रतिनिधिले बागडोर सम्हालेको आज शनिबार एक महिना पूरा भएको छ। एक महिना अवधिमा मेयर शाक्यले घोषणा गरेअनुसारको काम हुन नसकेको कर्मचारीवृत्तमै आरोप लाग्न थालेको छ।

# नेपाल

## काठमाडौं महानगरपालिका

# कार्यक्रम घोषणा कार्यान्वयन शून्य

**ईश्वरराज ढकाल, काठमाडौं**

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले दोस्रो कार्यपालिकाको बैठकमा सबै जनप्रतिनिधिलाई मोबाइल किन्ने निर्णय गरे। त्यसको सर्वत्र विरोध भयो। पर्सिपल्ट निर्णय स्थगित गरे। मोबाइल खरिद गर्ने निर्णयको विरुद्धमा कर्मचारीले नै फेसबुकमा स्टाटस लेखे र विरोध जनाए।

त्यसको प्रतिफलस्वरूप कार्यकारी अधिकृत ईश्वरराज पौडेलले कर्मचारीको आचरण विरुद्ध फेसबुकमा किन प्रचार गरेको ? भन्दै स्पष्टीकरण सोधे। मेयर शाक्यको निर्देशनमा कार्यकारी अधिकृतले स्पष्टीकरण सोधेका थिए। एमालेका तर्फबाट मेयर बनेका शाक्यले एमालेकै कर्मचारी संघका उपाध्यक्ष शम्भु बरालसहित ३ जनालाई स्पष्टीकरण सोधेको स्रोतले जनाएको छ।

गत असार ६ गते बसेको कार्यपालिकाको बैठकमा मोबाइल खरिद गर्ने निर्णय गरिएको थियो। कार्यपालिकाको बैठकको ८ बुँदे निर्णयमध्ये निर्णय नं ३(ख) मा जनप्रतिनिधिलाई मोबाइल खरिद गर्न प्रतिव्यक्ति ३०/ ३० हजार दिने निर्णयको फेसबुकमा स्टाटस लेखेको र शेयर गरेको आरोपमा स्पष्टीकरण सोधिएको थियो।

स्रोतका अनुसार दीनानाथ सापकोटा, महेश्वर भुजेललाई स्पष्टीकरण सोधिएको हो। निर्णय फिर्ता लिने दिन असार ८ गते बैठक बसेर कर्मचारीलाई समेत कारवाही गर्ने निर्णय गरेका थिए। स्पष्टीकरण सोधिएका मध्ये भुजेल शाखा अधिकृत हुन्।

मेयर शाक्य र उपमेयर हरिप्रभा खड्गीलगायत जनप्रतिनिधिले बागडोर सम्हालेको आज शनिबार एक महिना पूरा भएको छ। एक महिना अवधिमा मेयर शाक्यले घोषणा गरेअनुसारको काम हुन नसकेको कर्मचारीवृत्तमै आरोप लाग्न थालेको छ। 'एक महिनाको अवधिमा जम्मा ५ वटा काम भएका छन् ती पनि पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन' -एक कर्मचारीले नेपाल समाचारपत्रसँग भने।

मेयरले कार्यभार सम्हालेको भोलिपल्ट जेठ १८ गते बाँसबारीबाट क्लिन द सिटी अभियान सञ्चालन गरिएको थियो। बिहान झिसमिसेमै फोहोर उठाउन निर्देशन दिएका मेयर शाक्यको सो अभियान अनुभूति गर्ने किसिमले सफल हुन सकेन। सफाइ कर्मचारीको अभावका कारण महानगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन हुन सकेको छैन।

मेयर शाक्यले भने निजी क्षेत्रको सहभागितामा फोहोर संकलन गर्ने घोषणा गरे पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन। एक महिना अवधिमा २०७२ सालको शक्तिशाली भूकम्पबाट ध्वस्त भएका निजी भवनको नक्सा पास निःशुल्क गर्ने निर्णय भने कार्यान्वयनमा आएको छ। ८८ वर्ष पुगेका बृद्धबृद्धालाई घरघरमा गएर स्वाथ्य परीक्षण गर्ने र उनीहरूलाई बृद्धभत्ता दिने निर्णय कार्यान्वयनमा आएको छ।

मेयर शाक्यले इजलाश शुरुआत गरेका छन्। इजलाश शुरु हुनु पनि योजना कार्यान्वयनको एउटा पाटो भएको कर्मचारीको भनाइ छ। साझा यातायातमा परिचयपत्रको आधारमा अपाङ्गता भएका र बृद्धबृद्धालाई उपत्यकामा निःशुल्क यात्रा गर्ने व्यवस्था शुरुआत भएको छ।

'योजनाअनुसारको काम शुरु भइरहेको छ, हामीले घोषणा गरेअनुरुप काम गर्दै जाने छौं' -कार्यपालिकाको दोस्रो बैठकको निर्णय सार्वजनिक गर्दा मेयर शाक्यले भनेका थिए। फोहोरबाट बत्ती बाल्ने परियोजना र साझा यातायातलाई ५ करोड रुपियाँ दिने निर्णय अघिल्लो कार्यकारी अधिकृतै पालामा भएको थियो।

एक महिनाको अवधिमा जति काम भएका छन् ती सबै कार्यान्वयन हुन अझै केही समय लाग्ने कर्मचारीको भनाइ छ।

## बालयौन दुराचारी जर्मन नागरिक पक्राउ

काठमाडौं, (नेस)

*विभिन्न समानहरू दिई ललाइफकाइ प्रलोभनमा पारी बालयौन दुराचारमा संलग्न रहेको अभियोगमा ठमेलबाट जर्मन नागरिक ६३ वर्षीय अलब्रेट फ्रेड क्लिङकेलाई केन्द्रीय अनुसन्धान ब्यूरोले पक्राउ गरेको छ।*

*यौन दुराचार गरी नेपाली बालकहरूलाई पीडित बनाउने गरेको भन्ने विशेष सूचनाका आधारमा ब्यूरोबाट निरन्तर निगरानी तथा अनुसन्धान गर्ने क्रममा जर्मन नागरिक बस्दै आएको होटलबाट १ जना नेपाली नाबालकलाई तत्काल उद्धार गरी उनलाई पक्राउ गरिएको ब्यूरोले जनाएको छ।*

*बालयौन दुराचार मुद्दाअन्तर्गत काठमाडौं जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भइरहेको छ।*

# प्रहरी अस्पताललाई १ करोड सहयोग

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रहरी महानिरीक्षक प्रकाश अर्यालले प्रहरी प्रधानकार्यालय कल्याण महाशाखाबाट नेपाल प्रहरी अस्पताल महाराजगन्जलाई १ करोड २५ लाख रुपियाँको थैली शुक्रबार हस्तान्तरण गर्नुभएको छ।

प्रहरी महानिरीक्षक अर्यालले एक समारोहबीच अस्पतालका मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखरेललाई उक्त रकम हस्तान्तरण गर्नुभएको थियो ।

सो अवसरमा प्रहरी महानिरीक्षक अर्यालले अवकाश प्राप्त प्रहरी कर्मचारी र तीनका परिवारको संख्या तथा औषधि उपचारको मूल्य प्रत्येक वर्ष बढ्दै गएको अवस्थामा प्रहरी कल्याण कोषबाट प्रदान गरिने रकममा समेत उचित बृद्धि गरिएको बताउनुभयो।

स्वास्थ्य उपचारको सन्दर्भमा पैसाभन्दा पनि कति गुणस्तरीय सेवा दिन सकियो, तल्लो तहका कर्मचारीलाई कति सन्तुष्टी दिन सकियो भन्नेमा अस्पतालले विशेष ध्यान दिई अझै गुणस्तरीय सेवा प्रदान गर्न अस्पताल प्रशासनलाई उहाँले निर्देशनसमेत दिनुभयो।

सरकार र प्रहरी संगठनले अस्पतालको सेवा, साधनस्रोतमा गरेको खर्चतर्फ ध्यान दिई सोहीअनुरुपको प्रतिफल आउनुपर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक अर्यालले राष्ट्र र जनताको सेवामा अहोरात्र खटिने प्रहरी कर्मचारीको स्वास्थ्यजस्तो संवेदनशील सेवामा खटिने अस्पतालका स्वास्थ्यकर्मीहरूले समपर्णभाव र कर्तव्यनिष्ठ भई सेवालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। अस्पतालको विकास र सुधारका लागि आफू निरन्तर प्रयासरत रहिरहनेसमेत उहाँले उल्लेख गर्नुभयो।

उक्त अवसरमा अस्पतालका मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखरेलले सरकारबाट अस्पताललाई प्राप्त रकम प्रहरी कर्मचारीको नियमित स्वास्थ्य उपचारमा खर्च गरिने तथा कल्याण कोषबाट प्राप्त रकम अस्पतालको कल्याण कोषमा जम्मा गरी पूर्व प्रहरी कर्मचारी तथा तिनका परिवारको सेवामा खर्च गरिने जानकारी दिनुभयो।

प्रहरी प्रधानकार्यालय कल्याण महाशाखाले उक्त अस्पताललाई प्रत्येक वर्ष निश्चित रकम उपलब्ध गराउँदै आएकोमा यस वर्ष २५ लाख रुपियाँ थप गरिएको सो अवसरमा जानकारी गराइयो।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सर्वेन्द्र खनालले धन्यवाद ज्ञापन गर्नुभएको सो समारोहमा प्रहरी नायब महानिरीक्षकहरूलगायत वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो।

## अवैध भारतीय रुपियाँसहित पक्राउ

काठमाडौं, (नेस)

भारतले प्रतिबन्ध लगाएको ५ सय र १ हजार दरका नोटहरू नेपालमा भित्र्याइ काठमाडौंलगायत नेपालका विभिन्न स्थानमा अबैध रुपमा कारोबार गर्दै आएका २ जनालाई केन्द्रीय अनुसन्धान ब्यूरोले बिहीबार पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं टोखा नगरपालिका-९ खरीबोट डेरा गरी बस्ने झापा, बिर्तामोड नगरपालिका-७ का गणेश घिमिरे र काठमाडौं महानगरपालिका-३१ मिनभवनका तीर्थराज पोखरेल रहेका छन्।

उनीहरूबाट ५ सय दरका ८ सय १० वटा नोटको जम्मा ४ लाख ५ हजार, १ हजार दरका ९५ थान नोटको जम्मा ९५ हजार, बा ५५ प ६१८६ नम्बरको मोटरसाइकल र कालो झोला बरामद भएको छ।

नेपालका विभिन्न नाकाहरूबाट अवैध तरिकाले भारतीय रुपियाँ ल्याएर कारोबार भइरहेको छ भन्ने सुराकीको आधारमा खटिएको ब्यूरोको टोलीले बुद्धनगरस्थित सडकमा उक्त मोटरसाइकलमा जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार गणेशले भिरेको झोलाभित्र उक्त परिमाणमा भारतीय रुपियाँ फेला परेको तथा तीर्थराजले प्रतिबन्धित भारतिय रुपियाँ भारतबाट सस्तो मूल्यमा खरिद गरी अवैध तरिकाले अर्थोपार्जन गर्ने उद्देश्यका साथ काठमाडौं ल्याएको खुल्न आएपछि दुबैजनालाई पक्राउ गरिएको ब्यूरोले जनाएको छ।

## बेलायतद्वारा स्वागत

काठमाडौं, (नेस)

बेलायतले नेपालमा दोस्रो चरणको स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा त्यसको स्वागत गरेको छ। बेलायतले प्रदेश २ मा पनि उपयुक्त वातावरण बनाएर आफ्ना जनप्रतिनिधि छान्ने मौका दिन आग्रह गरेको छ।

शुक्रबार जारी गरिएको वक्तव्यमा आन्दोलनहरू शान्तिपूर्ण रूपमा गर्न र सुरक्षा निकायले पनि आवश्यक धैर्यता राख्न आग्रह गरिएको छ।

# पूर्वसांसदहरूले मागे सेवा–सुविधा

## प्रमुख दलका सचेतकले दिए आश्वासन

**नेपाल समाचारपत्र**

काठमाडौं

पूर्व सांसदहरूले आफूहरूले देशका लागि महत्वपूर्ण योगदान दिएको भन्दै राज्यबाट सेवासुविधाको माग गरेका छन्। उहाँहरूको मागलाई नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका प्रमुख सचेतक तथा सांसदहरूले पनि पूरा गराउने आश्वासन दिनुभएको छ।

५९औं संसद दिवसको अवसरमा नयाँ बानेश्वरमा आयोजित कार्यक्रममा पूर्वसांसदहरूले राज्यबाट आवास तथा भत्तासहितका सेवासुविधाको माग गरेका छन्। कार्यक्रममा बोल्दै प्रमुख दलका प्रमुख सचेतकहरूले राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएका पूर्वसांसदहरूलाई राज्यले आवश्यक सेवा र सुविधा उपलब्ध नगराएकोमा आपत्ति जनाउनुभएको थियो।

कांग्रेस प्रमुख सचेतक श्रेष्ठले पूर्वसांसदहरूको सेवा र सुविधा उपलब्ध गराउन सक्दो पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। उहाँले पूर्वसांसदहरू मुलुक निर्माणका लागि खारिएका व्यक्तित्व भएको उल्लेख गर्दै उहाँहरूको सम्मान गर्नु राष्ट्रकै दायित्व भएको बताउनुभयो।

त्यस्तै, एमाले संसदीय दलका प्रमुख सचेतक भानुभक्त ढकालले पूर्वसांसदहरूलाई राज्यले सम्मान गर्नुपर्ने भन्दै उहाँहरूलाई यातायातको व्यवस्था, निःशुल्क उपचार खर्चको व्यवस्था गर्न आफ्नो पार्टी लागि पर्ने बताउनुभयो।

सत्तारुढ नेकपा माओवादी केन्द्रका सांसद रामनारायण बिडारीले पूर्वसांसदहरूलाई सेवा र सुविधा नदिएर राज्यले अपमान गरिरहेको आरोप लाउँदै तत्काल पूर्वसांसदहरूलाई उचित सेवा, सुविधाको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो।

कार्यक्रममा पूर्वसभामुख तारानाथ रानाभाटले जनताको भावनाअनुसार नचले संसदीय व्यवस्थाको औचित्य नरहने बताउँदै ठूला तीन दल राष्ट्र र जनताको सेवा गर्न प्रतिबद्ध हुनुपर्ने बताउनुभयो। कार्यक्रममा विभिन्न पार्टीका नेता तथा पूर्वसांसदहरूले उपचार खर्च र यातायातका साधनको व्यवस्था गर्न सरकारसँग माग गरेका थिए।




**म्यान्मारका लागि नेपालका राजदूत भीम उदास म्यान्मारका राष्ट्रपति उ थीन क्या समक्ष केही दिन अघि आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्दै।**
**तस्वीर : नेपाल समाचारपत्र**

## श्रमजीवी पत्रकार ऐन कार्यान्वयनमा जोड

भक्तपुर, (नेस)। नेपाल पत्रकार महासंघ जिल्ला शाखा भक्तपुरको समन्वयमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको एक दिने अन्तरकृया कार्यक्रम भक्तपुरमा सम्पन्न भएको छ।

कार्यक्रममा समितिका बोर्ड सदस्य युवराज विद्रोहीले समितिले श्रमजीवी पत्रकारहरूको पारिश्रमिकका बारेमा उपत्यकालगायत देशभरिका सञ्चारमाध्यममा अनुगमन गरिरहेको बताउनुभयो। उहाँले समितिले पत्रकारहरूको हकहित र अधिकारका लागि साउन एक गतेदखि कडाइका साथ समितिले तोकेअनुसारको पारिश्रमिक दिनका लागि सञ्चारगृहमा अनुगमन र पहल गर्ने बताउनुभयो।

कार्यक्रममा पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य दिलिप थापा मगरले पत्रकारहरूले पनि ऐन कार्यान्वयन र आफ्ना हकहित र अधिकारका लागि निर्धक्क आवाज उठाउनुपर्नेमा जोड दिँदै पत्रकारले आफ्नो दक्षता अभिबृद्धिमा ध्यान दिनुपर्ने औंल्याउनुभयो। शाखा अध्यक्ष पुष्करराज बुढाथोकीले समितिले संचारगृहलाई समेत समृद्ध बनाउँदै पत्रकारका हकहितका पक्षमा वकालत गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा शाखाका पूर्वअध्यक्ष विकल श्रेष्ठ, शाखाका उपाध्यक्ष रोशन शिल्पकार, सचिव कृष्णप्रसाद नेपाल, रफत सञ्चार क्लबका अध्यक्ष सुशिलबन्धु थापा, पत्रकार प्रविण जोशी, पत्रकार महासंघ गोरखापत्र शाखाका सचिव नगेन्द्र सापकोटासदस्य जयराम बास्तोला, हेमराज ढकाललगायतले श्रमजीवी पत्रकार ऐन तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा पत्रकार कमल न्यौपानेले समितिले कहिलेकाँही अनुगमन गरेर मात्रै ऐनको कार्यान्वयन सम्भव नभएको भन्दै ऐन कार्यान्वयनका लागि समिति प्रभावकारी रुपमा योजनाबद्ध ढंगबाट अघि बढ्नुपर्ने बताउनुभयो।

सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शत्रु विजय, खेलकुद, परीक्षा, मुद्दामामिला आदिमा सफलता ।
**वृष** : धन-सम्पत्ति प्राप्ति, कार्यसिद्धि, सन्तान-सुख, विविध लाभ ।
**मिथुन** : दिनचर्या अस्तव्यस्त, अपच, दौडधुप, विवाद, चिन्ता ।
**कर्कट** : मान-सम्मान, उन्नति-प्रगति हुने, द्रव्य लाभ हुनेछ ।
**सिंह** : प्रसन्नता, सुख-सन्तोष, धनलाभ, उपलब्धिमूलक लगानी हुनेछ ।
**कन्या** : कोसेली, पुरस्कार, धन प्राप्ति, कार्य सफल, मिष्ठान्न भोजन ।
**तुला** : चोटपटकको सम्भावना, अस्वस्थता, इष्टमित्रसँग विवाद ।
**वृश्चिक** : वस्तु वा सेवाको प्राप्ति, मिष्ठान्न भोजन, पैसा हात पर्ने ।
**धनु** : कार्यसिद्धि, निरोगिता, सुख-सन्तोष, दिमाग स्वच्छ हुनेछ ।
**मकर** : राजनीति एवम् व्यापारमा सफलता, ऐश्वर्य वृद्धि, कार्य सफल ।
**कुम्भ** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, कष्ट ।
**मीन** : सम्पत्ति प्राप्ति, समस्या समाधान, पढाइ-लेखाइमा सफलता ।

# नेपाल

'सुरक्षा स्वास्थ्य र विपत्जस्ता सार्वजनिक महत्त्वका विषयबाहेक अन्य माइकिङलाई निषेध गरेर जाने निर्णय भएको छ' -मेयर जिसीले भने। साथै निषेधित कार्य गरेको पाइएमा कानुनअनुसार कारबाहीसमेत गरिने महानगरपालिका कार्यालयले जनाएको छ।

## मधेसको भावना एमालेले मात्रै बुझ्छ : नेपाल

कृष्णउदास खनाल, वीरगन्ज

नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मधेसको भावना बुझेको वास्तविक पार्टी एमाले मात्रै भएको जिकिर गर्नुभएको छ।

एमाले महानगर संगठन कमिटीले वीरगन्जमा आयोजना गरेको मुस्लिम समुदायको महान् पर्व इद उल फित्रको पावन उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेता नेपालले मधेसवादी दलहरूले नेकपा एमाले मधेस विरोधी पार्टी रहेको भन्दै प्रचारप्रसार गरिरहेको भए पनि यो कुनै जाति, समुदाय, वर्ग, क्षेत्र, लिंगको पार्टी नभई नेपाली जनताको पार्टी रहेको बताउनुभयो। २०१५, २०४७, २०६२/०६३ मा परिवर्तनका लागि भएको आन्दोलनमा नेकपा एमालेको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्नुहुँदै उहाँले पार्टी कसैको विरोधी नभई इमानदार, निष्पक्ष रूपमा नेपाली जनताको हितमा काम गर्दै आएको बताउनुभयो।



अपांग, दलित, एकल महिला, वृद्ध भत्ताको व्यवस्था, जनता आवास कार्यक्रम, निजगढमा बन्न लागेको अन्तर्राष्ट्रिय विमानस्थल, फास्टट्र्याकलगायतका विभिन्न कामहरू एमालेकै सरकारमा शुरू भएको दाबी गर्नुहुँदै नेता नेपालले स्थानीय तहको चुनावबाट सिंहदरबारको अधिकार गाउँ, टोलमा पुग्ने बताउनुभयो। दुई चार वर्षदेखि मधेसमा राजनीतिक गर्दै आएका मधेसवादी दलहरूले आफूलाई मधेसको मसिहा ठान्ने गरेको तर नेकपा एमाले दशकौंदेखि मधेस, पहाड, हिमालको विकासमा अहोरात्र काम गर्दै आएको बताउनुभयो।

पार्टीका नगर संयोजक उसमान अन्सारीको सभापतित्वमा भएको कार्यक्रममा पोलिट ब्युरो सदस्य नागेन्द्र चौधरी, सांसद राजकुमार गुप्ता, बिचारी यादव, जयप्रकाश थारू, रामचन्द्र साह, पर्सा संयोजक प्रभु हजरा, त्यसै गरी नेताहरू विश्वम्भर शर्मा, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष श्याम बञ्जारालगायतले शुभकामना मनतव्य व्यक्त गर्नुभएको थियो। पत्रकार बृजलाल पासवानले कार्यक्रम सहजीकरण गर्नुभएको हो।

## पोखरामा पनि अब 'हर्न निषेधित'

धन बस्नेत, पोखरा

बढ्दो सवारी चापसँगै ध्वनि प्रदूषण नियन्त्रण गर्न पोखरा लेखनाथ महानगरपालिकाले 'नो हर्न' को तयारी गरेको छ। अबको १५ दिनपछि पोखरालाई हर्न निषेधित बनाउने अभियानमा महानगरपालिका जुटेको छ। साउनदेखि कार्यान्वयनमा ल्याउने उद्देश्यसहित हर्न निषेधितका लागि विभिन्न सरोकार निकायसँग छलफलसमेत भई निर्णय गरिएको छ। सर्वपक्षीय बैठकले साउन १ गतेदेखि महानगर क्षेत्रभित्र हर्न बजाउन नपाउने नीति लागू गर्ने निर्णय गरेको हो।

'साउन १ गतेदेखि पोखरा हर्न निषेधित क्षेत्र घोषणा हुनेछ', महानगरपालिकाका मेयर मानबहादुर जिसीले शुक्रबार महानगरपालिकाकै सभाहलमा आयोजित पत्रकार सम्मेलनमा भने भने- 'त्यसका लागि १५ दिन अगावै आन्तरिक तयारी गरिरहेका छौं।' बजार क्षेत्रमा विशेष गरी अनावश्यक रूपमा चर्को हर्न बजाउने प्रवृत्तिले सर्वसाधारण त्रसित हुने गरेका छन्। बजार क्षेत्रमा ट्राफिकले निर्देशित गरेका ठाउँहरूमा निषेधित गरिने उनको भनाइ थियो।

आकस्मिकबाहेक अन्य अवस्थामा हर्न बजाउन पाइने छैन। त्यसका लागि असार महिनाभर प्रचारप्रसार गरिनेछ। महानगरको विभिन्न क्षेत्र तथा विभिन्न सञ्चारमाध्यममार्फत हर्न बजाउन नपाइनेबारे जनचेतनामूलक सूचना प्रवाह गर्ने र साउन १ गतेदेखि नियम लागू हुनेछ। यो नियम एम्बुलेन्स, सुरक्षाकर्मी, शव बाहन, दमकललगायत आकस्मिक प्रयोजनमा कुद्ने सवारीका हकमा लागू नहुने मेयर जिसीले बताए। उनका अनुसार गम्भीर दुर्घटना हुने गरी खतरा भएमा र सवारी गुडिरहँदा सडकको एक भागबाट अर्को भाग नदेखिने मोड आएमा मात्रै हर्न बजाउन पाइनेछ। यस्ता जोखिमयुक्त मोडहरूमा पनि प्रेसर हर्न बजाउन पाइने छैन।

अनावश्यक रूपमा हर्न बजाए ट्राफिक प्रहरी र यातायात व्यवस्था विभागले ५ सय रुपियाँसम्म जरिवाना गर्नेछ। यस्ता कारबाहीको रेकर्ड पनि राखिनेछ। दोस्रोपटक पनि हर्न बजाएको कारबाहीमा परे १ हजार रुपियाँ र तेस्रोपटक कारबाहीमा पर्दा १५ सय रुपियाँसम्म जरिवाना तिर्नुपर्नेछ। जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका सूचना अधिकृत एवं प्रहरी नायब निरीक्षक शिव थापाले नो हर्नको नियम लागू भएपछि हर्न बजाएको भेटिएमा कारबाही गरिने बताए।

### जथाभावी माइकिङ निषेध

पोखराको बजारमा आफ्नो अनुकूलमा माइकिङ हुँदै आएको छ। सार्वजनिक सूचनाभन्दा पनि व्यावसायिक प्रवर्द्धनका त्यस्ता माइकिङले सर्वसाधारणलाई समेत असर पुऱ्याउँदै आएको छ। तर अब त्यस्ता माइकिङलाई महानगरपालिकाले निषेध गर्ने निर्णय गरेको छ। पोखरा लेखनाथ महानगरपालिकाले आगामी साउन १ गतेदेखि महानगरलाई माइकिङ निषेधित क्षेत्र बनाउने निर्णय गरेको छ। माइकिङको कारण महानगरमा ध्वनि प्रदूषण बढेपछि नो हर्न जोनसँगै माइकिङ निषेधित क्षेत्र बनाउने निर्णय गरिएको मेयर मानबहादुर जिसीले पिसपोखरालाई बताए।

'सुरक्षा स्वास्थ्य र विपत्जस्ता सार्वजनिक महत्त्वका विषयबाहेक अन्य माइकिङलाई निषेध गरेर जाने निर्णय भएको छ' -मेयर जिसीले भने। साथै निषेधित कार्य गरेको पाइएमा कानुनअनुसार कारबाहीसमेत गरिने महानगरपालिका कार्यालयले जनाएको छ।

### अब रात्रिबस सञ्चालन

साँझ नपर्दै पोखरामा सार्वजनिक सवारी पाइँदैनन्। अबेर गन्तव्यमा पुग्न समस्या हुने गरेको छ। तर अब पर्यटकीय क्षेत्र लेकसाइड क्षेत्र २४ घण्टा खुल्ने सम्भावना देखिएपछि सार्वजनिक यातायातलाई पनि रातिसम्म सञ्चालन गर्न सम्बन्धित निकायलाई महानगरपालिकाले आग्रह गरेको छ। साँझ ७ बजेसम्म सञ्चालन हुने नगरबसको समय बढाएर ९ बजेसम्म पुऱ्याउन लागिएको हो।

गत जेठ ३० गते बसेको यातायात व्यवस्था समितिको बैठकले गठन गरेको कार्यदलले दिएको सुझावका आधारमा तत्कालका लागि दुईवटा रुट पहिचान गरी राति ९ बजेसम्म नगरबस सञ्चालनका लागि सिफारिस गरिएको छ। कार्यदलका संयोजक एवं जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत अनिल शाहीको अध्यक्षमा बसेको बैठकले तत्काल सवारी सञ्चालन गर्ने रुट पहिचान गरेको हो।

पहिलो चरणमा हल्लनचोकदेखि काँहुखोलासम्म र फेवातालदेखि बिरौटा हुँदै केआईसिंह पुलसम्मको रुटमा राति ९ बजेसम्म नगर बस सञ्चालन गर्ने निर्णय गरिएको छ। त्यसका लागि पोखरा बस व्यवसायी समितिअन्तर्गतको ८ वटा बस दुईवटा रुटमा चार/चारवटाको दरले गुड्नेछन्। प्रत्येक आधा घण्टाको फरकमा बस छुट्ने गरी क्यु व्यवस्थापनको जिम्मा सम्बन्धित यातायात व्यवसायी समितिलाई दिइएको कार्यदलका संयोजक शाहीले बताए।

## माइक्रोबसले स्कुटरलाई ठक्कर दिँदा दुईको मृत्यु

सोनी खनिया, तनहुँ

तनहुँमा बसले स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार दुई जनाको ज्यान गएको छ। पृथ्वी राजमार्गअन्तर्गत दमौली-पोखरा सडकखण्डको म्याग्दे गाउँपालिका वडा नं. १ तल्लो गुणादीमा माइक्रोबस र स्कुटर एकआपसमा ठोक्किँदा दुई जनाको ज्यान गएको हो।

शुक्रबार दमौलीबाट पोखरातर्फ जाँदै गरेको ग१ख ३६९१ नम्बरको बसले पोखरा तर्फबाट आउँदै गरेको ग१२प ६३४९ नम्बरको स्कुटरलाई ठक्कर दिएको हो। स्कुटरमा सवार म्याग्दे गाउँपालिका वडा नं. १ का १७ वर्षीय वसन्त सारु र सोही स्थान निवासी वर्ष १७ कै मन्दीप थापाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले जानकारी दिए।

घटनाको विरोधमा म्याग्दे गाउँपालिकाको वडा नं. १ तल्लो गुणादीका स्थानीयबासीले केही समय पृथ्वी राजमार्ग अवरुद्धसमेत गरेको थिए। दुर्घटनापछि तत्काल दुर्घटना संलग्न माइक्रोबस, चालक सिन्धुली जिल्ला हतपते गाविस घर भएका मिथुन भुजेल र स्कुटरलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

## सुरक्षित वैदेशिक रोजगारमा प्रेसको भूमिका महत्त्वपूर्ण

नेपाल समाचारपत्र

महोत्तरी

महोत्तरीको जलेश्वरमा सामी परियोजनाले सुरक्षित वैदेशिक रोजगारमा प्रेसको भूमिका महत्त्वपूर्ण रहेकाले प्रेस भेटघाट कार्यक्रम गरेको छ। जलेश्वरको नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको सभाहलमा जिल्ला समन्वय समितिको स्थानीय विकास अधिकारी युवराज पौडेलको अध्यक्षतामा सामी परियोजनाले सुरक्षित वैदेशिक रोजगार प्रेस भेटघाट कार्यक्रम गरेको छ। पत्रकार भेटघाटको कार्यक्रमको आयोजना गरी सामी परियोजनाका गतिविधिबारे जानकारी गराएको हो।

महोत्तरीमा सामी परियोजनाको सूचना तथा परामर्श केन्द्र जलेश्वरमा मात्र रहेकाले हाल परियोजनाले विभिन्न प्रक्रिया अपनाई १५ वटा गाविसलाई मात्र कार्यक्षेत्रको रूपमा फोकस गरेको सामी परियोजनाका जिल्ला संयोजक कमलेश सिंहले बताए। उनले महोत्तरीमा सामी परियोजनाले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन विभिन्न जनचेतनामूलक कार्यक्रम गरेको, सुरक्षित वैदेशिक रोजगारसम्बन्धी तालिम, विद्यालयमा अभिमुखीकरण कार्यक्रम, सामाजिक परिचालकहरूका लागि वैदेशिक रोजगारीसम्बन्धी अभिमुखीकरण कार्यक्रम, गाविस सचिव, राजनीतिक दल, पत्रकार, सामाजिक शिक्षक, ग्रामीण स्तरका स्वयम्सेविका, वडा नागरिक मञ्चका पदाधिकारी, स्थानीय एफएममा कार्यक्रम, प्रसारण, रिटर्नी स्वयम्सेवकसँग अनुशिक्षण बैठकलगायतका कार्यक्रम गरेको जिल्ला संयोजक सिंहले बताए।

महोत्तरीमा सामी परियोजना लागू भएपछि जिल्ला स्तरमा सूचना पहुँचमा ३ हजार ९ सय ५० जना लाभान्वित भएको, गाउँस्तरमा १५ हजार ७ सय ९० जना लाभान्वित भएको, ४५ जनाले सीपमूलक तालिम लिएको, वैदेशिक रोजगारीमा ठगी, अलपत्रमा परी समस्यामा परेको भनी १ सय ५ मुद्दा दर्ता गरेको भए पनि ७६ वटा समस्या मात्र समाधान भएको, स्थानीय स्तरमा छलफलबाट २९ मुद्दा समाधान भएका सामी परियोजनाले सञ्चालन गरेको सूचना केन्द्रका सावन कुमार सवनमले बताउँदै वैदेशिक रोजगारीमा छँदा अंगभंग तथा मृत्यु भएको ३३ जनालाई स्वदेश झिकाउन सहयोग गरिएको जानकारी गराए।

महोत्तरीमा सामी परियोजना लागू भएपछि परियोजनाले सचेत गराएपछि वैदेशिक रोजगारीमा गएर ज्यान गुमाउनेको संख्या कमी आएको उनले थपे। यता जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रशासकीय अधिकृत शम्भु यादवले सामी परियोजनाबाट वैदेशिक रोजगारीका सवालमा पर्न सक्ने अप्ठेरा परिस्थिति, आवश्यक सीप, विदेश जाँदा आवश्यक कागजातलगायतका बारेमा जानकारी गराएपछि मात्र राहदानी बनाउने बताउँदै बिना लाइसेन्सधारी एजेन्टको चपेटामा परी सेवाग्राही मर्कामा परेकाले जिल्लालगायत ग्रामीणस्तरमा काउन्सेलिङ सेन्टर हुनुपर्ने तथा लाइसेन्स मान्यताप्राप्त संस्थाबाट मात्र वैदेशिक रोजगार जाने जनचेतना सेवाग्राहीमा पुऱ्याउनुपर्नेमा जोड दिए।

यस्तै जिल्ला समन्वय समिति महोत्तरीका स्थानीय विकास अधिकारी युवराज पौडेलले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनेमा जोड दिए।

## धानखेत मासेर पक्की घर निर्माण

नेपाल समाचारपत्र

चण्डेनीमण्डन

अढाई वर्ष अघि ०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पमा जिल्लामै सबैभन्दा बढी मानवीय क्षति बेहोरेको मण्डनदेउपुर नगरपालिका-१० चण्डेनीमण्डनमा अहिले पुनर्निर्माणको काम शुरू भएको छ। तर धेरैजसो पीडितले यति बेला धान रोप्ने खेत मासेर पक्की घर निर्माण शुरू गरेको पाइएको छ।

पुरानो घर भत्किएको ठाउँ सम्याएर घर बनाउन धेरै समस्या भएकाले पीडितहरूले यसरी धानखेत मासेर घर बनाउन थालेका हुन्। पुरानो घर भएको ठाउँसम्म निर्माण सामग्री लैजान पनि समस्या छ। धान खेत बाटो नजिकै भएकाले सामान ओसार्न सजिलो हुने कारणले पनि आफूहरूले खेतमा घर बनाउन शुरू गरेको पीडितहरूले बताएका छन्। यतिखेर धानखेत मासेर त्यस भेगमा दर्जनभन्दा धेरै पक्की घरहरू निर्माण गरिसकिएको छ।

चण्डेनीमण्डनका विष्णुप्रसाद नेपालले गत वर्ष आफ्नो खेतमा धान रोपाइँ गरेका थिए। यस वर्ष त्यो खेतमा उनले धान रोप्ने झन्झट गर्ने छैनन्। किनभने त्यस खेतमा उनको पक्की घर बनाउने काम अन्तिमतिर पुगिसकेको छ। 'के गर्नु एउटा बास त बनाउनै पर्ने रहेछ', उनी भन्छन्- 'सधैं टहरामै बस्न नसकिने रहेछ। पहिले बास अनि गासको खोजी गर्नुपर्ने अवस्था आएकाले खेतमै घर बनाउन थालेको हुँ।' सडक नजिकै खेत भएकाले निर्माण सामानहरू लैजान सजिलो हुँदा अन्यत्र घर बनाउने ठाउँ भए पनि खेतमै घर बनाएको उनले बताए। विष्णुप्रसाद जस्तै यसभेगमा सुन्दर नेपाल, हरिप्रसाद नेपाल, केशव नेपाल, कृष्णप्रसाद नेपाल, उद्धव नेपाल, बद्रीप्रसाद नेपाललगायत पीडितहरूको घर बनाउने जग्गासमेत छैन। त्यसैले थोरै मात्र भएको खेतमै घर बनाउनुपरेको स्थानीय नारायण माझीले बताए। यस गाउँमा पनि भर्खरै पक्की घरहरू निर्माण शुरू भएको उनले जानकारी दिए।

चण्डेनीमण्डनमा ९८ प्रतिशत घरहरू भूकम्पमा ध्वस्त भएका रकमको पर्खाइमा रहेको यस भेगमा पुनर्निर्माणमा सक्रिय सहयोग गरिरहेको संस्था कारितास नेपालका प्रतिनिधि पुष्पराज नेपालले जानकारी दिनुभएको छ। निर्माण शुरू भएका धेरैजसो ठाउँमा खेतीयोग्य जमिनमै घर बनाउन थालिएको छ। यसले भविष्यमा खेतीयोग्य जमिन घटेर



थुप्रैले धान खेतमा घर निर्माण शुरू गरिसकेका छन्।

यस गाउँमा जस्तै नजिकैको आँपचौरस्थित माझी गाउँ र जोगिटारमा पनि खेतमै इँटा बनाएर पक्की घर निर्माण गर्नेहरूको संख्या बढ्दै छ। आँपचौरमा त थिए। जसमध्ये ९ सय ८४ परिवारले पहिलो किस्ताको रकम ५० हजार लिएका छन् भने २ सयजतिले घर बनाउन शुरू गरेका छन्। ४४ जनाले दोस्रो किस्ताको रकम १ लाख ५० हजार बुझेका छन्। केही घरहरू निर्माण सकिएर तेस्रो किस्ताको जमिनको क्षति हुने भएकाले सकेसम्म उब्जाउ गर्न नमिल्ने ठाउँमा घर बनाउन उहाँको पीडितलाई सुझाव छ। कतिपय ठाउँमा त खेतीयोग्य जमिनलाई प्लटिङ गरेर जग्गा बिक्री गरिएको पाइएको समेत उहाँले जानकारी दिनुभयो।

## त्यहाँ कतै देखिँदैन फोहोर

नेपाल समाचारपत्र

हेटौंडा

आजभोलि थाहानगर-९, चित्लाङस्थित माझगाउँमा बाटो, नाली र घरवरिपरि फोहोर देखिँदैन। कतै फोहोर देखिए स्थानीयहरू बाटोवरिपरि राखिएको डस्बिनमा राखिदिन्छन्।

उत्तरी मकवानपुरका पर्यटकीय क्षेत्रहरू सुन्दरसँगै सफा बन्दै गएको हुन्। गाउँलाई पूर्ण सरसफाइ घोषणा गर्ने तयारी गरिरहेका उनीहरू महिनाको दुईपटक सामूहिकरूपमा गाउँको सरसफाइ गर्छन्। थाहा-९ स्थित चित्लाङमा एक वर्षअघिसम्म बाटो र घरवरिपरि जताततै फोहोर देखिन्थ्यो।



६१ वर्षीय गौरी बलामी सरसफाइका कारण गाउँमा झाडापखालालगायत सरुवा रोगको संक्रमणमा कमी भएको बताउँछिन्। सरसफाइ अभियानकी सदस्य बुद्धलक्ष्मी बलामी भन्नुहुन्छ- 'सबै गाउँले मिलेर सरसफाइ गर्न थालेपछि गाउँको मुहार नै परिवर्तन भएको छ। सरसफाइका कारण पर्यटकहरू आकर्षित हुन थालेको उहाँको भनाइ छ।

स्थानीयहरूले घरमा नै चौपाया पाल्ने गर्दथे। तर, सरसफाइ अभियानपछि चौपायालाई छुट्टै गोठ बनाएर राख्न थालिएको छ। भूकम्पले भत्किएका चर्पीहरू पुनर्निर्माणपछि राडो नेपालले पूर्ण सरसफाइयुक्त गाउँ निर्माणका लागि पूर्ण सरसफाइ अभियान सञ्चालन गरेपछि चित्लाङ सरसफाइमा अब्बल बन्दै गएको छ।

तामाङ बाहुल्य इन्द्रसरोवर-१, मार्खुस्थित सर्भाङका स्थानीय प्रत्येक महिना ३ गते गाउँ सरसफाइ गर्छन्। उनीहरू बोरा र कार्टुनमा फोहर संकलन गर्छन्। 'कुहिने फोहर मलका रूपमा प्रयोग गर्छौं, नकुहिने जलाएर फाल्छौं', रोडो नेपालकी सरसफाइ प्रज्ज्वलक वसन्ती स्यांतानले भन्नुभयो- 'यस वर्ष घर र चर्पीको सरसफाइ गर्ने उत्कृष्ट तीन जनालाई सम्मान गर्दै छौं। सरसफाइमा गाउँलेहरू सक्रिय भए पनि खानेपानी अभावका कारण अभियान सञ्चालमा समस्या रहेको उहाँको गुनासो छ। गाउँमा भूकम्पले भत्किएका ३० वटा चर्पी पुनर्निर्माण गरिएको छ। 'सरसफाइ भनेको आफ्नै लागि रहेछ', सर्भाङका ६९ वर्षीय सोमलाल गोले भन्नुहुन्छ- 'सरसफाइ गर्न थालेपछि पहिलेजस्तो झिंगा र लामखुट्टे आउन छाडेको छ।'

सिमलाङमा भने सरसफाइमा बानी पर्न केही समय लाग्यो। 'शुरूशुरूमा सरसफाइ अभियान चलाउन भेला राख्दा गाउँलेहरू आउन गाह्रो मान्थे', सरसफाइ प्रज्ज्वलक लक्ष्मी विष्टले भन्नुभयो- 'कुरा बुझ्दै गएपछि भेला, बैठक र सरसफाइमा पनि सहभागिता बढ्दै गयो।' सरसफाइ अभियानपछि स्थानीयले आफ्नो, घर र गाउँकै सरसफाइमा ध्यान दिन थालेको इन्द्रसरोवर युवा क्लब अध्यक्ष मणिराज थापाले बताउनुभयो।

अभियानले कुलेखानीलाई पनि सुन्दर बनाउन थप सहयोग गरेको छ। हेटौंडा-कुलेखानी-काठमाण्डौं सडकअन्तर्गत इन्द्रसरोवर-२, कुलेखानीस्थित खानीखेतका अर्जुन पुडासैनी घर, चर्पी र घरवरिपरिको सरसफाइमा ध्यान दिनुहुन्छ। 'पहिला घरको सरसफाइमा चासो दिँदैनथ्यौं', उहाँले भन्नुभयो- 'आजभोलि गाउँघरमा कतै फोहोर देखिए अरू काम छाडेर पनि फोहोर सफा गर्न हात अघि बढ्छ।'

२०७४, असार
शनिबार
१७

पहिरो कारण ६ परिवारको उठीबास नै भइसकेको छ भने १ सय ५० रोपनी जमिन बगरमा परिणत भएको छ। वर्षाको समय आएकाले बांगाबगरका स्थानीयहरु पहिरोको डर मान्न थालेको स्थानीय अमर नाथले जानकारी दिनुभयो।






सक्रियता : काभ्रेको मण्डनदेउपुर नगरपालिका–११ का स्थानीयबासी कुटो कोदालोको भरमा गाउँमा सडक खन्दै। यस गाउँमा पछिल्ला दिनमा स्थानीयबासी विकास निर्माणमा सक्रिय रहँदै आएका छन्। तस्वीर : ज्ञानमणि नेपाल कालोटोपी/काभ्रे

# दश वर्षदेखि पहिरोकै जोखिममा बस्न बाध्य

बैतडी, (नेस)

बैतडीको डिलासैनी गाउँपालिकामा गोकुलेश्वरमा रहेको बांगाबगरका स्थानीय बासिन्दा १० वर्षदेखि पहिरोको जोखिमा बस्न बाध्य भएका छन्।

१० वर्ष पहिलेदेखि खस्ने पहिरोले वर्षेनी घरखेत बगाउन थालेपछि स्थानीय बासिन्दा चिन्तितसमेत भएका छन्। २०६४ सालदेखि आएको पहिरोले वर्षेनी घरखेत बगाउने गरेको स्थानीय धनीराम भुलले बताउनुभयो। 'सधैं पहिरोकै चिन्ता लागेको हुन्छ', उहाँले भन्नुभयो- 'वर्षेनी खस्ने पहिरोले यो सालको वर्षामा पनि चिन्ता बढ्दै गएको छ।'

पहिरो कारण ६ परिवारको उठीबास नै भइसकको छ भने १ सय ५० रोपनी जमिन बगरमा परिणत भएको छ। वर्षाको समय आएकाले बांगाबगरका स्थानीयहरू पहिरोको डर मान्न थालेको स्थानीय अमर नाथले जानकारी दिनुभयो। '७ सय मिटर लम्बाइको पहाडबाट खसेको बांगाबगर पहिरोले स्थानीय त्रसितसमेत बनेका छन्', उहाँले भन्नुभयो- 'यहाँका स्थानीय पहिरोकै जोखिमको बीचमा बस्न बाध्य छन्।'

प्रत्येक वर्ष आउने पहिरोले महाकाली राजमार्गअन्तर्गत बांगाबगरमा सडकसमेत अवरुद्ध हुने गरेको छ। भित्री कमेरोयुक्त माटो भएकाले बांगाबगर आउने पहिरो तत्काले नियन्त्रण गर्न सकिने अवस्था नरहेको विपद् व्यवस्थापनको क्षेत्रमा काम गरिरहेको संस्था मर्सीकोर नेपालका जिल्ला संयोजक हेमराज भट्टले बताउनुभयो। पहिरोको टुप्पोमा ताल भएकाले सोही तालका कारण पहिरो आएको हुन सक्ने विज्ञहरूले अनुमान गरेका छन्।

गत साल त्रिभुवन विश्वविद्यालय इन्जिनियर संस्थानका अधिकारीहरूले अध्ययन गर्दा कमेरोयुक्त माटो र तालका कारण पहिरोका आएको बताएका थिए। सो पहिरो नियन्त्रणका लागि सानो लगानीले केही नहुने टोलीले बताएको भट्टले बताउनुभयो।

# मनोमानी भाडा असुल्दै जिप

नेपाल समाचारपत्र

बझाङ

जिल्लाभित्र सञ्चालन गरिँदै आएका जिपका मालिक तथा चालक र सहचालकले यात्रुबाट मनोमानी भाडा असुल गर्न थालेपछि यात्रु ठगिन थालेका छन्। यात्रुले ठगिएको जानकारी गराउँदा समेत सरोकावालाले चासो देखाएका छैनन्। बझाङ सार्वजनिक यातायातले सञ्चालन गरेका जिपले जयपृथ्वी राजमार्ग र आसपासका ग्रामीण सडकमा यात्रुबाट मनोमानी ढंगले भाडा असुली गरेपछि यात्रुहरू ठगीमा परेका हुन्। यात्रुले आफू ठगिएको समिति र स्थानीय प्रशासनलाई जानकारी गराउँदा समेत चासो नदेखाएको यात्रुले गुनासो गर्ने गरेका छन्।

'हिँडेर जाऊँ भने अबेर भएको थियो, चैनपुरबाट घर जान भनेर जिपमा धमेना गाविसको रुवातोलासम्म चढेर गएँ जिपले त ३ सय रुपियाँ पो भाडा माग्यो' -तलकोट गाउँपालिका-५ का पुरन बोहराले बताए। उनले भने- 'पाकेटमा १ सय मात्र थियो, पैसा छैन अपांग हुँ देख्नुभयो भनेर भने हारगुहार गरें केही सीप लागेन दया गर्नुको साट्टो पिटाइ पाएँ। मलाई पिटेको देखेर सँगै गएका गाउँलेले २ सय रुपियाँ ऋणबापत तिरिदिए।' 'स्थानीयले प्रशासनलाई फोन गरे पनि कसैले सुनिदिएन। यात्रु ठगिएकै छन्। चैनपुरबाट रुवातोला करिब १७ किलोमिटर छ। एक त मनोमानी भाडा असुल गरेका छन् भने अर्को एकैपटक क्षमताभन्दा दोब्बर यात्रु बोकेर लैजाने भएकाले कतिखेर जिप दुर्घटना हुन्छ र अकालमै मरिन्छ भन्ने चिन्ता लाग्ने हुन्छ' -बुगल नगरपालिका-७ का महेश धामीले बताए।

उनले भने- 'केही बोले बीचबाटै पैसा लिएर अलपत्र जिपबाट निकाली दिने गर्छ हाम्रो बारेमा बोल्ने कोही छैन। कसलाई भन्ने हो थाहा पनि छैन।' बागथलाबाट झापासम्मको भाडा २ सय ५० भए पनि जिपले ३ सय ५० लिने गरेको छ। जयपृथ्वी राजमार्गको सिमखेत तमैल, भाँडे, रायल हुँदै स्याडी र बागथलाबाट खिरातडी भाँडेबाट कडेल र चैनपुर रुवातोला, सिमखेत सुर्मा सडक, छान्ना क्षेत्र खण्डमा जिप सञ्चालन भइरहेका छन्। केही भने जिपका चालक र मालिकले धम्की दिने गरेको यात्रुहरू दु:खेसो पोख्ने गर्छन्।

नौ महिनाअघि जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय सर्वपक्षीय र बझाङ सार्वजनिक यातायातका पदाधिकारीबीच जिपको भाडा सम्बन्धमा भएको निर्णयले पक्की सडकमा प्रति एक किलोमिटरमा ४ रुपियाँ ५० पैसा र कच्चीमा प्रति किलोमिटर ८ रुपियाँ निर्धारण गरेको भए पनि अहिलेसम्म लागू गरिएको छैन। दैनिक जिल्लाभित्र र बाहिरी जिल्लाबाट भित्रिने मालवाहक ट्रक यात्रुबाहक बसको बारेमा भाडाको विषयमा जानकारी लिने गरे पनि जिपले लुकिछिपी भाडा लिने गरेको छ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०७४ असार १७)

नवलपरासी जिल्ला मणिपुर गा.बि.स.वेनी स्थित निर्माण भईरहेको सिमेन्ट उद्योगको लागि निम्न संख्यामा प्राविधिक तथा दक्ष कामदारहरुको आवश्यकता परेको हुँदा इच्छुकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुन अनुरोध छ ।

| सि.नं. | पद | संख्या | योग्यता | अनुभव | काम गर्नुपर्ने क्षेत्र तथा स्थान | कार्यरत रहने अवधि | तलव स्केल | संलग्न कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | साइट टेकनीसियन | १० | सामान्य लेखपढ गरेको । | १) चिनीयाँ भाषा बोल्न र बुझ्न सक्ने । २) सम्बन्धित काममा अनुभव भएको | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| २. | मेनेजर (सेल्स एण्ड मार्केटिङ) | ४ | सम्बन्धित विषयमा स्नातक गरेको । | १) चिनीयाँ भाषा बोल्न र बुझ्न सक्ने । २) सम्बन्धित काममा अनुभव भएको | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ३. | मेनेजर (फाईनान्स एकाउन्टिङ) | २ | सम्बन्धित विषयमा स्नातक गरेको । | १) चिनीयाँ भाषा बोल्न र बुझ्न सक्ने । २) सम्बन्धित काममा अनुभव भएको | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ४. | मेनेजर (सेफटि एण्ड सेक्युरेटि) | १ | सम्बन्धित विषयमा स्नातक गरेको । | १) चिनीयाँ भाषा बोल्न र बुझ्न सक्ने । २) सम्बन्धित काममा अनुभव भएको | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |
| ५. | अफिसर (प्रोकरमेन्ट र एच.आर.) | ३ | सम्बन्धित विषयमा स्नातक गरेको । | १) चिनीयाँ भाषा बोल्न र बुझ्न सक्ने । २) सम्बन्धित काममा अनुभव भएको | उधोग निर्माण स्थल | १ वर्ष | आपसी सहमतिमा | सम्बन्धित कागजातहरु |

**सम्पर्क ठेगाना** : होङशी शिवम सिमेन्ट प्रा. लि.
अनामनगर-३२, काठमाण्डौ, नेपाल
zhk-nepal@hongshigroup.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रसाशन कार्यालय वाँके

## शिलबन्दी बोलपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४।०३।१७**

यस कार्यालयको मिति २०७४।२।७ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम तपसिल बमोजिमको बोलपत्रको लागि पेश भएको बोलपत्र न्युनमुल्याङकीत सारभुत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागि मूल्याङकन समितिबाट सिफारिस समेत भै यस कार्यालयको मिति २०७४।३।१५ को निर्णय बमोजिम सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा २ बमोजिम बोलपत्र स्विकृत गर्ने आसयको सूचना दिने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको नाम | न्युनमुल्याङकीत सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | सकार अंक (मु.अ. कर समेत) |
|---|---|---|---|---|
| १ | १/ २०७३/०७४ | फर्निचर तथा फिक्चर्स खरिद | भगवती फर्निचर उद्योग, नेपालगञ्ज | २२,६७,९९७- |

Government of Nepal
**Ministry of Urban Development**
**Central Level Project Implementation Unit**
Babarmahal, Kathmandu, Nepal

## LETTER OF INTENT FOR APPORVAL OF BIDS

Published Date: 2074/3/17 (BS) (1 July, 2017)

This is to notify to all the concerned bidders M/S Siddhababa Construction Pvt. Ltd., Kathmandu Nepal is intended to award the contract for Construction of Office Building of National News Agency (NNA) in Singadurbar, Contract Id No.: MOUD/CLPIU/2073-074/NCB-01 as per its bid price of NRs. 125,073,313.45 exclusive of VAT (ie. NRs 141,332,844.19 including VAT) as corrected and modified in accordance with Instruction to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Any inquiries/responses concerning this notice of intent to award should be directed to the Project Director, Central Level Project Implementation Unit, Babarmahal, Kathmandu, Nepal within 7 days from the date of publication of this notice.

**Project Director**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, सप्तरी

## प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना

**सूचना प्रकाशित मिति : २०७४/०३/१७**

यस कार्यालयबाट मिति २०७३/१२/०१ मा राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचनामा उल्लेख Contract No.:DUDBC/Saptari/Work/NCB/10/2073/074, DUDBC/Saptari/Work/NCB/11/2073/074, र DUDBC/Saptari/Work/ NCB/12/2073/074 कार्यको लागि पर्न आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मूल्यांकन गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम (४) र (५) बमोजिम निम्त मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा उल्लेखित ठेक्कासँग सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि.नं. | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनोट भएका बोलपत्रदाता | ठेक्का नं. | कार्यको विवरण | आर्थिक प्रस्ताव खोलिने मिति, स्थान र समय |
|---|---|---|---|---|
| १. | Swaminarayan/Sah J.V., Inaruwa-1, Sunsari | DUDBC/Saptari/Work/NCB/10//2073/074 | Construction of Madhawapur Health Post at, Madhawapur VDC, Saptari District | मिति : २०७४/०३/२५ समय : दिउँसो ०१:०० बजे स्थान : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सप्तरी |
| १. | Bandan Bhagbati/Kamakhya J.V. | DUDBC/Saptari/Work/NCB/11/2073/074 | Construction of Mainasahsrabahu Health Post at, Mainasahsrabahu VD C, Saptari District | |
| २. | Rautaha Construction Pvt. Ltd. | | | |
| १. | Sah Nirman Sewa, Malangwa-10, Sarlahi | DUDBC/Saptari/Work/NCB/12/2073/074 | Construction of Pathargada Health Post at, Pathargada VDC, Saptari District | |
| २. | Rautaha Construction Pvt. Ltd. | | | |

**डिभिजन प्रमुख**

शंकर संस्कृत मा.वि.
मूलखटाली, बैतडी

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७४/०३/१७

यस विद्यालयबाट चालु आ.व. २०७३/०७४ मा तपसिल बमोजिमको निर्माण कार्यको लागि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक बोलपत्रदाता वा फर्महरूबाट तपसील बमोजिमका सर्तहरूको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. **बोलपत्र खरिद:**- प्रथम पटक सूचना प्रकाशन मितिले ३० (तिस) दिनभित्र चालु आर्थिक वर्षको नवीकरण भएको ईजाजतपत्र, आयकर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणपत्र, नोटरी पब्लिकबाट प्रमाणित गरेको प्रतिलिपि, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र संलग्न राखी निवेदनका साथ निम्न उल्लिखित टेण्डर फारम दस्तुर वापत निम्नानुसार राजश्व दाखिला (फिर्ता नहुने) गरी यस विद्यालयबाट व्यवसायी आफैं वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फारम खरिद गर्न सक्नेछन् तर ज्वाइन्ट भेन्चरमा (जेभी) मा बोलपत्र खरीद गरी सकेपछि ज्वाइन्ट भेन्चरमा संलग्न कुनै पनि फर्मले एकल वा अरुसँग पुन: ज्वाइन्ट भेन्चर गरी बोलपत्र खरिद गर्न पाउने छैनन् ।
२. **बोलपत्र दाखिला**:- बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात पूर्णरूपमा भरी सबै पानामा सहिछाप गरी, बोलपत्र सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर, ठेक्का नम्बर र कामको नाम प्रष्टसँग लेखी तपसिलमा उल्लेख भएको अवधिभित्र यस विद्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता गराउँदा मूल सिलबन्दी खामभित्र सक्कल शिलबन्दी गरी पेस गर्नुपर्नेछ । सिलबन्दी बोलपत्र फारम बोलपत्रदाता आफैं वा निजको आधिकारिक प्रतिनिधिबाट मात्र दर्ता गराउन सकिनेछ । बोलपत्र नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर बाहेकको दररेट अङ्क र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
३. **बोलपत्र खोल्ने**:- दर्ता भएका बोलपत्र फारामहरू तपसिलमा उल्लेख भएको मितिमा उपस्थित सरकारी प्रतिनिधि तथा बोलपत्रदाताहरू वा निजको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा यस विद्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको आधिकारिक प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्रदाताले निर्माण कार्यको बोलपत्रमा उल्लिखित कार्य विवरण प्रत्येक आइटमको दररेट भरी नआएको बोलपत्रलाई मान्यता दिइने छैन ।
४. **मान्य अवधि:**- बोलपत्रको मान्य अवधि बोलपत्र कागजात पेस गर्ने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनेछ ।
५. **बोलपत्र जमानत:**- बोलपत्र जमानत वापत तपसिलमा उल्लेख भएअनुसार बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बिस) दिन म्याद भएको यस केन्द्रको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी (बिड वण्ड) को सक्कलै पत्र बोलपत्र साथ पेस गर्नु पर्नेछ वा तपसिल अनुसारको धरौटी रकम निम्नानुसार दाखिला गरी सोको सक्कल भौचर बोलपत्र कागजात साथ पेस गर्नुपर्नेछ ।
६. **अधिकार** :- बोलपत्र पूर्ण रूपमा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा निहित रहनेछ ।
७. **बोलपत्र माथि कारवाही नहुने** :- बोलपत्र सर्त रहित हुनुपर्नेछ । यस विद्यालयले उपलब्ध गराएको बोलपत्र कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको र रीत नपुगेको बोलपत्र उपर कारवाही हुनेछैन ।
८. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (तेस्रो संसोधन सहित) बमोजिम हुनेछ ।
९. यस सम्बन्धी अन्य थप कुराहरूको जानकारीका लागि कार्यालय समयभित्र यस विद्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण कार्यको विगतको अनुभव र परिमाण | बोलपत्र खरीद दस्तुर | बोलपत्र प्रथम पटक प्रकाशित मितिले खरिद गर्ने अन्तिम मिति | बोलपत्र प्रथम पटक प्रकाशित मितिले दर्ता गर्ने अन्तिम मिति | बोलपत्र प्रथम पटक प्रकाशित मितिले खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| 01/073/074 | Construction of Hostel Building at Sankar Sanskrit S School | बोलपत्र कागजातमा उल्लेख भए अनुसार | रु. २,०००।- | २०७४/०४/१५गते, कार्यालय समय भित्र | २०७४/०४/१६ गते, दिनको १२.०० बजे भित्र | २०७४/०४/१६ गते, दिनको २.०० बजे भित्र |

# विश्व

## भावना

बेलायतका राजकुमार ह्यारी डचेस अफ क्याथरिन केटसँग ठट्टा गर्दै। ह्यारीले केटलाई थकाइमा टाउको बिसाउने र मिठो खानका लागि खोजिने आफ्नी ठूली दिदी नै भएको बताएका छन्।



## हातमा चिप्स

यसको कानुनी नाम म्याउ लुडो डिस्को गामा म्याउ म्याउ हो। म्याउले एक प्रोफेसनलको मद्दतले ट्राभल कार्डका चिप्सलाई शल्यक्रिया गरी बायाँ हातमा फिट गराएका छन्।



## विश्व २ मिनेट

### फ्रान्स

#### संदिग्ध पक्राउ

पेरिस, (एजेन्सी)

पेरिसमा एक मस्जिदबाहिर बसिरहेकामाथि गाडी चढाउन खोजेको आरोपमा एक व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। बिहीबार साँझ भएको उक्त घटनामा कोही पनि घाइते नभएको जनाइएको छ। मस्जिदको सुरक्षामा राखिएका अवरोधकले गाडीलाई रोकेको थियो। आक्रमणकारीको उद्देश्य स्पष्ट नभएको तर ले पेरिसियन अखबारले ती संदिग्ध अमेरिकी मूलको भएको र हालैका केही महिनाहरूमा पेरिसमा भएका हमलाको बदला लिने चाहेको उल्लेख गरेको छ। युरोपमा हालैका महिनामा थुप्रै गाडी आक्रमण भए, जसमा धेरैजसोको जिम्मेवारी कट्टरपन्थी संगठन इस्लामिक स्टेटले लिएको छ।

### अमेरिका

#### ट्रम्पको भद्दा टिप्पणी

वासिङ्टन, (एजेन्सी)

एकजना महिला पत्रकारका विषयमा अभद्र टिप्पणी गरेकामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध ट्विटरमा व्यापक आलोचना भइरहेको छ। ह्वाइट हाउसले ती वरिष्ठ महिला पत्रकारविरुद्ध ट्रम्पले गरेको ट्विटलाई लिएर राष्ट्रपतिले आफूमाथि लगातार भइरहको सञ्चार हमलाको प्रतिक्रिया स्वरुप उक्त भनाइ आएको जनाएको छ। ट्रम्पले एमएसएनबीसीका पत्रकार मिका ब्रेजेन्स्कीलाई 'क्रेजी मिका' भनेका थिए। फ्लोरिडाको गल्फ रिसोर्ट मार-अ-लागोमा रहँदा ट्रम्पले उनलाई प्लास्टिक सर्जरीका कारण भद्दी देखिएकी महिला भनेका थिए। ट्रम्पले ब्रेजेन्स्कीका सहप्रस्तोता जो स्कारबरोलाई पनि 'पागल जो' भनेका थिए।

### चीन

#### अमेरिकाको विरोध

बेइजिङ, (एजेन्सी)

उत्तर कोरियाली मुद्रा अपचलन गरेको आरोप लगाउँदै एउटा चिनियाँ बैंकमाथि नाकाबन्दी लगाउने अमेरिकी निर्णयप्रति शुक्रबार चीनले तीव्र आक्रोश व्यक्त गरेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले गलत कार्यहरू रोकेर आपसी सहयोगमा आँच आउन नदिन अमेरिकासँग आह्वान गरेका छन्। अमेरिकाले ती बैंकलगायत एउटा चिनियाँ सिपिङ कम्पनी र अन्य दुईजना चिनियाँ नागरिकमाथि नाकाबन्दी लगाउने निर्णय बिहीबार गरेको थियो। अमेरिकाले उत्तर कोरियाको हातहतियार विकास कार्यक्रममा आर्थिक सहयोग रोक्ने उद्देश्यले यो कदम चलाएको जनाएको छ।

### जापान

#### आणविक मुद्दा

टोक्यो, (एजेन्सी)

जापानको फुकुसिमा आणविक भट्टीसम्बन्धी अभियोगमा ऊर्जा कम्पनीका तीन जना पूर्वकार्यकारिणी अधिकारीविरुद्ध शुक्रवार मुद्दा शुरु भएको छ। सन् २०११ मा सुनामीको कारण क्षतिग्रस्त सो आणविक भट्टीबाट रेडियो विकिरण चुहावट भएको विषयमा पहिलो पटक आपराधिक मुद्दा शुरु भएको हो। भूकम्पको कारण आएको सुनामीपछि फुकुसिमामा भएको उक्त आणविक दुर्घटना सन् १९८६ मा युक्रेनको चेर्नोविलमा भएको दुर्घटनपछिको सबैभन्दा डरलाग्दो दुर्घटना मानिन्छ। त्यसबेला आएको भूकम्प र सुनामीको कारण करिब १८ हजार ५ सय व्यक्तिको ज्यान गएको थियो।

## चीन–भारत तनाब

# सन् २०17 को भारत १९६२ को भन्दा फरक छ : जेटली





नयाँदिल्ली, (एजेन्सी)

भुटानी सिमा क्षेत्रलाई लिएर चीनसँग उत्पन्न विवादमा भारतीय रक्षामन्त्री अरुण जेटलीले चीनको चेतावनीलाई खारेजको गरेको छ।

चीनले भारतलाई भुटानको सिमानामा तैनाथ उनको सेना हटाउन भनेका थियो। चीनले भारतलाई १९६२ को युद्ध स्मरण गर्न र त्यसबाट शिक्षा लिन भनेको पनि समाचारमा उल्लेख गरिएको जनाइएको छ।

चिनियाँ विदेशमन्त्रीको उक्त चेतावनीमा प्रतिक्रिया दिँदै जेटलीले शुक्रबार भारतको एक च्यानललाई सन् २०१७ को भारत सन् १९६२ को भारतभन्दा अलग्ग भएको बताए। ती दुई भारतमा फरक भएको जेटलीले बताए। पछिल्लो तनावपछि चीनले कैलाश मानसरोवरको यात्रामा जाने भारतीय तीर्थयात्रीहरूका लागि नाथुला मार्ग बन्द गरेको छ।

जेटलीले भने- 'यो भुटानको भूमि हो र भारतको सीमाको नजिक छ र दुई देशबीच सुरक्षासँग सम्बन्धित व्यवस्था पनि छन्। यस मामिलामा भुटान आफैले प्रष्ट गरेको छ, यो उसको भूमि हो।'

जेटलीले अगाडि भने- 'उक्त जमिनको जुन वर्तमान स्थिति हो, त्योसँग चीनले तलमाथि गर्ने प्रयास गरिरहेको छ। यो मुद्दामा सबै कुरा प्रस्ट भइसकेको छ। यस्तोमा कसैले त्यहाँ आएर जमिनमाथि कब्जा गर्छ भने त्यो बिल्कुल उचित होइन। १९६२ को स्थिति अर्कै थियो, अबको भारत अलग्ग छ।'

यसअघि बिहीबार भुटानले जोमप्लरी इलाकाको डोगलोंगमा चीनद्वारा सैन्य क्याम्पकातर्फबाट सडक निर्माण भइरहेकामा आपत्ती जनाएको थियो। भुटानले चीनलाई तत्काल काम बन्द गर्नुपर्ने र यथास्थितिलाई कायम राख्नुपर्ने बताएको थियो। भारतीय र चिनियाँ सेना डोंगलोंगमा आमनेसामने भएपछि भुटानले यो कदम उठाएको हो।

डोंगलोंग विवादित इलाका हो । भुटानले चीनसँग सीमा विवादको समाधान अहिले विचाराधीन रहेको र उक्त इलाकामा शान्ति र यथास्थिति बनाइराख्ने लिखित सम्झौता छ। चीनले डोंगलोंगलाई लिएर भारतमाथि गोप्य एजेन्डा राखेको आरोप लगाएको छ।

# जर्मनीमा समलिंगी विवाहलाई मान्यता



म्युनिख, (एजेन्सी)

जर्मनीका विधायकहरूले समलिंगी विवाहलाई मान्यता दिने पक्षमा शुक्रवार स्पष्ट बहुमत देखिने गरी मतदान गरेका छन्। केही दिनअघि मात्र चान्सलर एन्जेला मर्केलले उक्त विषयमा मतदान नगर्ने अडान त्यागेकी थिइन्।

यस नयाँ कानुनअनुसार अबदेखि समलिंगी जोडीले सम्पूर्ण वैवाहिक अधिकार प्राप्त गर्ने र तिनीहरूलाई सन्तान ग्रहण गर्ने अनुमतिसमेत हुने भएको छ। विशेष गरी मर्केलका राजनीतिक विपक्षहरूले यस मामिलामा पूर्ण समर्थन जनाएका छन्।

मर्केलले सोमबार मात्र यस मतदानका लागि सहमति जनाएकी थिइन्। संसद्मा भएको मतदानमा पक्षमा ३ सय ९३ र विपक्षमा २ सय २६ मत खसेको थियो भने ४ जना विधायक अनुपस्थित रहेका थिए। मर्केलले आफूलाई विवाह भनेको पुरुष र महिलाबीच हुनुपर्ने लागेको तर हिजोको मतदानको नतिजाले समाजमा अझै बढी सहिष्णुता र शान्ति बढ्ने आशा गरेको बताएकी छिन्।

सन् २०१३ को चुनावी अभियान दौरान मर्केलले बालबालिकाको हितमा ध्यानमा राखेर समलिंगी विवाहविरुद्ध धारणा राखेकी थिइन्। तर २६ जुनमा विमिन्स म्यागाजिन ब्रिजिटलाई अन्तर्वार्ता दिने क्रममा उनले अन्य पार्टीहरूले यस विषयको समर्थन गर्ने गरेको पाइएकाले यसमाथि मतदान गराउने बताएर सबैलाई आश्चर्यचकित पारेकी थिइन्।

साथै उनले आफ्नै गृहनगरमा एक महिला समलिंगी दम्पती र तिनका आठ जना धर्म सन्तानसँग रात्रिभोज खाएयता आफ्नो जीवन अनुभवमै परिवर्तन आएको पनि बताएकी छिन्। जर्मनीमा हालै गरिएको एक मत सर्भेक्षणले ८३ प्रतिशत जनताले समलिंगी विवाहको पक्षमा रहेको देखाएको छ।

# २ करोड ३० लाख डलरको कोकिन बरामद



सिड्ततनी, (एजेन्सी)

एउटा अन्तर्राष्ट्रिय लागूऔषध तस्कर समूहले प्रहरीको निगरानी छल्नका लागि ड्रोन विमानहरू प्रयोग गरेको तथा ७८ वटा ब्लक कोकिन अस्ट्रेलिया छिराउने असफल प्रयास गरेको प्रहरीले शुक्रबार जनाएको छ।

प्रहरीले पनामाबाट मेलवर्नमा आइपुगेको एउटा जहाजको सिपिङ कन्टेनरमा राखिएका तीनवटा ब्यागमा अन्तर्राष्ट्रिय बजारमा झन्डै २ करोड ३० लाख अमेरिकी डलर मूल्य पर्ने सो कोकिन फेला परेको जनाएको छ।

यस घटना सम्बन्धमा चार जना अस्ट्रेलियाली, दुई जना क्यानाडाली र एक जना बेलायतीलाई पक्राउ गरिएको जनाइएको छ। प्रहरीले तिनीहरूको साथबाट ५ लाख ८० हजार अस्ट्रेलियाली डलर पनि बरामद भएको जनाएको छ।

अस्ट्रेलियाली संघीय प्रहरी आयुक्त जोह्न बेभ्रिजले यस अपरेसनले लागूऔषध तस्करहरू पहिलेको तुलनामा निकै परिष्कृत भइसकेको पुष्टि गरेको बताएका छन्। उनले शुक्रबार तिनीहरूले आफ्ना गतिविधिहरू अघि बढाउनुअघि प्रहरी अनुसन्धानकर्ताहरूको उपस्थिति र योजनाबारे जासुसी गर्न ड्रोन विमानहरू प्रयोग गर्ने गरेको जानकारी दिएका छन्।

साथै उनले प्रहरी बलले तिनीहरूको ड्रोन अभियानसमेत असफल पार्न सकेकामा प्रशंसा गरेका छन्। चीनको सांघाईबाट आएको उक्त कार्गो जहाजमा कुल ९२ किलो ग्राम कोकिन फेला परेको हो। पक्राउ परेकाहरू २१ देखि ३३ वर्ष उमेरबीचका रहेको बताइएको छ।

# पाँच लाख सिरियाली स्वदेश फर्के

दमास्कस, (ऐजेन्सी)

संयुक्त राष्ट्र संघले यस वर्ष झन्डै ५ लाख सिरियाली जनता स्वदेश फर्केको र यो संकेत निकै महत्त्वपूर्ण र सकारात्मक रहेको शुक्रबार जनाएको छ। संयुक्त राष्ट्र संघको शरणार्थी निकाय (यूएनएचसीआर) ले गृहयुद्धका कारण आन्तरिक रुपमा विस्थापित ४ लाख ४४ हजार सिरियाली र करिब ३१ हजार विदेशमा पलायन सिरियाली स्वदेश फर्किसकेको जनाएको छ।

अधिकांश एलेप्पो, हामा, होमस् र दमास्कसका जनता आफ्ना सम्पत्ति जाँच्ने र परिवारका अन्य सदस्य भेट्ने उद्देश्यले स्वदेश फर्केको बताइएको छ। तर यूएनएचसीआरले अझै सिरिया शरणार्थीहरूका लागि फर्किन लायक हुने गरी सुरक्षित भइनसकेको जनाएको छ।

यूएनएचसीआरका प्रवक्ता आन्द्रेज माहेसिकले सन् २०१५ यता यसअघि नै करिब २ लाख ६० हजार शरणार्थी फर्किसकेको बताएका छन्। उनले हालै अस्ताना र जेनेभामा भएका शान्तिवार्ताको कारण थप शरणार्थी स्वदेश फर्किने आशा बढेको बताएका छन्।

सन् २०११ मा सिरियामा गृहयुद्ध शुरू भएयता करिब ५५ लाख व्यक्ति देशबाट बाहिरिएको तथा ६३ लाख आन्तरिक रुपमा विस्थापित हुन पुगेको अनुमान गरिएको छ।

राष्ट्रपति बसार अल असादको सरकारविरुद्धको हिंसात्मक आन्दोलनमा ३ लाखभन्दा बढी सिरियालीले ज्यान गुमाइसकेका छन्। यूएनएचसीआरले सन् २०१६ मा मात्र करिब २ लाख व्यक्तिले सिरिया छाडेको जनाएको छ।



# ताइवानलाई हतियार बिक्री गर्न लागेकामा चीनको कडा विरोध



बेइजिङ, (एजेन्सी)

ताइवानलाई १ अर्ब ४२ मूल्यको हतियार बेच्ने गलत निर्णय तत्काल फिर्ता लिन अमेरिकालाई चीनले आग्रह गरेको छ। उक्त निर्णय राष्ट्रपति सी जिनपिङ र अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पबीच फ्लोरिडामा गत अप्रिलमा भएको सहमतिसँग बाझिएको जनाएको छ।

उक्त हतियार बिक्रीले ताइवान स्वतन्त्रता बलका लागि अत्यन्त गलत सन्देश जाने वासिङ्टनस्थित चीनको दूतावासले जारी गरेको एक विज्ञप्तिमा उल्लेख गरेको छ। अमेरिकी विदेश मन्त्रालय प्रवक्ताले बिहीबार प्रशासनले कंग्रेसलाई ताइवानलाई विक्री गर्ने विषयमा सातवटा प्रस्तावको जानकारी गराएको र यो ट्रम्प प्रशासनअन्तर्गतको पहिलो भएको जानकारी दिएको थियो।

'ताइवानको पर्याप्त आत्मरक्षा बनाइराख्नका लागि यो विक्रीले सहयोग गर्ने छ।' -उनले बताए। उनले अमेरिकाको लामो समयदेखिको एक चीन नीतिमा कुनै परिवर्तन नभएकोमा पनि जोड दिएको छ। एक चीन नीतिअनुसार चीन नामको एक मात्र राष्ट्रलाई स्विकार्छ र ताइवानलाई अलग्ग देश नभई उसकै प्रान्त मान्छ।

'चिनियाँ सरकार र चिनियाँ जनतालाई आक्रोस व्यक्त गर्ने सबै अधिकार छ।' -दूतावासले जनाएको छ। चीनले स्वायत्त ताइवानले स्वच्छन्द प्रान्तका रुपमा रहेको र उसलाई नियन्त्रण गर्न बल प्रयोगको सम्भावनालाई कहिल्यै अस्विकार गरेको छैन। सन् १९४९ मा चीनको साम्यवादीसँगको गृहयुद्धमा पराजय भएपछि चीनका राष्ट्रवादीहरू उक्त टापुमा पलायन भएका थिए।

'अमेरिकी पक्षबाट भएका गल्तीलाई चुनौती दिँदै दुई राष्ट्रपतिबीच भएको सहमतिले चीन अमेरिका सम्बन्धमा सकात्मक विकास भएको संकेत गरेको हो।' -दूतावासले जनाएको छ।

चीनको रक्षा मन्त्रालयले ताइवान चीन अमेरिका सम्बन्धमा सबैभन्दा संवेदनशील मुद्दा भएको बताउँदै अमेरिकालाई यस प्रकारको विक्रीलाई अन्त्य गरी ताइवान डमरुको शान्ति तथा स्थायित्वमा थप क्षति नपुर्‍याउन चेतावनी दिएको छ।

सन् २०१६ को राष्ट्रपतीय चुनाव अभियानमा ट्रम्प चीनको मुद्दामा आलोचक देखिएका थिए तर फ्लोरिडास्थित मार अ लागो रिसोर्टमा सीसँगको भेटघाटले सम्बन्धमा न्यानोपना आउने आशा जगाएको थियो।

आफ्ना नागरिकको सुरक्षाका सन्दर्भमा आफूले दैनिक सूचना लिइरहेको बताउँदै मन्त्री महराले नेपालीको सुरक्षाका विषयमा विशेष ध्यान दिन राजदूतसँग आग्रह गर्नुभएको थियो।

# कतारका नेपालीबारे चासो

काठमाडौं, (नेस)

उपप्रधानमन्त्री कृष्णबहादुर महराले नेपालका लागि कतारका राजदूत अहमद जसिम मोहम्मद अली अल हमरसँग त्यहाँ कार्यरत नेपालीको सुरक्षाका सम्बन्धमा विशेष चासो व्यक्त गर्नुभएको छ।

कतारका राजदूत हमरले शुक्रबार गर्नुभएको शिष्टाचार भेटवार्तामा परराष्ट्रमन्त्री महराले नेपालीको सुरक्षाका बारेमा जानकारी लिनुभयो। आफ्ना नागरिकको सुरक्षाका सन्दर्भमा आफूले दैनिक सूचना लिइरहेको बताउँदै मन्त्री महराले नेपालीको सुरक्षाका विषयमा विशेष ध्यान दिन राजदूतसँग आग्रह गर्नुभएको थियो।

पछिल्लो समय कतारमा देखिएको कूटनीतिक समस्या वार्ता र संवादबाट सुल्झनुपर्नेमा जोड दिँदै उहाँले नेपालले शान्तिपूर्ण तवरबाट समस्याको समाधान होस् भन्ने चाहेको बताउनुभयो। उहाँले आवश्यक परेमा नेपालले पनि शान्तिपूर्ण समाधानका लागि पहल गरिदिने विश्वास दिलाउनुभयो। मन्त्री महराले कतारका व्यवसायीले अन्य अरब मुलुकमा सञ्चालन गरेका कम्पनीमा कार्यरत नेपालीका सन्दर्भमा चासो व्यक्त गर्दै त्यसतर्फ कतारी सरकारको ध्यान जानुपर्ने बताउनुभयो।

जवाफमा कतारका राजदूत हमरले कतार र अरब राष्ट्रमा कतारका व्यवसायीले सञ्चालन गरेका कम्पनीमा कार्यरत नेपालीको सुरक्षामा आफ्नो सरकारले पूर्ण ध्यान दिने विश्वास दिलाउनुभयो। उहाँले अरब मुलुकमा देखिएको कूटनीतिक समस्याका कारण नेपालीको सुरक्षामा कुनै समस्या नभएको स्पष्ट गर्दै आगामी दिनमा दुई देशबीच रहिआएको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

## नगर प्रहरीले पाउने भए हतियार

ललितपुर, (नेस)

ललितपुर महानगरपालिकाले आफ्ना मातहतमा रहेका नगरप्रहरीलाई हतियार दिने निर्णय गरेको छ। नगरक्षेत्रको शान्ति सुरक्षा कायम गराउन सो निर्णय गरेको हो। ललितपुरका सांसदद्वय मदनबहादुर अमात्य र चन्द्र महर्जन, प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठ, कार्यकारी अधिकृत हरिप्रसाद दाहालसहितको बैठकले नगर प्रहरीलाई हतियार बोक्न दिने निर्णय गरेको हो। कस्तो हतियार उपलब्ध गराउने भन्ने विषयमा भने अझै निर्णय भएको छैन।

सुरक्षा संवेदनशीलताको आधारमा सरकारले सुरक्षाकर्मीलाई पेस्तोल दिनसक्ने व्यवस्था रहँदारहँदै ललितपुर महानगरपालिकाले हचुवाको भरमा नगर प्रहरीलाई हतियार दिने निर्णय गरेको छ। जनतासँग प्रत्यक्ष सरोकार राख्ने काममा कुनै पनि हतियारको आवश्यकता पर्दैन। हतियार बोक्ने तालिम नलिएका नगर प्रहरीलाई कसरी हतियार दिने भन्ने विषयमा कुनै निर्णय नै नगरी हतियार दिने निर्णय गरेको हो। हाल कुनै पनि स्थानीय निकायमा कार्यरत नगर प्रहरीले हतियार बोकेका छैनन्। मुलुककै पहिलो महानगरपालिकाका नगर प्रहरीले समेत अहिलेसम्म हतियार बोकेका छैनन्।

## डोटीमा माओवादीको खाता

डोटी, (नेस)

डोटीको बागटान गाउँपालिकामा नेकपा माओवादी केन्द्रका कमलबहादुर गड्सिला विजयी हुनुभएको छ। उहाँले २ हजार ७९ मत ल्याएर गाउँपालिका प्रमुखमा विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेका टेकबहादुर बमले १ हजार ८ सय ८ मत प्राप्त गर्नुभएको छ।

त्यस्तै नेकपा एमालेकी भगवती बमले १ हजार ८ सय ९४ मत ल्याएर उपप्रमुखमा विजय हासिल गर्नुभएको छ। उहाँका निकटमत प्रतिद्वन्द्वी माओवादी केन्द्रकी देवी भुलले १ हजार ८ सय ६८ मत प्राप्त गर्नुभएको छ। डोटीमा माओवादी केन्द्रले पनि गाउँपालिका प्रमुखमा आफ्नो खाता खोलेको छ। डोटीमा एक स्थानमा कांग्रेस र एक स्थानमा माओवादी केन्द्र विजयी भएका छन्।

## मोटरसाइकलसहित चोर पक्राउ

हेटौंडा, (नेस)

हेटौंडा-५, बानियाँ टोल र हेटौंडा-४ बाट मोटरसाइकल चोरी गरेकाहरू मोटरसाइकलसहित पक्राउ परेका छन्।

हेटौंडा-५ स्थित मोहनप्रसाद ढकालको घरमा डेरा गरी बस्ने विश्वराज ढकालको ना४४प४३३० नं. कालो/रातो रङको सुजुकी मोटरसाइकल र रौतहटको डुमरिया-४ बस्ने मौजेलाल शाहको ना१३प४२२२ नं. कालो एफजेड् मोटरसाइकल चोरी गरेकाहरू रंगेहात पक्राउ परेका हुन्।

बरण्डाबाट चोरी भएको मोटरसाइकल वडा प्रहरी कार्यालय हेटौंडाबाट खटिएको प्रहरी टोलीले हेटौंडा-४ स्थित लोकमार्गमा हेटौंडा-१ बस्ने वर्ष २० का सुमन लामाले चोरी गरी सीमाचोकबाट रातोमाटेतर्फ लैजाँदै गरेको अवस्थामा सुजुकी मोटरसाइकलसहित लामालाई पक्राउ गरिएको छ। उनलाई चोरी मुद्दामा म्याद थप गरिएको छ।

हेटौंडा-४, ख्वप:गल्लीमा पार्किङ गरी राखेको स्थानबाट चोरी भएको शाहको मोटरसाइकल जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले असार १५ गते राति करिब साढे ९ बजे हेटौंडा-१० स्थित बसपार्कमा फेला पारेको हो।

सवारी चेक गर्ने क्रममा हेटौंडा-५ बस्ने वर्ष १८ का रुपेश परियार र वर्ष २५ का प्रयास लामाले चलाइरहेको अवस्थामा ना१३प ४२२२ नं. मोटरसाइकलसहित उनीहरूलाई पक्राउ गरी चोरी मुद्दामा म्याद थप गरिएको प्रहरीले बताएको छ।

## मन्त्रीमण्डल विस्तारबारे छलफल

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच शुक्रबार साँझ बालुवाटारमा मन्त्रीमण्डल विस्तारका बारेमा छलफल भएको छ।

प्रधानमन्त्री निकट स्रोतका अनुसार सत्ता गठबन्धनबीचको सम्बन्ध आगामी दिनमा अझ सुदृढ पार्ने बारेमा पनि सो अवसरमा छलफल भएको थियो।

## प्रतिनिधि नभए पनि मतगणना अघि बढाऊ : आयोग

काठमाडौं, (नेस)

निर्वाचन आयोगले उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधि नभए पनि मतगणना सुचारु गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवको अध्यक्षतामा शुक्रबार बसेको बैठकले सो निर्णय गरेको हो। मतगणना कार्यलाई तीव्रता दिन सबै वा कोही मतगणना प्रतिनिधि उपस्थिति नभएमा वा उनीहरू उपस्थित भए पनि सम्बन्धित मुचुल्कामा सहीछाप नगरेको भए पनि मतगणना अघि बढाउने निर्णय आयोगले गरेको छ।

बैठकले मतगणना कार्यमा सबै वा केही उम्मेदवार वा उनीहरूका प्रतिनिधि उपस्थित नभएमा वा उपस्थित भए पनि मुचुल्कामा हस्ताक्षर नगरेमा सोही बेहोराको मुचुल्का गरी कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित भएमा निजहरूको र उम्मेदवार वा प्रतिनिधि उपस्थित नभएमा वा निजहरूले सहीछाप नगरेमा उपस्थित अन्य व्यक्ति तथा कर्मचारीको सहीछाप गराई मतगणना कार्य अगाडि बढाउन निर्देशन दिने निर्णय गरेको प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी दिनुभयो।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६० मा 'यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनुपर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कसैले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिनेछैन र यस्तो काम कानुनबमोजिम भएको मानिनेछ' भन्ने व्यवस्था रहेको छ। सोही आधारमा आयोगले सो निर्णय गरेको हो।

# १० एमाले र ४ कांग्रेस विजयी

**यमलाल भुसाल, बुटवल**

रुपन्देहीको १६ स्थानीय तहमध्येको विभिन्न नगरपालिका र गाउँपालिकाको गरी १० वटा वडाअध्यक्षमा नेकपा एमाले र ४ वटा वडाको अध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवारले विजय हासिल गरेका छन्।

जसअनुसार बुटवल उपमहानगरपालिकाको १ र २ मा एमालेको पूरै प्यानल विजयी भएको छ। बुटवल १ को बिहीबार सार्वजनिक नतिजामा एमालेका महेन्द्र लिगलसहित ४ जना एमालेका र १ महिला सदस्य कांग्रेसकी विजयी भएकी छन्। वडा नम्बर २ मा रमेश नेपाल नेतृत्वको एमालेको सम्पूर्ण प्यानल विजयी भएको हो। त्यस्तै महिला सदस्यमा खगिसर गुरुङ, दलित महिला सदस्यमा कमला नगरकोटी र खुला सदस्यमा प्रेम गाहा र सुनील शाक्य विजयी भएका छन्।

त्यस्तै सैनामैना नगरपालिकाको २ मा एमालेको पूरै प्यानल विजयी भएको छ। वडा अध्यक्षमा कामदेव भुसाल, महिला सदस्यमा सजनी थारू, दलित महिला सदस्यमा विनादेवी सुनार, खुला सदस्यमा कुलबहादुर विक र थानेश्वर गिरी रहेको छन्।

सैनामैना-७ को वडा अध्यक्षमा कृष्ण बस्याल विजयी भएका छन्। त्यस्तै महिला सदस्य देवी कार्की, दलित महिला सदस्य मनरुपा चौधरी, सदस्यहरू दिलबहादुर थापा र हरिराम चौधरी विजयी भएका छन्।

सैनामैना-८ मा एमालेकै पूरै प्यानलले जितेको छ। वडा अध्यक्षमा रामशरण न्यौपाने, महिला सदस्यमा पार्वती श्रेष्ठ, दलित महिला सदस्यमा इनमाया सुनार, खुला सदस्यमा ईश्वरी भण्डारी, देवनारायण ढकाल विजयी भएका छन्। सैनामैना-९ मा पनि एमाले विजयी भएको छ। वडा अध्यक्षमा डोलनाथ भण्डारी, महिला सदस्यमा सीता पौडेल, दलित महिला सदस्यमा बन्दना विक र खुला सदस्यमा कमला चौधरी र खेमबहादुर मगर रहेका छन्।

तिलोत्तमा नगरपालिका-१ मा एमालेको प्यानल विजयी भएको छ। अध्यक्षमा तामनाथ पाण्डे विजयी भएका छन्। महिला सदस्यमा पार्वती क्षेत्री, दलित महिला सदस्य हिरादेवी विक, खुला सदस्य अर्जुन थापा र नेत्रप्रसाद खनाल विजयी भएका छन्।

त्यस्तै भैरहवाको सिद्धार्थनगर नगरपालिका-२ को वडा अध्यक्षसहित दुई सदस्य एमालेका विजयी भएको छन्। वडा अध्यक्षमा माओवादी केन्द्रका सुनील पुनलाई २४ मतले पराजित गरी एमालेका दीपक थापा अध्यक्षमा निर्वाचित भएका हुन्। थापाले ३ सय ७८ र पुनले ३ सय ५४ मत प्राप्त गरे। त्यस्तै महिला सदस्यमा एमालेका इन्दिरा क्षेत्री (३ सय ९१) र खुला सदस्यमा एमालकै राजेन्द्रसिंह खड्का (३ सय ९) मत प्राप्त गरी विजयी भएका छन्। त्यस्तै दलित महिला सदस्यमा माओवादी केन्द्रकी कल्पना परियार (३ सय २२) र खुला सदस्यमा राप्रपाकी दीपु शाही (४ सय ४३) मतका साथ विजयी भएका छन्।

देवदह नगरपालिका-१ मा पनि एमालेको पूरै प्यानल विजयी भएको छ। वडा अध्यक्षमा रमेश भुसाल विजयी भएका छन्। महिला सदस्यमा विरमति गुरुङ, दलित महिला सदस्यमा मनकुमारी कामी, खुला सदस्यमा टुफानी आरख र शेरबहादुर केवट विजयी भएका छन्।

**Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Central Regional Roads Directorate, Division Roads Office, Nuwakot** has cancelled all the Bids received for Contract Identification No DRONKT/3371234/7374/046 as per Clause 26 of PPA 2063 and paragraph 12 of Invitation for bids Notice No (011-1073/74). Hence its financial bid will not be opened on the informed date.

**Division Chief**

# मतगणना रोकियो

पाँचथर, (नेस)

बुधबार सम्पन्न स्थानीय तह निर्वाचनअर्न्तगत पाँचथरको याङवरक गाउँपालिकाको मतगणना रोकिएको छ।

सो गाउँपालिका-१ को मत परिणाम सार्वजानिक भएपछि एका एक मत परिणाम ढिलो सार्वजनिक गरेको र वडा नं. २ को खसेको कुल मतको २ सय मत कम भएपछि एमाले, राप्रपा, माओवादी केन्द्रलगायतका पार्टीले विरोध जनाएपछि मत गणाना स्थगित भएको स्थानीय पत्रकार विमल राईले बताउनुभयो।

शुक्रबार दिउँसोदेखि स्थगित भएको मतगणना कार्यलाई सुचारु गर्न साँझमा सर्वदलीय बैठक बसिरहेको उहाँले बताउनुभयो। यस बारेमा सो गाउँपालिकाका निर्वाचन अधिकृत कमलबहादुर राजलवट सम्पर्कमा आउन चाहनुभएन।

यसै गरी बुधबार सम्पन्न निर्वाचनको मत गणणा सम्पन्न भएका १९ वटा वडामध्ये ११ वटाको वडा अध्यक्षमा नेकपा एमालेका उम्मेरदवारले विजय प्राप्त गरेका छन् भने ३/३ स्थानमा नेपाली कांग्रेस र माओवादी केन्द्रका उम्मेदवारहरू विजयी भएका छन। बाँकी १ स्थानमा नेकपा माले र १ स्थानमा स्वतन्त्र उम्मेदवारले विजय प्राप्त गरेका छन्।

जिल्लाका ७ गाउँपालिका र एक नगरपालिकामध्ये १ नगरपालिका र ४ गाउँपालिकामा नेपाली कांग्रेस २ गाउँपालिकामा एमाले र १ गाउँपालिकामा माओवादी केन्द्रका उम्मेदवारका अग्रस्थानमा रहेका छन्।

## बंगलाचुली गाउँपालिकामा माओवादी केन्द्र विजयी

घोराही, दाङ, (नेस)

दाङको बंगलाचुली गाउँपालिकामा माओवादी केन्द्र विजयी भएको छ।

माओवादी केन्द्रका भक्तबहादुर वली निकटतम प्रतिद्वन्दी कांग्रेसका भोजराज पाण्डेलाई ८ सय ३७ मतको अन्तरले पराजित गर्दै अध्यक्ष बन्नुभएको हो। उहाँले ३ हजार ३ सय ५२ र पाण्डेले २ सय ५ सय १५ मत ल्याउनुभएको छ।

त्यसैगरी उपाध्यक्षमा माओवादी केन्द्रका यमुना घर्ती ३ हजार ३ सय ७१ मत ल्याएर विजयी हुनुभएको छ भने निकटतम प्रतिद्वन्दी कांग्रेसका निर्मला खनालले २ हजार ५ सय ६९ मत ल्याउनुभएको छ।

गाउँपालिका अध्यक्ष जितेका वली माओवादी केन्द्रका जिल्लास्तरीय नेता हुनुहुन्छ। उहाँ अध्यक्ष बनेको यो तेस्रोपटक हो। यसअघि उहाँ २०४९ सालमा संयुक्त जनमोर्चाका तर्फबाट गाविस अध्यक्ष बन्नुभएको थियो भने २०५४ सालमा एमालेबाट लोहारपानी गाविस अध्यक्षमा निर्वाचित हुनुभएको थियो। उपाध्यक्ष घर्ती पनि जनयुद्धकालकै कार्यकर्ता हुनुहुन्छ।

जम्मा ११ हजार ४ सय ७ मतदाता रहेको बंगलाचुलीमा ८ हजार ३ सय ४ मत खसेको थियो। ८ वटा वडा रहेको बंगलाचुलीमा ६ वटा वडामा माओवादीले, १ वटा कांग्रेस र १ वटा एमालेले जितेका छन्। जस अनुसार वडा नं. १ मा कांग्रेसका पदमबहादुर खत्री, २ मा माओवादीका मेघराज रानामगर, ३ मा शोभाराज विक, ४ मा नारायण डाँगी, ५ मा यनुराज खत्रीले जितेका छन्। त्यस्तै वडा नं. ६ मा एमालेका बेदुलाल घर्तीमगरले जितेका छन् भने वडा नं. ७ मा माओवादीका गिरबहादुर थापा र ८ मा माओवादीकै गिरिराज बाँठाले जित हात पारेका छन्।

परिणाम सार्वजनिक भएका वडामध्ये दाङमा माओवादी केन्द्रले १५, एमालेले ७ र कांग्रेसले पाँच वडामा विजय हासिल गरेका छन्। जिल्लामा कुल एक सय वडा रहेका छन्।

### दशैंमा ...

मेलम्चीको पानी ल्याउन गएको वर्षको माघ महिनापछि काठमाडौंका मुख्य र सहायक सडक गरी ४० ठाउँमा एक साथ पाइप बिछ्याउने काम भएको थियो।

रिङरोड, शहरकाभित्री खण्ड पुग्ने मुख्य सडक र अन्य सहायक सडकका विभिन्न ११ खण्डमा विभाजन गरेर पाइप बिछ्याउने काम निर्देशनालयले गरिरहेको छ।

खानेपानीको पाइप बिछ्याउन शहरको भित्री बाटो, गल्ली, सडक र फुटपाथलगायत सडकपेटीसमेत भत्काइएपछि निर्देशनालयले जस्ताको तस्तै पार्न कालो पत्रेसमेत गरिरहेको भए पनि घाम लाग्दा देखिने धुलोलाई कम गर्न भने सकेको छैन।

आउने दशैंमा मेलम्चीको पानी काठमाडौंवासीलाई खुवाउने लक्ष्यका साथ करिब ८४ हजार घरधुरीमध्ये ३७ हजार घरधुरीमा धारा जडान गरिसकिएको छ। उपआयोजना-१ ले पनि सुरुङ निर्माण र सुन्दरीजलमा पानीप्रशोधन केन्द्रको निर्माण गरिरहेको छ।

### रुकुममा ...

यद्यपि पूर्वी रुकुममा कुनै बेला गाउँ पस्न धौ धौ हुने कांग्रेस-एमालेले पनि मत राम्रै ल्याएका छन्।

नेकपा एमाले पूर्वी रुकुममा दोस्रो स्थान हासिल गर्न सफल भएको छ। पूर्वी रुकुमका ३ वटै गाउँपालिकामा माओवादी केन्द्रले विजयी हासिल गरेको छ। सिस्ने गाउँपालिकामा नेकपा माओवादी केन्द्रका अध्यक्षका उम्मेदवार कुमारी बरालले ३ हजार २ सय ९६ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका नन्दलाल शर्माले २ हजार ४ सय ७१ मत प्राप्त गर्नुभएको छ।

यस्तै उपाध्यक्षमा पनि माओवादी केन्द्रकै गोवर्द्धन बुढाले ३ हजार २ सय २६ मत प्राप्त गर्नुभएको छ भने निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका लक्षिराम घर्तीले २ हजार १ सय ६७ मत प्राप्त गर्नुभएको छ। ८ वटा वडा रहेको सिस्ने गाउँपालिकामा २ वटामा नेकपा एमालेले विजय प्राप्त गरेको छ भने बाँकी ६ वटा वडामा माओवादी केन्द्र विजय भएको छ। वडा नं ६ मा नेकपा एमालेका पूर्णजंग मल्ललाई १ मतले पछि पार्दै माओवादी केन्द्रका सुधन रेग्मी विजयी भएका छन्।

भूमे गाउँपालिकामा माओवादी केन्द्रका अध्यक्षका उम्मेदवार रामसुर बुढाले ३ हजार ४ सय ८२ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका गञ्जसिंह बुढाले १ हजार ६ सय ३४ मत प्राप्त गर्नुभएको छ। यसै गरी उपाध्यक्षमा पनि माओवादी केन्द्रकै मनकुमारी बिष्टले ३ हजार ४ सय ९२ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका कमला बुढाले १ हजार ३ सय ४६ मत प्राप्त गर्नुभएको छ। ९ वटा वडा रहेको भूमे गाउँपालिकामा वडा नं ४ मा नेपाली कांग्रेसको प्यानल विजयी भएको छ भने अरु ८ वडामा माओवादी केन्द्रकै प्यानल विजयी भएको छ।

यसै गरी पुथाउत्तरगंगा गाउँपालिकामा पनि माओवादी केन्द्र विजयी भएको छ। अध्यक्षका उम्मेदवार ओमप्रसाद घर्तीले २ हजार ५ सय ५१ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका भिउमान घर्तीले १ हजार २ सय ६३ मत ल्याउनुभएको छ। उपाध्यक्षमा पनि माओवादी केन्द्रकै ओमकुमारी शाही मल्लले २ हजार ६ सय ३१ मत ल्याएर विजयी हुनुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका सीता घतानेले १ हजार ४ सय ८१ मत प्राप्त गर्नुभएको छ। १४ वटा वडा रहेको सो गाउँपालिकामा वडा नं ७ र ९ मा नेपाली कांग्रेसको प्यानल र वडा नं १० र १४ मा नेकपा एमालेको प्यानल विजयी भएको छ भने अन्य वडामा माओवादी केन्द्र विजयी भएको छ। पूर्वी रुकुमका ३१ वडामध्ये ४ वडामा एमाले, ३ वडामा कांग्रेस, २४ वडामा माओवादी केन्द्रले विजय हासिल गरेका छन्। पहिलो चरणमा निर्वाचन भएका ६ स्थानीय तहका ७३ वडामध्ये ५८ वडा माओवादी केन्द्रले जितेको छ भने १३ नेपाली कांग्रेसले र २ वडा नेकपा एमालेले जितेको थियो।

### एमाले ...

पछिल्लो मत परिणामअनुसार नेकपा एमालेले अग्रता कायम राखेको छ। पछिल्लो मत परिणामअनुसार नेकपा एमालेले १ सय १५ स्थानमा अग्रता कायम गरेको छ भने नेपाली कांग्रेसले १ सय १० स्थानमा अग्रता कायम गरेको छ।

त्यस्तै नेकपा माओवादी केन्द्रले ३५ स्थानमा अग्रता कायम गरेको छ। राप्रपाले ३ स्थानमा अग्रता कायम गरेको छ भने फोरम लोकतान्त्रिकले पनि ३ स्थानमा नै अग्रता कायम गरेको छ। संघीय समाजवादी फोरमले ४ स्थान र अन्यले २ स्थानमा अग्रता लिएका छन्।

## निगमको प्रतिवद्धता

नेपाल वायुसेवा निगम निरन्तर सेवाको ५९औं वर्ष पुरा गरी आजदेखि ६० औं वर्षमा प्रवेश गरेको छ र यस वर्षलाई हिरक वर्षको रुपमा मनाइंदै छ। गएको वर्ष हामी एयरबस ३३० अर्थात् दुइटा वाइडवडी विमान खरीद प्रक्रियालाई अन्तिम रुप दिन सफल भएका छौं।

निगम हाल एक पछि अर्को सफलता हासिल गर्दै अगाडि बढेको छ। विमान खरीद प्रक्रियासँगै व्यवस्थापन सुधार तर्फ निरन्तर प्रयास जारी छ र समयसापेक्ष अझ थप सुधार गर्ने क्रममा छ। ग्राउण्ड ह्याण्डलिङ् सेवालाई आएटाले उत्कृष्ट घोषित गरेको छ र निगम यो दायित्व पूर्ण सक्रियता साथ बहन गर्दै जानेछ। विमान संख्यामा वृद्धिका साथै निगमको बजार अंश बढ्दै गएको छ। विमान संख्या वृद्धिका साथै त्यसलाई आवश्यक जनशक्तिको व्यवस्था गरिदै लगिएको छ। आवश्यक प्राविधिक दक्ष जनशक्तिलाई सेवामा समावेश गर्न विभिन्न उपाय अवलम्वन गरिएको छ। निगमको उडानको नियमितता र विश्वसनीयता निर्धारित लक्ष्य आशानुरुप रहेको छ।

निगमप्रति सबैमा विश्वास पैदा गराउन सुरक्षित उडान, नियमितता र विश्वसनीयता बढाउँदै भविष्यमा नयाँ नयाँ संभावना खोज्न निगम अल्पकालीन र दीर्घकालीन योजना कार्यान्वयनमा सक्रियता अपनाएको छ। अर्को वर्ष दुइवटा वाइडवडी विमान सेवामा लगाएपछि लामो दूरीमा सेवा दिने क्षमता हुनेछ भने बजार अंश आशानुरुप बढने छ।

विमान खरीद गर्ने लगायत निगमको प्रगतिमा नेपाल सरकारले देखाएको सदाशयतापूर्ण सहयोग प्रति निगम अत्यन्त आभारी छ। निश्चय नै नेपाल सरकार लगायत सम्वन्धित सबैको अवधारणा निगमले प्रगति गरोस् भन्ने रहेको छ। अतः निगमलाई सद्भावना सहित सहयोग गर्ने पर्यटन व्यवासायीहरु, यात्रुमहानुभावहरु, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र त्यस अन्तर्गतका अन्य निकायहरु र सम्वन्धित सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा अझ गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

नेपाल वायुसेवा

**नेपाल वायुसेवा निगम**



# अर्थ

व्यापारी श्रेष्ठलाई मोटो रकम फिरौती लिनका लागि अपहरण गरिएको खुलेको छ। 'अपहरणकारीले २७ गते श्रेष्ठको रेकर्ड गरिएको आवाज सुनाएर २ दिनभित्र ३ करोड बुझाउन परिवालाई फोन गरेको पनि खुलेको छ' सिंहले जानकारी दिनुभयो। परिवारले एक पटक उहाँसँग कुरा गर्न चाहेको र भनेजति पैसा दिने कुरा गरेको भएपनि उनको हत्या गरिसकेकाले दोहोरो कुरा सुनाउन नसके पछि फोन काटेर सम्पर्कमा आएका थिएनन्।

नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग

कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त

अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट
... सधैं सधैंका शक्ति भन्दछ

ISO 9001:2000

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु \ साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असार १७, जुलाई १ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।१९ | १०३।७९ |
| युरो १ का रु. | ११७।६२ | ११८।३१ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।०२ | १३४।७९ |
| स्विस फ्रन्क १ का रु. | १०७।६३ | १०८।२५ |
| अस्ट्रेलियन डलर १ का रु. | ७९।२४ | ७९।७० |
| क्यानाडियन डलर १ का रु. | ७९।४८ | ७९।९४ |
| सिङ्गापुर डलर १ का रु. | ७४।९६ | ७५।४० |
| जापानी यन १० का रु. | ९।२२ | ९।२८ |
| चिनियाँ युआन १ का रु. | १५।२२ | १५।३१ |
| साउदी अरब रियाल १ का रु. | २७।५१ | २७।६७ |
| कतारी रियाल १ का रु. | २७।४८ | २७।६४ |
| थाई भाट १ का रु. | ३।०४ | ३।०६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१० | २८।२६ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०३ | २४।१७ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०२ | ९।०८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।१८ |
| डनिस क्रानर १ का रु. | १५।८२ |
| हङकङ डलर १ का रु. | १३।२२ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अधिकांश बैंक तथा वित्तीय संस्थाले चुक्ता पुँजी पुऱ्याउने

**रोविन पौडेल, काठमाडौं**

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी वृद्धिको योजना सफल हुने संकेत देखिएको जनाएको छ। राष्ट्र बैंकले आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति सार्वजनिक गर्दै २०७४ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले चुक्ता पुँजी करिब चार दोब्बर वृद्धि गर्नुपर्ने नीति ल्याएको थियो।

राष्ट्र बैंकले दिएको समय सीमा सकिन दुई हप्तामात्रै बाँकी रहँदा तोकिए बमोजिम अधिकांश बैंक तथा वित्तीय संस्थाले चुक्ता पुँजी पुऱ्याउन सक्षम हुने देखिएको नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले बताउनुभयो।

राष्ट्र बैंकको सुपरीवेक्षक विभागले यस विषयमा अनुगमन तथा छलफल गरिरहेको बैंकका प्रवक्ता पौडेलको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै पौडेलले भन्नुभयो-'सबै बैंक तथा वित्तीय संस्थाको पुँजी योजना कस्ता छन् भन्ने विभिन्न विषयमा अध्ययन गरिरहनुभएको छ। अध्ययनअनुसार अधिकांशले लक्ष्य पूरा गर्न सफल रहेको देखिन्छ।'

तोकिएको चुक्ता पुँजी पुऱ्याउने विषयमा तीन फरक वर्गमा विभाजन गरिएको उहाँले बताउनुभयो। 'सबै संस्थालाई सहजै पुऱ्याउने, ठीकै र मुस्किलले पुऱ्याउने वर्गमा विभाजन गरिएको छ। राष्ट्र बैंकमा आगामी मौद्रिक नीतिमा उनीहरूका निम्ति कस्तो नीति ल्याउने भन्ने विषयमा छलफल चलिरहेको छ।' प्रवक्ता पौडेलले भन्नुभयो।

असार मसान्तकै दिन ब्यालेन्ससिट मगाएर हेर्दा सबै वाणिज्य बैंकको चुक्ता पुँजी ८ अर्ब पुगेको नदेखिए पनि यस आर्थिक वर्षको नाफाबाट बोसन शेयर प्रदान गर्दा तोकिए अनुसारको चुक्ता पुँजी पुगेको देखिने उहाँले अनुमान गर्नुभयो।

यस अवधिमा समयमै ८ अर्ब चुक्ता पुँजी पुऱ्याउने वाणिज्य बैंकमा कृषि विकास बैंक, नेपाल इन्भेस्टमेन्ट बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, नविल बैंक र हिमालयन बैंक रहेका छन्। ती बैंकले चैतमसान्तभित्रै ८ अर्ब चुक्ता पुँजी पुऱ्याइसकेका थिए। ग्लोबल आईएमई बैंकले भर्खरै चुक्ता पुँजी ८ अर्ब रुपियाँ पुऱ्याएको छ। प्रभु बैंक र एनआईसी एसिया बैंक पनि समय मै चुक्ता पुँजी ८ अर्ब रुपियाँको नजिकमा छन्। बाँकी बैंक पनि थप मर्जर, एक्विजिसन, बोनस शेयर, हकप्रद शेयर, एफपीओबाट पुँजीकरण, प्रिमियम तथा जगेडा कोषका माध्यमबाट राष्ट्र बैंकले तोकेको अनुसार पुँजी वृद्धि गर्न लागिपरेका छन्।

चार वटा वाणिज्य बैंकलाई भने चुक्ता पुँजी ८ अर्ब रुपियाँ पुऱ्याउन हम्मेहम्मे परेको छ। एनसीसी, सिद्धार्थ, सिभिल र जनता बैंकलाई चुक्ता पुँजी पुऱ्याउन गाह्रो परेको हो। चैत मसान्तयता ग्लोबल आईएमई बैंकले रिलायवल डेभलपमेन्ट बैंकलाई प्राप्ति गर्दै चुक्ता पुँजी ८ अर्ब ८ करोड पुऱ्याएको छ। लक्ष्मी बैंकले पनि ३८ प्रतिशत बोनस शेयर दिँदै चुक्ता पुँजी पुऱ्याउन प्रयत्न गरेको छ।

त्यस्तै सेन्चुरी बैंकले सेती फाइनान्सलाई प्राप्ति र बोनस शेयर जारी गरेर चुक्त पुँजी पुऱ्याउन लागेको हो। मेगा बैंकले पनि ६५ प्रतिशत हकप्रद शेयर जारी गरी साढे सात अर्ब पुऱ्याउने भएको हो। बाँकी भने बोनस शेयर दिने बैंकले जनाएको छ।

बैंक अफ काठमाडौंले लुम्बिनी विकास बैंकलाई प्राप्ति गरी अपुग चुक्ता पुँजीका लागि संस्थापक शेयर जारी गर्ने बताएको छ। कुमारी बैंकले पनि यसैसाता काष्ठमाण्डप विकास बैंक, महाकाली विकास बैंक, काँक्रेविहार विकास बैंक र पश्चिमाञ्चल फाइनान्सलाई गाभेर एकीकृत कारोबार शुरु गरेको छ। बैंकका अनुसार उसलाई चुक्ता पुँजी पुऱ्याउन अझै ५९ करोड रुपियाँ अपुग देखिन्छ।

प्रवक्ता पौडेलका अनुसार असारको अन्तिममा हकप्रद शेयर जारी गरेको, असारसम्मको कमाईबाट बोनस सेयर जारी गरेको तथा मर्जरमा गएर एकीकृत कारोबार गर्न बाँकी बैंक तथा वित्तीय संस्थालाई मात्र २०७४ असार मसान्तकै समय सीमालाई आधार मानेर छुट दिइने छ। बैंक तथा वित्तीय संस्थाले ती आधारमा तोकिएको चुक्ता पुँजी पुऱ्याउने स्पष्ट खाका पेश गरेमा छुट पनि दिइने पौडेलले बताउनुभयो।

बैंकहरूको असारसम्मको कुल मुनाफाबाट विभिन्न कोषमा छुट्याइएको रकम र बोनस शेयरको हिसाब गर्न समय लाग्न सक्छ। त्यसकारण बैंकले ती बैंक तथा वित्तीय संस्थाको लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरण हेरेर मात्र निर्णय गर्ने उहाँले बताउनुभयो।

यसैबीच राष्ट्र बैंकले असार मसान्तभित्र चुक्ता पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई कारबाही गर्ने भएको छ। चालू आवको तेस्रो त्रैमासिक समीक्षा गर्दै राष्ट्र बैंकले तोकिएको चुक्ता पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थालाई लाभांश तथा बोनस शेयर घोषणा गर्न रोक लगाउने, नयाँ शाखा खोल्न रोक लगाउने र निक्षेप संकलन तथा परिचालनको सीमा कायम गर्ने जस्ता कारबाही गर्न उल्लेख गरेको छ।

राष्ट्र बैंकले २०७४ असारभित्र वाणिज्य बैंकले आठ अर्ब, राष्ट्रियस्तरका विकास बैंकको २ अर्ब ५० करोड, ४ देखि १० जिल्ला कार्यक्षेत्र भएका विकास बैंकको १ अर्ब ५० करोड, १ देखि ३ जिल्ला कार्यक्षेत्र भएका विकास बैंकको ५० करोड रुपियाँ चुक्ता पुँजी पुऱ्याउन नीति ल्याएको थियो। त्यस्तै राष्ट्रियस्तरका वित्तीय संस्थाको ८० करोड, ४ देखि १० जिल्ला कार्य क्षेत्र भएको वित्तीय संस्थाको ४० करोड रुपियाँ चुक्ता पुँजी पुऱ्याउने नीति ल्याएको थियो।

## ओम डेभलपमेन्ट बैंकको शाखा अर्घौंमा



काठमाडौं, (नेस)

ओम डेभलपमेन्ट बैंकको लेखनाथस्थित अर्घौंमा नयाँ शाखा स्थापना भएको छ। उक्त शाखा पोखरा लेखनाथ महानगरपालिकाका मेयर मानबहादुर जिसीद्वारा उद्घाटन गर्नुभएको हो।

बैंकका सञ्चालक समितिका अध्यक्ष सुशील कुमार गोशलीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अध्यक्ष सुशील कुमार गोशली र प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले बैंकका विविध पक्षहरूको जानकारी गराउनुभएको थियो।

ओमले गत असार २ गते मनास्लु विकास बैंकसँग संयुक्त कारोबार गरेको थियो। संयुक्त कारोबारपछि बैंकको चुक्ता पुँजी १ अर्ब ६५ करोड, निक्षेप १५ अर्ब ४० करोड, कर्जा १३ अर्ब ८० करोड, शाखा संख्या ४१, कर्मचारी संख्या ३२७, ग्राहक संख्या २ लाख २३ हजार पुगेको छ। बैंकले १० बराबर ३ अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रक्रिया अगाडि बढाइसकेको प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले जानकारी दिनुभयो।

# भ्याट विवादले शेयर बजार अन्योलमा

**नेपाल समाचारपत्र**

काठमाडौं

शेयर दलालको अवरोधका कारण बिहीबार एकाएक बजार बन्द भएपछि शेयर लगानीकर्ता अन्योलमा परेका छन्। ब्रोकरले शेयर कमिसनमा मूल्य अभिवृद्धि कर भ्याटको विषय टुंगो नलागेसम्म कारोबारमा नजाने अडान दोहोऱ्याएपछि लगानीकर्ता हतोत्साहित बनेका हुन्।

ब्रोकर प्रतिनिधिले शुक्रबार नेपाल स्टक एक्सचेन्ज (नेप्से)का महाप्रबन्धक सीताराम थपलियासँग भेटी उत्पन्न समस्या समाधानपछि मात्र कारोबारमा जाने अडान राखेका हुन्। अन्तर्राष्ट्रिय मूल्य मान्यताविपरीत भएको भन्दै नेप्सेले ब्रोकरलाई निर्देशन दिए पनि उनीहरूले अटेर गरेका हुन्।

यसैबीच नेपाल धितोपत्र बोर्डले नेप्सेलाई तत्काल कारोबार सुचारु गर्न निर्देशन दिएको छ। शेयर बजार नियमक निकाय धितोपत्र बोर्डलाई नेप्सेले बजार खुलाउन समन्वय गर्न आग्रह गरेकोमा बोर्डले नेप्सेलाई फ्रन्टलाइन रेगुलेटरका रुपमा काम गर्न सो आदेश दिएको हो।

बजारमा अन्योलता छाउँदा निरन्तर ओरालो लागेको शेयर बजारले गत साता भने सुधारको संकेत देखायो। गत साता चार दिन कारोबार भएको बजारमा नेप्से परिसूचक अघिल्लो साताको तुलनामा ४ दशमलव ३२ अंकले बढ्यो। साताभरि बजारमा १ सय ६० कम्पनीका ३४ लाख १४ हजार ५० कित्ता शेयर एक अर्ब ८५ करोड ५४ लाख ५७ हजार रुपियाँमा किनबेच भए।

कारोबार रकम अघिल्लो साताको भन्दा ३७ प्रतिशतले कम हो। अघिल्लो साता बजारमा २ अर्ब ९६ करोड १९ लाख २० हजार रुपियाँ बराबरको कारोबार भएको थियो। त्यस्तै नेप्से परिसूचक अघिल्लो साता ३० दशमलब १ अंकको गिरावट आएको थियो। गत साताको पहिलो दिन १ हजार ५ सय ५९ दशमलब ४९ अंकबाट शुरु भएको शेयर बजार परिसूचक चौंथो दिनसम्म आइपुग्दा १ हजार ५ सय ६३ दशकलब ८१ को विन्दुमा आएर रोकिएको हो।

साताको बजार हेर्दा परिसूचक बढ्ने, कारोबार रकममा कमी आउने, कारोबार ठप्प हुनाले लगानीकर्ता भने थप सशंकित बनेका हुन्।

साताको पहिलो दुई क्रमशः उकालो लागेको बजार परिसूचक मंगलबार र बुधबार भने गिरावट आयो। गत साताको पहिलो र दोस्रो दिन बजार परिसूचक क्रमशः ८ दशमलब २८ र २ दशमलब ६३ अंकले बढेको थियो। तर, परिसूचकमा मंगलबार र बुधबार क्रमशः २ दशमलब ६३ अंक र १ दशमलब २८ अंकका सामान्यको गिरावट आयो।

गत साता तीन समूहबाहेक सबै समुहको परिसूचकमा सुधार आयो। कारोबारमा आएका बीमा, बैंक, होटल, विकास बैंकका परिसुचक सुधार आउँदा वित्त, जलविद्युत् र अन्य समूह भने ओरालो लागे। तीमध्ये होटल समूह सर्वाधिक ३५ दशमलब ७५ अंकले बढेको थियो भने जलविद्युत् समूह सबैभन्दा धेरै १५ दशमलब ४५ अंकले ओरालो लाग्यो।

यस्तै 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा १ दशमलब शून्य ९ अंकले घटेर ३ सय ३१ दशमलब ६६ अंकमा आइपुगेको छ। कारोबार रकमको आधारमा यस साता हिमालयन जनरल इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रह्यो। कम्पनीका कूल १२ करोड ६७ लाख १० हजार बराबरको शेयर कारोबार भयो। कारोबार भएको सेयर संख्याको आधारमा प्रभु बैंक (संस्थापक) ले शीर्ष स्थान ओगटेको छ। यस अवधिमा कम्पनीका ६ लाख ५२ हजार कित्ता शेयर कारोबार भए।

त्यसैगरी कारोबार संख्याको आधारमा हिमालयन जनरल इन्स्योरेन्स अग्रस्थानमा रहेको छ। कम्पनीको कूल ९ सय १५ वटा बारोबार भएका थिए। पाँचै दिन खुल्ला रहेको गत साता चार दिन मात्र कारोबार भयो। गत हप्ता ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन।

## जायज माग सम्बोधन गर्न आग्रह

काठमाडौं, (नेस)

शेयर ब्रोकर कमिसनमा मुल्य अभिवृद्धि कर (भ्याट) लगाउने सरकारको पछिल्लो निर्णयबाट उनीहरूमा परेको कठिनाई तथा उत्पन्न समस्याका विषयमा नेपाल उद्योग वाणिज्य महासंघको ध्यानाकर्षण भएको महासंघले जनाएको छ।

आन्तरिक राजस्व विभागको पत्रबाट धितोपत्र बजारमा गम्भीर असर पर्नुको साथै लगानीकर्तामा समेत त्रासको वातावरण पैदा हुनेमा महासंघले चिन्ता व्यक्त गरेको छ। विभिन्न वहानामा उद्यमी व्यवसायीमाथि छानविन गर्ने, अप्रत्याशित रूपमा नीतिगत परिवर्तन गरी उद्योग व्यवसाय नै ठप्प पार्ने यस्तो कार्यबाट धितोपत्र व्यवसाय पनि मारमा पर्ने आशंका पैदा भएको महासंघको बुझाई छ।

यस्ता निर्णयले मुलुकको अर्थतन्त्रमा पार्ने असरका बारेमा गम्भीर भएर सोच्न महासंघले सरकारसँग आग्रह गरेको छ। कुनै पनि निर्णय लागू गर्नु पूर्व सम्बन्धित क्षेत्रका व्यवसायीसँग पर्याप्त छलफल पश्चातमात्र लागू गरिनुपर्नेमा महासंघको जोड छ। अतः सबै समस्या नीतिगत तहै सुधार ल्याई दीर्घकालीन रूपमा समस्या समाधान गर्न तथा देशको एकमात्र पुँजीबजार अविलम्ब सुचारू हुने वातावरण बनाउन महासंघले सरकारसँग माग गरेको छ।

# व्यापारी श्रेष्ठको हत्या

## मोटो फिरौती लिन अपहरण गरिएको खुलासा






**नरेन्द्र केसी, घोराही, दाङ**

गत जेठ २६ गतेदेखि अपहरणमा परेका दाङ तुलसीपुरका व्यापारी राजकुमार श्रेष्ठको हत्या भएको छ। श्रेष्ठलाई अज्ञात समूहले अपहरण गरेको अनुमानका आधारमा अनुसन्धान थालेको प्रहरीले सल्यान पुऱ्याएर हत्या गरिएको रहस्य सार्वजनिक गरेको छ।

श्रेष्ठ तुलसीपुरबाट बा११च १०७१ नम्बरको निजी गाडीसहित हराउनुभएको थियो। उहाँ चढेको गाडी सल्यान कपुरकोट गाउँपालिका-५, मेलखोलास्थित भित्री कच्ची सडकमा भेटिएको थियो। यसकै आधारमा घटनाको अनुसन्धान गर्दै जाँदा अभियुक्त पक्राउ परेपछि उनीहरूबाट हत्या गरिएको खुलेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक धिरेन्द्रप्रताप सिंहले बताउनुभयो।

श्रेष्ठ शव सल्यान छत्रेश्वरी गाउँपालिका-४, झिम्पे लेकमा फेला परेको छ। व्यापारी श्रेष्ठलाई गत जेठ २६ गते साँझ पौने ६ बजे तुलसीपुर-६ बस्ने १७ बर्षीया पूजा घर्तीले फोन गरी बोलाएको र सल्यान कपुरकोट-५ मेलखोलासम्म गाडीमै लगेको खुलेको प्रहरीले जनाएको छ। त्यहाँबाट गाडी छाडेर श्रेष्ठलाई हिँडाएर जेठ २९ गते नै सल्यान छत्रेश्वरीमा लगी हत्या गरेको प्रहरी उपरीक्षक सिंहले जानकारी दिनुभयो। प्रहरीका अनुसार श्रेष्ठको हत्या गरेर ओडारमा फालेको पाइएको छ।

अपहरणकारी दिनभरी लुक्ने र रातभरी हिँडाउने गरेको प्रारम्भिक चरणमा खुल्न आएको छ। 'उनीहरूले खानका लागि १० किलो चिउरा समेत लिएर गएको खुलेको छ' सिंहले भन्नुभयो। 'समयमा खान नपाएका व्यापारी श्रेष्ठ सुगरको विरामी समेत भएकाले कम्जोर हुदै गए र २९ गते दिउँसो ढलेका थिए।' अपहरकारीले उपचार गर्नुको साटो ढुङगाले टाउकोमा हिर्काएर निर्मम तवरले हत्या गरेर फालेको अनुसन्धानबाट खुल्न आएको छ।

यसैबीच व्यापारी श्रेष्ठलाई मोटो रकम फिरौती लिनका लागि अपहरण गरिएको खुलेको छ। 'अपहरणकारीले २७ गते श्रेष्ठको रेकर्ड गरिएको आवाज सुनाएर २ दिनभित्र ३ करोड बुझाउन परिवालाई फोन गरेको पनि खुलेको छ' सिंहले जानकारी दिनुभयो। परिवारले एक पटक उहाँसँग कुरा गर्न चाहेको र भनेजति पैसा दिने कुरा गरेको भएपनि उनको हत्या गरिसकेकाले दोहोरो कुरा सुनाउन नसकेपछि फोन काटेर सम्पर्कमा आएका थिएनन्।

केहि दिनअघि धादिङबाट पक्राउ परेका तुलसीपुर उपमहानगरपालिका-१२ निवासी २५ बर्षिय अबिरल महतराको बयानका आधारमा प्रहरीले अनुसन्धानमा सफलता प्राप्त गरेको हो। महतराले श्रेष्ठको हत्या गरि गाडेको स्थान देखाएकापछि घटनाको सम्पुर्ण विवरण बाहिर आएको हो। श्रेष्ठको शवलाई छत्रेश्वरी गाउँपालिका-४, रैजेको जंगलमा लगेर गाडिएको थियो। केन्द्रीय अनुसन्धान व्युरोका प्रहरी उपरिक्षक दिपेश लोहनी र जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायव उपरीक्षक श्यामबहादुर खत्रीको नेतृत्वमा शुक्रबार विहान ४ बजे ओरोपी सहित गएको टोलीले श्रेष्ठको शव गाडेको ठाउँमा पुगेर उत्खनन गरेको थियो। शवलाई हेलीकोप्टर मार्फत तुलसीपुर ल्याइएको छ।

प्रहरीले घटनामा संलग्न ७ जना मध्ये ४ जनालाई पक्राउ गरेर अनुसन्धान अघि बढाएको छ। पक्राउ पर्नेमा घोराही-४ बस्ने बर्ष ४० को रमेश भन्ने मनबहादुर पुन, साविक पवननगर-१ घर भई हाल तुलसीपुर-६ निवासी २३ बर्षिय रुगत थापामगर , घोराही उपमहानगरपालिका-१४, नयाँबजार निवासी ३८ बर्षकी जमा पुन रहेका छन्। आरोपी साविक झिम्पे-४ निवासी ३५ बर्षीय मानबहादुर भण्डारी, तुलसीपुर-६ निवासी १७ बर्षिया पुजा घर्तीमगर, पुजाको वुबा बर्ष ४० का टीकाराम घर्तीमगर भने फरार रहेको प्रहरीले बताएको छ।

नेपालमा विदेशी कम्पनीले साविकका कम्पनीमा शेयर हस्तान्तरणमार्फत् लगानी गर्न सक्ने प्रावधान छ। आन्तरिक लगानीबाट खोलिएका उद्योगमा ऋणमार्फत् पनि विदेशी लगानी भित्र्याउन तथा प्रविधि स्थानान्तरणमार्फत् पनि विदेशी लगानी भइरहेको छ।

# घट्यो वैदेशिक लगानी

हेमन्त जोशी, काठमाडौं

मुलुकको अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको उद्योग क्षेत्रमा वैदेशिक लगानी घट्दै गएको छ। गत फागुन तेस्रो साता सरकारले लगानी सम्मेलन गरेपछि नेपालमा १४ खर्ब रुपियाँभन्दा बढीको लगानी प्रतिबद्धता आए पनि उद्योगमा विदेशी लगानी प्रत्येक वर्ष क्रमशः घट्दै गएको छ।

कम्पनी रजिस्टारको कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७१/७२ मा ६७ अर्ब ४० करोड रुपियाँ पुगेको विदेशी लगानी गत आर्थिक वर्ष २०७२/७३ मा १५ अर्ब २० करोड १८ लाख रुपियाँमा झरेको थियो। त्यस्तै चालू आर्थिक वर्षमा कम्पनी रजिस्टारको कार्यालयको तथ्यांकलाई हेर्दा असार १० गतेसम्म उद्योग क्षेत्रमा विदेशी लगानी १४ अर्ब १२ करोड १७ लाख ८० हजार रुपियाँ नेपाल भित्रिएको छ।

चालू आर्थिक वर्ष २०७३/७४ को ११ महिनामा ३ सय ६६ वटा विदेशी कम्पनीहरू दर्ता भएका छन्। जसमा कृषि तथा वनसँग सम्बन्धित १८ वटा उत्पादन क्षेत्रसँग सम्बन्धित ५३ वटा, सामाजिक सेवासँग सम्बन्धित १ सय ४७ वटा पर्यटन क्षेत्रमा सबैभन्दा बढी १ सय ३८ वटा सूचना प्रविधिसँग सम्बन्धित ७ वटा, निर्माण क्षेत्रसँग सम्बन्धित एउटा र मिनरल उद्योगका रुपमा २ वटा कम्पनीहरू दर्ता भएका छन्। यस अवधिमा जसअन्तर्गत पर्यटन क्षेत्रमा सबैभन्दा बढी ५ अर्ब ६९ करोड ३४ लाख ९० हजार रुपियाँ लगानी भित्रिएको छ।

त्यसैगरी सेवा क्षेत्रमा ४ अर्ब ५८ करोड ७४ लाख ९० हजार रुपियाँ लगानी भएको छ। उत्पादन क्षेत्रमा ३ अर्ब ४८ करोड २३ लाख ५० हजार रुपियाँ लगानी भएको छ। कृषि तथा वन क्षेत्रमा २४ करोड १० लाख १० हजार रुपियाँ लगानी भएको छ। सूचना प्रविधिका क्षेत्रमा ६८ लाख ७४ हजार रुपियाँ, मिनरल उद्योगमा ३८ लाख ५० हजार रुपियाँ, निर्माण क्षेत्रमा १० लाख २० हजार रुपियाँ लगानी भित्रिएको छ।

कम्पनी रजिस्टारको कार्यालयको तथ्यांक हेर्दा चालू आर्थिक वर्षमा मात्र यसरी दर्ता भएका कम्पनीहरूले १० हजार ८ सय ५२ जनालाई रोजगारी दिएको छ। सेवा क्षेत्रतर्फ सबैभन्दा धेरै ४ हजार १ सय २७ जनाले राजगारी पाएका छन्। त्यस्तै पर्यटन क्षेत्रमा ३ हजार ६ सय २१ जनाले, निर्माण क्षेत्रमा २ हजार २ सय ६८ जनाले रोजगारी पाएका छन्। कृषि तथा वन क्षेत्रमा ३ सय ६० जनाले, निर्माण क्षेत्रमा ७० जनाले, सूचना प्रविधिको क्षेत्रमा २ सय ९१ जना र मिनरल उद्योगमार्फत् १ सय १० जनाले रोजगारी पाएका छन्।

हालसम्म झण्डै सात हजार विदेशी कम्पनीले नेपालीमा लगानी गरिरहेका छन्। यसरी दर्ता भएका उद्योगमा सबैभन्दा धेरै उत्पादनमूलक क्षेत्रमा दर्ता भएका छन्। उत्पादनमुलक क्षेत्रमा २ हजार ७ सय १५ वटा विदेशी कम्पनी दर्ता भएको उद्योग विभागको तथ्यांकमा उल्लेख छ। त्यस्तै सेवामूलक क्षेत्रका कम्पनीहरूमा १ हजार ९ सय सात वटा कम्पनी दर्ता भएका छन्। नेपालमा सञ्चालित यस्ता विदेशी कम्पनीको सूचीमा पर्यटन क्षेत्रका कम्पनी तेस्रो नम्बर छन्।

हाल नेपालमा पर्यटन क्षेत्रका १ हजार ४ सय ६ वटा कम्पनीले आफ्नो व्यवसाय सञ्चालन गरिरहेका छन्। यसरी नेपालमा स्थापना भएर व्यवसाय गरिरहेका विदेशी कम्पनीले ५ लाख ३० हजारभन्दा बढी व्यक्तिलाई नेपालमा रोजगारी दिइरहेको उद्योग विभागको तथ्यांकमा उल्लेख छ। नेपालमा दर्ता भएका यस्ता कम्पनीले १२ खर्ब ७५ अर्ब १९ करोड २० लाख रुपियाँ बराबरको लगानी गरेको तथ्यांक रहेको छ।

नेपालमा विदेशी कम्पनीले साविकका कम्पनीमा शेयर हस्तान्तरणमार्फत् लगानी गर्न सक्ने प्रावधान छ। आन्तरिक लगानीबाट खोलिएका उद्योगमा ऋणमार्फत् पनि विदेशी लगानी भित्र्याउन तथा प्रविधि स्थानान्तरणमार्फत् पनि विदेशी लगानी भइरहेको छ। नेपालमा उद्योग क्षेत्रको विकासका लागि अर्थ मन्त्रालयअन्तर्गत औद्योगिक प्रवर्द्धन महाशाखाले सम्पत्ति व्यवस्थापन तथा लगानी आकर्षित गर्न विदेशी लगानीकर्तालाई नेपालमा लगानीका अवसरका बारेमा जानकारी गराउन नेपाल सरकारको औद्योगिक नीति, वैदेशिक लगानी नीति तथा अन्य सम्बद्ध ऐनहरू समावेश गरी प्रवर्द्धनात्मक सामग्री प्रकाशित गर्ने, लगानीकर्ताले माग गरेका जानकारी उपलब्ध गराउने, नेपाललाई तुलनात्मक रुपमा लाभ पुग्ने क्षेत्रमा विदेशी लगानी भित्र्याउने लगायतका काम गरिरहेको छ।

विदेशी लगानी नीति २०७१ अनुसार विदेशी कम्पनीले आयकरमा छुट, नाफा विदेश लैजान पाउने, तथा नेपालका बैंक तथा वित्तीय क्षेत्रबाट ऋण पाउन सक्ने व्यवस्था गरेको छ। उक्त नीतिमा विदेशी लगानीकर्तालाई छुट्टै परिचयपत्र वितरण गर्ने तथा उत्पादित वस्तुको मुल्य निर्धारणमा सरकारले हस्तक्षेप गर्न नपाउने व्यवस्था छ।

नीतिअनुसार विदेशी कम्पनीहरूले लघु उद्यम र परम्परागत घरेलु उद्योग, हातहरियार, खरखजाना, गोलीगट्ठा, बारुद तथा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग, विकिरणजन्य पदार्थ सम्बन्धि उद्योग, मुद्रा तथा सिक्का व्यवसाय, आमसञ्चारका प्रसारण माध्यम लगायत क्षेत्रमा विदेशी लगानी गर्न पाइदैन। उद्योग क्षेत्रमा लगानी गरिरहेका लगानीकर्तालाई संस्थागत विदेशी लगानीकर्ता, व्यक्तिगत विदेशी लगानीकर्ता गैरआवासीय नेपाली लगानीकर्ता गरी ३ तहमा वर्गीकरण गरिएको छ।

**कुल वैदेशीक लगानी (रूपियाँ)**

| | |
|---|---|
| २०६९/७० | १९ अर्ब ८१ करोड ८७ लाख ३० हजार |
| २०७०/७१ | २० अर्ब १० करोड ७४ लाख २० हजार |
| २०७१/७२ | ६७ अर्ब ४० करोड ४० हजार |
| २०७२/७३ | १५ अर्ब २० करोड १८ लाख ३० हजार |
| २०७३/७४ (११ महिना) | १४ अर्ब १२ करोड १७ लाख ८० हजार |

# सुमार्गी महासंघ केन्द्रीय सदस्य



हेटौंडा, (नेस)

शिक्षा, दुरसञ्चार, हाइड्रोपावर, सिमेन्ट, खानी, कृषि, बैंकिङ र होटललगायत क्षेत्रमा लगानी गर्दै आएको मुक्तिश्री ग्रुप अफ कम्पनिजका सञ्चालक अरुणराज सुमार्गी (पराजुली) नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय सदस्य मनोनित हुनु भएको छ।

महासंघका पूर्वकार्यकारिणी सदस्यसमेत रहनुभएका उहाँलाई अध्यक्ष भवानी राणाले शुक्रबार पत्र दिँदै महासंघको विधानअनुसार हालको कार्यकारिणी समितिको पदावधिसम्मका लागि कार्यकारिणी समितिको सदस्यमा मनोनित गरिएको जानकारी दिनुभएको हो। राणाले महासंघको गतिविधिलाई प्रभावकारी बनाउन यसअधिको जस्तै सहयोग प्राप्त हुने विश्वास लिनुभएको छ।

हेटौंडामा २०२८ सालदेखि बुबा माधवराज पराजुलीले हेटौंडा क्षेत्रमा चुन उद्योग स्थापना गरेर विभिन्न वाधा अवरोधका बाबजुद अघि बढेको हेटौंडा चुन उद्योग लगानी विस्तार र रोजगारी सिर्जना गर्दै जाने क्रममा सुमार्गी ग्रुपका रुपमा चिनिन पुगेको हो।

हाल उहाँका दुई छोरा अजेयराज सुमार्गी र अरुणराज सुमार्गीको नेतृत्वमा पराजुली परिवारको व्यवसाय हालको सुमार्गी ग्रुप हो।

नेपालको इतिहासमा पहिलो खानीजन्य निजी क्षेत्रका उद्योगका रुपमा हेटौंडा चुन उद्योग सञ्चालनमा आएको थियो। नेपालमा राज्य संरचना केन्द्रिकृत भएका कारण उद्योगहरू सञ्चालन गरी लगानीलाई विविधिकरण गर्न लगानी विस्तार गर्नुपर्ने आवश्यकता ग्रुपका निर्देशक सुमार्गी औंल्याउनुहुन्छ।

## PRESS RELEASE

### एनसेलद्वारा आंशिक छात्रवृत्ति प्रदान




काठमाडौं, (नेस)

एनसेल प्रालिले आफ्नो 'पहिलो सिम' योजनाअन्तर्गत २०७३ सालको माध्यामिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका ४८ परीक्षार्थीलाई माध्यामिक शिक्षाबाट उच्च शिक्षा अध्ययन शुरु गर्नु अगाडि गरिने ब्रिज कोर्स अध्ययनका लागि आंशिक छात्रवृत्ति प्रदान गरेको छ।

यस 'पहिलो सिम' योजनाअन्तर्गत, एनसेलले तयारी कक्षा सञ्चालन गर्ने १६ वटा ब्रिज कोर्स इन्स्टिच्युटहरूका ३/३ जना उत्कृष्ट विद्यार्थी गरी हालसम्म ४८ जना विद्यार्थीलाई आंशिक छात्रवृत्ति स्वरुप प्रत्येकलाई रुपियाँ प्रदान गरेको छ

ब्रिज कोर्स इन्स्टिच्युटहरूले विभिन्न समयमा लिएको आन्तरिक परीक्षाको नतिजाको आधारमा उत्कृष्ट विद्यार्थी आंशिक छात्रवृतिका लागि छानिएका हुन्। २०७३ सालका एसईई परीक्षार्थीलाई ध्यानमा राख्दै एनसेलले 'पहिलो सिम' योजनाअन्र्तगत उत्कृष्ट विद्यार्थी छनोट तथा छात्रवृत्ति प्रदान गर्नका लागि विभिन्न ब्रिज कोर्स इन्स्टिच्युटहरूसँग सहकार्य गरेको छ।

### भिबोर सोसाइटी डेभलपमेन्ट बैंकद्वारा वित्तीय साक्षरता




काठमाडौं, (नेस)

भिबोर सोसाइटी डेभलपमेन्ट बैंकले तनहुँस्थित भानु नगरपालिका चन्द्रावती सतिस्वाँरा वडा-२ मा शाखा कार्यालय खोली आफ्नो सेवा विस्तार गर्न लागेको छ। यसैक्रममा बैंकले उक्त भेगका चन्द्रावती उच्च माध्यमिक विद्यालय र अरनिको उच्च माध्यमिक विद्यालयमा बैंकिङ साक्षरता कार्यक्रमको सञ्चालन गरेको छ।

उक्त कार्यक्रममा माध्यमिक, उच्चमाध्यमिक तथा स्नातकतहका विद्यार्थीलाई बैंकिङ साक्षरता सम्बन्धी समसामायिक ज्ञान दिइएको छ। यस कार्यक्रमले सेवाग्राहीलाई बैंकिङ तथा वित्तीय संस्थाका प्रकार, बचत गर्ने बानी र बचत गर्दाको लाभ, आर्थिक कारोबार, एटीएम कार्डको सदुपयोग, रेमिट्यान्स, आदिकाबारेमा जानकारी दिइएको छ।

### देव: विकास बैंकको माडीमा शाखा खुल्यो



काठमाडौं, (नेस)

देव: विकास बैंकको माडी नगरपालिका-३, वसन्तपुरमा नयाँ शाखा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले उद्घाटन गर्नु भएको छ। बैंकका सञ्चालक बज्र गुरुङको सभापतित्वमा भएको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत विजयबहादुर श्रेष्ठले माडी उपत्यकाको आर्थिक कारोबार अभिवृद्धि गर्न बैंक सदवै क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्नु भयो।

माडी उद्योग वाणिज्य संघका अध्यक्ष रेशमलाल आचार्य, माडी नगरपालिकाका मेयर ठाकुरप्रसाद ढकालले शुभकामना दिनुभयो। उदघाट्न मन्तव्य दिनु हुँदै डेपुटी गभर्नर शिवाकोटीले स्वदेशमै उपयोग गर्न रोजगारका अवसरहरू सिर्जना गर्नुपर्ने र उद्यमशीलताको विकासका लागि बैंकले यस क्षेत्रमा शाखा विस्तार गरेको बताउनुभयो। बैंकले हालसम्म १० अर्ब निक्षेप संकलन गरी ९ अर्ब ३९ करोड कर्जा प्रवाह गरी ३१ करोड ४० लाख सञ्चालन नाफा हासिल गर्न बैंक सफल भएको छ।

### एमडीएफका उत्पादन भाटभटेनी र बिगमार्टमा

काठमाडौं, (नेस)

खाद्यान्नको क्षेत्रमा निरन्तर सक्रिय व्यवसायीहरूद्वारा प्रवर्द्धित माँ दुर्गा (एमडीएफ) फुड्स प्रालिले आटा, मैदा, सुजी र दलिया उपभोक्ताको सहजताका लागि भाटभटेनी तथा बिगमार्ट सुपरमार्केटमा उपलब्ध गराएको छ।

आधुनिक नयाँ प्याकेजिङमा आएका यी खाद्य उत्पादनहरू आटा (५ किलो), मैदा (२ किलो), सुजी (१ किलो) र दलिया (१ किलो) उपलब्ध छ। शुद्ध गहुँको दानालाई स्वीस प्रविधियुक्तबाट उत्पादन एवम् प्रशोधन गरिने भएकाले यस उद्योगबाट उत्पादित सम्पूर्ण उत्पादन गुणस्तरीय साथै स्वस्थकर समेत हुने कम्पनीको दाबी छ।

## हिमालयन बैंकद्वारा सीसी टिभी क्यामेरा प्रदान

काठमाडौं, (नेस)



हिमालयन बैंकले काठमाडौं महानगरपालिका वडा नं. ३० स्थित मैतीदेवी मन्दिर परिसरको विभिन्न स्थानमा ८ थान सीसी टिभी क्यामेरा जडान तथा रेकर्डिङ हस्तान्तरण गरेको छ। उक्त रेकर्डिङ उपकरणले १८ दिनसम्मको २४सैं घण्टाको गतिविधिलाई सुरक्षित राख्न सक्दछ।

यस अवसरमा बैंकका अध्यक्ष मनोजबहादुर श्रेष्ठले सीसी टिभीसम्बन्धी उपकरण मैतीदेवी क्षेत्र प्रबन्ध समितिका सदस्यसचिव दर्शन महतोलाई हस्तान्तरण गर्नुभयो। समारोहमा पुरातत्व विभागका महानिर्देशक भेषनारायण दहाल, बैंकका सञ्चालक, आधिकारी तथा मैतीदेवी क्षेत्र प्रबन्ध समितिका अन्य पदाधिकारीको समेत उपस्थिति थियो।

त्यस क्रममा अध्यक्ष श्रेष्ठले सीसी टिभी जडान भएपश्चात मन्दिर परिसर वरिपरि हुनसक्ने अवांछित गतिविधिहरू नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। यसैगरी पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहालले बैंकको यस प्रकारको पुरातात्विक संपदा संरक्षणको कार्य अत्यन्त सह्रानीय रहेको वताउनुभयो।

## मेगा बैंकद्वारा हदप्रद शेयर निष्काशनका लागि अनुमति माग

काठमाडौं, (नेस)

मेगा बैंक नेपालले हकप्रद साधारण शेयर निष्काशन तथा बिक्री गर्नका लागि नेपाल धितोपत्र बोर्डसँग अनुमति मागेको छ। शेयरधनीलाई ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय गरेको मेगा बैंकले बिहीबार धितोपत्र बोर्डसँग अनुमति माग गरेको हो।

बैंकले यसअघि नै नबिल इन्भेष्टमेन्ट बैंकिङलाई हकप्रद साधारण शेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरिसक्को छ। मेगा बैंकले गत वार्षिक साधारणसभाबाट ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय गरेको थियो। सोही बमोजिम बैंकले छिट्टै प्रतिशेयर एक सय रुपियाँका दरले २ अर्ब ९७ करोड ८५ लाख ३ हजार चार सय ३३ रुपियाँ बराबरको २ करोड ९७ लाख ८५ हजार ३४.३३ कित्ता शेयर शेयरधनीलाई निष्काशन गर्न लागेको मेगा बैंकका सीईओ अनिलकेशरी शाहले जानकारी दिनुभयो।

हकप्रद शेयर निस्कासन गरेपछि मेगा बैंकको चुक्ता पुँजी साढे ७ अर्बभन्दा बढी पुग्नेछ। यसैगरी चालू आर्थिक वर्षको मुनाफा र हकप्रद शेयरबाट चुक्ता पुँजी ८ अर्बभन्दा बढी पुग्ने बैंकले जनाएको छ।

मेगा बैंकको साधारण सभाले बोनस शेयरका लागि लाग्ने कर समेत गरी १३ दशमलव ९५ प्रतिशत लाभांश दिने निर्णय गरेको थियो। सोही अनुसार, मेगा बैंकका शेयरधनीले १३ दशमलव २५ प्रतिशत बोनस शेयर र त्यसको करका लागि प्रतिशेयर शून्य दशमलव ७० प्रतिशत नगद लाभांश प्राप्त गरिससकेका छन्।




" SOMEBODY "

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 7th July | Decenteez & Vaju [Vocal & Lyrics] | Hip Hop Basement | Fri [4-5 PM] |
| 10th July | Prajwal Shrestha N Roman Bajracharya [Compose & Arrange] | Fresh Hits | Mon [3-5 PM] |
| 12th July | Roman Bajracharya [Recordist] | U Say We Play | Wed [1-3 PM] |

▸ FROM 1ST JULY 2017

TODAY (2-3pm) in Fresh Hit @ TIMES FM 90. 6 MHz
for exclusive talks with the entire team.

90.6 Only tune on
times FM 90·6 MHz 'u deserve better'

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com




# जर्मनीले फाइनलमा चिलीसँग खेल्ने



लन्डन, (एजेन्सी)

रसियामा जारी फिफा कन्फेडेरेसन कपको फाइनलमा विश्वविजेता जर्मनीले स्थान पक्का गर्दै आइतबार कोपा अमेरिका विजेता चिलीसँग खेल्ने भएको छ।

प्रतियोगिता अन्तर्गत बिहीबार भएको दोस्रो सेमिफाइन खेलमा मेक्सिकोलाई ४-१ ले पराजित गर्दै जर्मनीले फाइनलमा स्थान सुरक्षित गर्‍यो। जर्मनीको जितमा लियोन गोरेट्जकाले दुई गोलको योगदान गरेका थिए। खेलको छैटौं मिनेटमा नै गोरेट्जकाले गोल गर्दै जर्मनीको खाता खोलेका थिए।

पहिलो गोल बेहोरेर सम्हालिन नपाउँदै मेक्सिकोले दोस्रो गोल पनि बेहोर्नुपर्‍यो। खेलको आठौं मिनेटमा गोरेट्जकाले मेक्सिकोका गोलरक्षकलाई बिट गर्दै व्यक्तिगत गोलसंख्या दुई पुर्‍याए। त्यसपछि भने मेक्सिकोले सुधारिएको खेल प्रस्तुत गर्दै मौकाहरु सिर्जना गरे पनि पहिलो हाफसम्म गोलबाट वञ्चित नै रहनुपर्‍यो।

खेलमा फर्कन प्रयासरत मेक्सिकोले दोस्रो हाफमा पनि कडा चुनौती प्रस्तुत गरेका थिए। तर थप गोल भने जर्मनीले नै गर्‍यो। खेलको ५९औं मिनेटमा टिमो वेर्नरले गोल गर्दै जर्मनीको गोलसंख्या तीन पुर्‍याए। यता गोलका लागि भौतारिरहेका मेक्सिकोले ८९औं मिनेटमा फ्रिकिक हान्ने अवसर प्राप्त गर्‍यो। करिब ३५ यार्डको दूरीबाट मार्के फाबियानले शक्तिशाली प्रहार गरेको उक्त बलले जर्मनीको गोलरक्षकलाई कुनै मौका नै नदिई जाली चुमेपछि खेलस्थिति ३-१ बनेको थियो। तर खेलमा थपिएको इंज्युरी समयको पहिलो मिनेटमा नै अमिन युनेसले गोल गरेपछि जर्मनीले खेल ४-१ ले आफ्नो पक्षमा पार्‍यो।

## धरहरा

### चुनाव र परिणाम ?



स्थानीय निकायको निर्वाचन सम्पन्न भएको भोलिपल्टबाट मतपरिणामका बारेमा विभिन्न मिडियामा आएको परिणामले धरहरालाई नै कन्फ्युज बनाएको छ। नेपालमा च्याउ उम्रेझैं उम्रेका मिडियाले दिएको तथ्याङ्कले कुन दल कहाँ अगाडि भन्ने विषयमा धरहरा अन्योलमा परेको हो।

मिडियाले सूचना दिएर जानकारी गराउने कि झन् भ्रम छर्ने होला ? भ्रम छर्ने त किन मेहनत गर्नुपर्ने होला ? कुरा नबुझेर धरहरा हैरान छ।

सबै मिडियामा आएका समाचार तुलना गर्ने हो भने त झन् पागल हुनुपर्ने अवस्था छ। जनताको आँखा मिडिया हुनुपर्नेमा झन् दिग्भ्रमित त पार्नु भएन नि होउ भनेर धरहरावरपर धेरैले गन्थन गरेको यसले पनि सुन्यो है पाठकबृन्द यहाँहरुको पनि केही भन्नु छ कि ?




# श्रीलंकामा जिम्बाबेको ऐतिहासिक जित

लन्डन, (एजेन्सी)

सोलोमन मिरेको मेडन वानडे सतकको सहयोगमा जिम्बाबेले श्रीलंकालाई उसकै भूमिमा ६ विकेटले पराजित गरेको छ।

२ टोलीबीचको ५ खेलको वानडे सिरिजअन्तर्गत पहिलो खेलमा श्रीलंकाले ३ सय १७ रनको विशाल लक्ष्य दिएको थियो। गालेको मैदानमा पाहुना टोली जिम्बाबेले १४ बल बाँकी राखेर ४ विकेटको क्षतिमा सो लक्ष्य भेटाएको थियो। योसँगै कुनै पनि टोलीले श्रीलंकामा ३ सय रनभन्दा बढीको लक्ष्य भेटाउनेमा जिम्बाबे पहिलो टोलीसमेत बन्यो। त्यस्तै जिम्बाबेले श्रीलंकालाई पहिलोपटक कुनै पनि फरम्याटमा हराएको छ।

जिम्बाबेको जितमा मिरले १ सय १४ रन बनाएका थिए। त्यस्तै उनलाई अर्को इन्डमा सहयोग गरेका सिन विलियम्सले ६५ रन जाडे। यसै गरी सिकन्दर राजाले पनि ६७ रन र माल्कोम वालरले ४० रनको योगदान दिएपछि जिम्बाबेले ऐतिहासिक जित हात पारेको थियो।

यसअघि श्रीलंकाले ५ विकेटको नोक्सानीमा ३ सय १६ रन जोड्दा कुशल मेन्डिसले सर्वाधिक ८० रन र उपुल थारंगाले ७९ रनको योगदान दिए। धनुसा गुणतिलकाले ६० रन बनाउँदा कप्तान एन्जेलो म्याथ्युजले ४० रन बनाएका थिए।

# गणेशमान स्मृति बक्सिंग हुने

नेपाल समाचारपत्र
काठमाण्डौ

योगस्टार क्लबको आयोजनामा दोस्रो वीर गणेशमान सिंह स्मृति राष्ट्रियस्तरको महिला तथा पुरुष खुल्ला बक्सिंग प्रतियोगिता २०७४ आयोजना हुने भएको छ।

नेपाल बक्सिंग संघको तत्वाधानमा हुने सो प्रतियोगिता आगामी असार ३१ देखि श्रावण ४ गते सम्म चल्ने आयोजकले बताएका छन्। लैनचौरस्थित टेबलटेनिस हलमा खेलाइने उक्त प्रतियोगितामा अधिराज्य भरिका करीब २ सय खेलाडीको सहभागिता रहने क्लबका अध्यक्ष मथुरा दास नेवाले जानकारी गराए।

प्रतियोगितामा पुरुषतर्फ ४९, ५२, ५६, ६०, ६४, ६९, ७५, ८१, ९१ र ९१ केजीभन्दा माथिको गरी दस वटा तौल समूहमा प्रतिस्पर्धा हुनेछ। यस्तै महिलातर्फ ४८, ५१, ५४, ५७, ६०, ६४, ६९ र ७५ केजी गरी आठ वटा तौल समूहमा भिडन्त हुनेछ। प्रतियोगितामा टिम च्याम्पियन हुने टोलीलाई ५० हजार रुपियाँ प्रदान गरिने आयोजकले बताएको छ।

# नेसनल कलेजलाई उपाधि



काठमाडौं, (नेस)

आयोजक नेसनल कलेजले सिल्भर माउन्टेन कलेजलाई हराएर नेसनल कप इ-प्लानेट अन्तर कलेज फुटसल प्रतियोगिताको उपाधि जितेको छ।

शुक्रबार सम्पन्न फाइनल खेलअन्तर्गत निर्धारित समय २-२ गोलको बराबरीमा सकिएपछि खेलको नतिजाका लागि पेनाल्टी सुटआउटसम्म कुर्नुपरेको थियो। टाइब्रेकरमा पनि ३-३ को बराबरी भएपछि विजेताको टुङ्गो सडेन डेथबाट भयो। सडेन डेथमा सिल्भर माउन्टेनले प्रहार गरेको पहिलो प्रहार नेसनलका गोलरक्षक ललित बस्नेतले उत्कृष्ट बचाउ गरेका थिए। त्यसपछि नेसनलका लागि मिलन बम ठकुरीले प्रहार गरेको बलले जाली चुम्दा पहिलो संस्करणको उपाधि आफ्नो पोल्टामा पार्‍यो।

खेलमा सिल्भर माउन्टेनले लिएको २-० को अग्रता जोगाउन नसक्दा उपाधि जित्न नसकेको थियो। पहिलो हाफमा विक्रान्त रानाले गोल गर्दै गोलअन्तर २-१ को स्थितिमा खुम्च्याए। खेल सकिन २ मिनेट बाँकी छँदा मिलन बमले उत्कृष्ट गोल गर्दै २-२ को बराबरीमा पुर्‍याएका थिए।

नेसनलले फाइनल प्रवेश गर्ने क्रममा नाथम कलेजलाई हराएको थियो भने सिल्भर माउन्टेनले एपेक्स कलेजलाई पाखा लगाएको थियो। उपाधिसहित नेसनल कलेजले नगद २५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र तथा सिल्भर माउन्टेनले १५ हजार नगद प्राप्त गरे। प्रतियोगिताका सर्वाधिक गोलकर्ता ११ गोलसहित नाथमका शितल गौतम भए। त्यस्तै उत्कृष्ट गोलरक्षक नेसनल कलेजका ललित बस्नेत घोषित भए।

# प्रेम र रोशन फाइनलमा

नेपाल समाचारपत्र
काठमाडौं

स्वयम्भुका प्रेमप्रसाद पुन र नेपाल आर्मी क्लबका रोशन नगरकोटी रुस्लान राजधानी आर्चरी च्याम्पियनसिपअन्तर्गत पुरुष रिकर्भतर्फ फाइनल पुगेका छन्।

१२औं सागका कांस्य विजेता प्रेमले कास्कीका असिम शेरचनलाई हराउँदा रोशनले स्वयम्भुका रमेश भट्टचनलाई समान ६-२ अंकको अन्तरले हराएका हुन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कर्भडहलमा जारी प्रतियोगिताको पुरुष कम्पाउन्डमा द बेस्ट आर्चरीका प्रजित अग्रवाल फाइनलमा प्रवेश गरे। प्रजितले राजधानीका विवेकसेन गुरुङलाई १३७-१३४ ले हराए। त्यसै गरी सुदूरपश्चिमाञ्चलका होमबहादुर थापा मगरले राजधानीका सनातन मल्ललाई १४०-१३६ ले हराउँदै अन्तिम दुईमा स्थान बनाएका छन्।



त्यस्तै स्ट्यान्डर्ड बो (मिक्स) इभेन्टमा आर्मीका पवन राई र बेस्ट आर्चरीकी ग्रिष्मा गुरुङले फाइनलमा स्थान पक्का गरे।

पुरुष खुला ट्रेडिसनलमा अन्नपूर्ण आर्चरी क्लबका राज पुर्जाले युनाइटेड मुस्ताङ क्लबका राजु गुरुङ तथा नेपाल छन्त्याल समाजका धर्मेन्द्र छन्त्यालले म्याग्दी मगर समाजका जितेन्द्र रोका मगरलाई समान ६-० ले निराश पार्दै फाइनल यात्रा तय गरे।

महिला रिकर्भको फाइनलमा राष्ट्रिय कीर्तिमानधारी आर्मीकी ज्ञानु अवाले र कास्कीकी रश्मी दर्लामी भिड्ने भएका छन्। ज्ञानुले कास्कीकी राज्यलक्ष्मी जोशीलाई ६-० ले हराइन्। रश्मीले आर्मीकी आइशा तामाङलाई ६-२ ले हराएका थिए।

प्रतियोगिता राजधानी न्युज पब्लिकेसनको १७ औं वार्षिक उत्सवको अवसरमा आयोजित भइरहेको हो।




आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिँ छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ